सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ जेठ २०८३, शुक्रबार (15 May 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

छानबिन आयोगले माग्यो उच्चपदस्थसँग सम्पत्ति विवरण

३० जेठभित्र बुझाउन आह्वान

उच्चपदस्थहरूको सम्पत्तिबारे उजुरी दिन पनि सार्वजनिक सूचना



सर्वोच्चका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी नेतृत्वको पाँच सदस्यीय आयोगको कार्यावधि एक वर्ष तोकिएको छ। पालिका अध्यक्षदेखि प्रधानमन्त्रीसम्म, उपसचिवदेखि माथिका कर्मचारी र उच्चपदस्थका पिएसम्म सार्वजनिक पदमा रहेका वा पदबाट सेवानिवृत्त भएका वा हटिसकेका गरी १६ समूह बनाएर आयोगले ३० दिनभित्र सम्पत्ति विवरण बुझाउन बिहीबार सूचना जारी गरेको छ। पहिलो चरणमा ०६२/६३ देखि ०८२/८३ चैत मसान्तसम्म सार्वजनिक पदधारण गरेका र उक्त अवधिमा बहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भइसकेकाको सम्पत्ति छानबिन गर्नेछ।

१ तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायकमन्त्री

२ तत्कालीन संसद् सदस्य, व्यवस्थापिकाका रूपमा कार्य गर्ने संविधानसभाका सदस्य

३ नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्वन्यायाधीशहरू तथा नेपाली सेनाको सेवानिवृत्त राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका अधिकृतहरू

४ प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री

५ प्रदेश सभाका सदस्य तथा पदाधिकारी, महान्यायाधिवक्ता र मुख्य महान्यायाधिवक्ता

६ साबिकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी

७ स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष

८ नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी

९ राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिको पदका निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी

१० कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवाको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहका कर्मचारी

११ कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहका कर्मचारी

१२ नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक, राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी

१३ प्रचलित कानुनबमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी

१४ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी

१५ नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतष्ठानलगायत निकायका पदाधिकारी र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी

१६ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकारका मन्त्री वा प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायक मन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्तै पदमा रहेका व्यक्तिका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव

सुवास भट्ट / नयाँ पत्रिका

गठन भएको एक महिनापछि सम्पत्ति छानबिन आयोगले काम थालेको छ। राजनीतिक र प्रशासनिक पदाधिकारीसँग परिवारका सदस्यसमेतको नाममा स्वदेशदेखि विदेशसम्म रहेको सम्पत्तिको विवरण मागेर छानबिन प्रक्रियामा प्रवेश गरेको हो।

पालिका अध्यक्षदेखि प्रधानमन्त्रीसम्म, उपसचिव र सोभन्दा उच्च पदका कर्मचारीदेखि उच्चपदस्थका पिएसम्म सार्वजनिक पदमा रहेका वा पदबाट सेवानिवृत्त भएका वा हटिसकेका गरी १६ समूह बनाएर सम्पत्ति विवरण मागेको छ। आयोगले बिहीबार गोरखापत्रमा सूचना प्रकाशित गर्दै ३० दिनभित्र आयोगमा आफैं वा आफ्नो प्रतिनिधि, हुलाकमार्फत वा आयोगको इमेल ठेगानामा सम्पत्ति विवरण दाखिला गर्न भनेको छ। पहिलो चरणअन्तर्गत पदाधिकारीहरूलाई सम्पत्ति विवरण पेस गर्न भनेको आयोगले उनीहरूको सम्पत्तिबारे उजुरी दिन पनि सार्वजनिक आह्वान गरेको छ।

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा २ वैशाखको मन्त्रिपरिषद्ले सम्पत्ति छानबिन आयोग गठन गरेको थियो। आयोगमा तत्कालीन पुनरावेदन अदालत (हाल उच्च)का पूर्वमुख्य न्यायाधीश पुरुषोत्तम पराजुली, सर्वोच्चकै पूर्वन्यायाधीश चण्डीराज ढकाल, नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल सदस्य छन्।

» पृष्ठ २ मा क्रमशः

विपक्षीको विरोध र बहिष्कारबिच सरकारको नीति तथा कार्यक्रम पारित

प्रधानमन्त्रीको जवाफ खोज्दै प्रतिनिधिसभामा निरन्तर विरोध गरेको कांग्रेस र बैठक नै बहिष्कार गरेको नेकपाले राष्ट्रिय सभामा समर्थन गरेपछि भने दुवै सदनबाट बहुमतले पारित भयो नीति तथा कार्यक्रम



कांग्रेसको निरन्तरको विरोध तथा एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाको बहिष्कारका बाबजुद सरकारको नीति तथा कार्यक्रम प्रतिनिधिसभाबाट पारित गरिएको छ। तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

कमलराज भट्ट / नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन संसद्मै अनुपस्थित भएपछि सरकारको नीति तथा कार्यक्रम विपक्षी दलहरूको विरोध र बहिष्कारबिच पारित भएको छ। प्रतिनिधिसभामा कांग्रेसको निरन्तरको विरोध तथा एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले बहिष्कारका बाबजुद पारित नीति तथा कार्यक्रम राष्ट्रिय सभामा भने कांग्रेस र नेकपाले नै समर्थन गरेपछि बहुमतबाट पारित भएको छ।

नीति तथा कार्यक्रम पारित गर्दा प्रमुख प्रतिपक्षी कांग्रेसका सांसदले प्रधानमन्त्रीको उपस्थिति र जवाफ

» पृष्ठ २ मा क्रमशः

● **अभिषेकप्रताप शाह,** कांग्रेस



नेपालको इतिहासमा हुँदै नभएको काम प्रधानमन्त्रीले गरे। छलफलका लागि प्रस्तुत गरेपछि जवाफ दिन प्रधानमन्त्री आउनुपर्थ्यो। संसद्लाई मौन बनाइयो। कांग्रेसको आधिकारिक धारणा आउँछ।

● **युवराज दुलाल,** प्रमुख सचेतक, नेकपा



नीति तथा कार्यक्रममा छलफल हुँदा, सांसदले माग गर्दा उपस्थिति नहुनु अलोकतान्त्रिक मात्रै होइन, सरकार संविधानभन्दा माथि हो भन्ने व्यवहार प्रधानमन्त्रीले देखाउनुभयो। प्रधानमन्त्री संसद्प्रति जवाफदेही हुनुपर्छ।

● **ऐन महर,** प्रमुख सचेतक, एमाले



नीति तथा कार्यक्रम पारित विधि, पद्धति र प्रक्रियाअनुसार भएन। प्रधानमन्त्रीको उपस्थिति र जवाफविना नीति कार्यक्रम पारित गर्नु अलोकतान्त्रिक भयो। उहाँले संसद्लाई उपेक्षा गर्नुभयो, यो राम्रो भएन।

● **ज्ञानेन्द्र शाही,** दलका नेता, राप्रपा



बालेन शाह २० वर्ष प्रधानमन्त्री बन्ने होइन। प्रधानमन्त्रीले संसद् छल्ने परम्परा हुने हो भने भावी प्रधानमन्त्रीले पनि त्यसै गर्‍यो भने देशको प्रजातन्त्र कहाँ जान्छ ? यो रास्वपाले प्रजातन्त्र मासेको घटना हो।

■ नीति तथा कार्यक्रमको छलफलमा प्रधानमन्त्रीले जवाफ नदिएको इतिहास छैन : सूर्यकिरण गुरुङ



संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङले प्रधानमन्त्रीले नीति तथा कार्यक्रमको छलफलमा भाग नलिएको र छलफलमा उठेका प्रश्नको जवाफ नदिएको इतिहास नभएको बताएका छन्। प्रधानमन्त्रीले छलफलमा भाग लिने र प्रश्नको जवाफ दिने अन्तर्राष्ट्रिय प्रचलन नै भएको उनको भनाइ छ। 'प्रधानमन्त्रीले जवाफ नदिएको इतिहास छैन। किनकि नीति तथा कार्यक्रम सरकारको हो नि त। कुनै मन्त्रालय विशेषको त होइन नि, मन्त्रीले गएर जवाफ दिए पनि हुने। नेपाल सरकारको नीति भएकाले एउटा मन्त्रीको जिम्मेवारी नभएर प्रधानमन्त्रीकै जिम्मेवारी हो, यो प्रचलन अन्तर्राष्ट्रिय नै हो,' उनले भने। गुरुङले २०१५ होस् कि २०४८ पछिका हरेक वार्षिक नीति तथा कार्यक्रममा प्रधानमन्त्रीले नै जवाफ दिएको बताए। 'प्रधानमन्त्री संसद्प्रति सामूहिक रूपमा जवाफदेही हुन्छ। प्रधानमन्त्रीको विश्वास र अविश्वास प्रस्ताव त्यहीँबाट हुन्छ, नियुक्ति हुने पनि त्यहीँबाट हो,' उनले भने, 'अहिले प्रधानमन्त्रीले संसदीय अभ्यासलाई हल्का रूपमा लिएर बेवास्ता गरेको देखियो। आफ्नो जिम्मेवारी निर्वाह नगर्नु गलत हो।'

राष्ट्रिय सभामा देखियो कांग्रेस र नेकपाको जिम्मेवार प्रतिपक्षी भूमिका

प्रमुख प्रतिपक्षी कांग्रेस र नेकपाले प्रतिनिधिसभामा प्रधानमन्त्रीको उपस्थिति र छलफलमा उठेका प्रश्नको जवाफ खोजिरहे। यो लोकतान्त्रिक नै अभ्यास हो। उनीहरूको विरोधले प्रतिनिधिसभाबाट नीति तथा कार्यक्रम पारित हुन रोकिएन। किनभने सत्तारूढ रास्वपाको सिट पारितका लागि पर्याप्त थियो। तर, नीति तथा कार्यक्रम राष्ट्रिय सभाबाट पनि पारित हुनुपर्छ। जबकि राष्ट्रिय सभामा रास्वपाको उपस्थिति नै छैन। जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्दै कांग्रेस र नेकपाले सरकारको नीति तथा कार्यक्रमलाई राष्ट्रिय सभाबाट बहुमतले पारित गरिदए।

कूटनीतिक नियोग पुनर्संरचना र राजदूत नियुक्तिमा ढिलाइ

१७ कूटनीतिक नियोग नेतृत्वविहीन, नियुक्तिका विषयमा परराष्ट्र मन्त्रालय नै अलमलमा

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



फैसलाको १४ वर्षपछि खुमबहादुरको जग्गा जफत

नयाँ पत्रिका

■ **भ्रष्टाचारबाट आर्जित कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काको सानेपास्थित डेढ रोपनीभन्दा धेरै जग्गा र त्यसमा बनेको घर जफत गर्न सर्वोच्चले ०६९ मै दिएको थियो आदेश**

दिवंगत कांग्रेस नेता खुमबहादुर खड्काले भ्रष्टाचारबाट आर्जन गरेको डेढ रोपनी जग्गा अदालतको फैसलाको १४ वर्षपछि जफत भएको छ। गृह मन्त्रालयअन्तर्गतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले गत २ वैशाखमा खड्काको ललितपुरको सानेपास्थित एक रोपनी ६ आना एक पैसा एक दाम जग्गा सरकारको नाममा ल्याएको हो।




स्व. खड्का

सर्वोच्च अदालतले ३० साउन ०६९ मै फैसला गर्दै खड्काको सानेपामा रहेकोसहित जग्गा भ्रष्टाचारबाट आर्जन गरेको ठहर गरी जफतको फैसला गरेको थियो। जफतको फैसला भएकोमध्ये २४९ नम्बरको कित्तामा पर्ने जग्गा मालपोत कार्यालयबाट सरकारको

» पृष्ठ २ मा क्रमशः



● गृह मन्त्रालयअन्तर्गतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले गत २ वैशाखमा खड्काको सानेपास्थित एक रोपनी ६ आना एक पैसा एक दाम जग्गा सरकारको नाममा ल्याएको छ। 'सर्वोच्चको फैसलाअनुसार खुमबहादुर खड्काको एउटा कित्ता जग्गा हाम्रो नाममा ल्याइएको छ,' कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका निर्देशक सुभाष न्यौपानेले भने, 'बाँकी पनि कार्यान्वयनकै प्रक्रियामा छौं।'



बागमतीमा हिउँदे अधिवेशन अन्त्य गर्ने सिफारिस

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले प्रदेश सभाको चालू हिउँदे अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले १ जेठ राति ११:५९ बजेदेखि अधिवेशन अन्त्य गर्ने सिफारिस गर्ने निर्णय गरेको हो।

सरकारका प्रवक्ता तथा आर्थिक मामिला एवं योजनामन्त्री प्रभात तामाङका अनुसार नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश प्रमुख दीपकप्रसाद देवकोटासमक्ष अधिवेशन अन्त्यका लागि सिफारिस गरिएको हो। प्रदेश सरकार आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणको तयारीमा रहेकाले हिउँदे अधिवेशन अन्त्य गरेर जेठ महिनादेखि प्रि-बजेट छलफल सुरु गर्ने तयारी गरिएको उनले बताए।

प्रदेश सरकारको सिफारिसपछि प्रदेश प्रमुखले अधिवेशन अन्त्यको औपचारिक घोषणा गर्ने संवैधानिक व्यवस्था छ। सरकार आगामी बजेट अधिवेशनलाई लक्षित गर्दै प्रशासनिक तथा नीतिगत तयारीमा जुटेको जनाएको छ।

यस्तै, मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेश निजामती सेवा नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय पनि गरेको छ। प्रदेश निजामती ऐन, २०७९ जारी भए पनि लामो समयसम्म नियमावली नबन्दा कर्मचारी व्यवस्थापन र प्रशासनिक कार्यसम्पादनमा अन्योल देखिँदै आएको थियो। सरकारले अब उक्त प्रक्रिया टुंगो लगाएको मन्त्री तामाङले जानकारी दिए।

मन्त्रिपरिषद् बैठकले स्वास्थ्य मन्त्रालयको प्रस्तावमा हाल काभ्रेपलाञ्चोकमा रहेको स्वास्थ्य तालिम केन्द्रलाई हेटौँडामा स्थानान्तरण गर्ने निर्णय गरिएको छ। प्रदेशस्तरीय स्वास्थ्य सेवा तथा तालिम व्यवस्थापनलाई प्रभावकारी बनाउन उक्त निर्णय गरिएको सरकारको भनाइ छ। मन्त्रिपरिषद्ले वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा वातावरण संरक्षण ऐन संशोधन विधेयक प्रदेश सभामा पठाउनुअघि मन्त्रिपरिषद्को समितिमा पठाउने निर्णय गरेको छ। त्यसैगरी सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश उच्च शिक्षा ऐन, २०७८ संशोधन गर्न बनेको विधेयक पनि थप अध्ययन तथा छलफलका लागि मन्त्रिपरिषद्को समितिमा पठाइएको प्रवक्ता तामाङले बताए।

मनसुनमा २ लाख २६ हजार जनसंख्या प्रभावित हुने आकलन



विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बिहीबार बसेको बैठक

बाढीपहिरोबाट कुन प्रदेश कति जोखिममा ?

	प्रभावित हुन सक्ने घरपरिवार	प्रभावित हुन सक्ने जनसंख्या
कोशी	८ हजार ८६४	३८ हजार ७३६
मधेश	८ हजार ९२	३५ हजार ३६१
बागमती	७ हजार ५२८	३२ हजार ८९७
गण्डकी	४ हजार ९५२	२१ हजार ६४१
लुम्बिनी	११ हजार ८१४	५१ हजार ६२६
कर्णाली	३ हजार १५	१३ हजार १७५
सुदूरपश्चिम	७ हजार ६०३	३३ हजार २२७
जम्मा	**५१ हजार ८६८**	**२ लाख २६ हजार १६१**

काठमाडौं/ सरकारले यस वर्षको मनसुनी अवधिमा बाढीपहिरोसहितका विपत्बाट दुई लाख २६ हजार नागरिक प्रभावित हुने आकलन गरेको छ। पूर्वाधार विकासमन्त्री सुनील लम्सालको अध्यक्षतामा बिहीबार सिंहदरबारमा बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ स्वीकृत गरेको हो। स्वीकृत कार्ययोजनाअनुसार ५१ हजार ६८६ घरपरिवारका दुई लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने आकलन रहेको प्राधिकरणका सहसचिव अमृत श्रेष्ठले बताए। 'यसअघिका बर्खामा क्षतिको विवरण र जोखिम हेरेर क्षति बढ्ने आकलन गरेका हौँ,' श्रेष्ठले भने, 'पूर्वतयारी थाल्न र घटना भइहाले उद्धार, राहत र पुनर्स्थापनामा जोड दिने निर्णय कार्यकारी समितिले गरेको छ।'

कार्ययोजनाअनुसार प्रभावित जनसंख्यामध्ये १० प्रतिशत अर्थात् कम्तीमा दुई लाख प्रत्यक्ष प्रभावित हुन सक्छन्, जसलाई उद्धार तथा राहत उपलब्ध गराउनुपर्ने हुन सक्नेछ।

यस वर्ष मनसुनमा कम वर्षा हुने आकलन जल तथा मौसम विज्ञान विभागले गरेपछि प्राधिकरणले विपत्बाट प्रभावित हुनेको जनसंख्या पनि घट्ने आकलन गरेको हो। तर, बर्खामा बाढीपहिरो, चट्याङलगायत घटनाको जोखिम भने रहन्छ। बैठकले खोज तथा उद्धार टोली गठन तथा परिचालनसम्बन्धी मापदण्ड, २०८३ परिमार्जनसहित स्वीकृत गरेको छ। यसले विपत् हुनेबित्तिकै सरकारी संयन्त्रहरू स्वतः परिचालित हुने गरी कानुनी बाटो खोलेको प्राधिकरणले जनाएको छ। साथै, विपत्को समयमा गरिने अभ्यासलाई प्रभावकारी र एकरूपता दिन कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३ पनि स्वीकृत गरिएको छ।

पञ्चदेवल पुग्यो सुदूरपश्चिम चिनाउने अभियानको टोली



धनगढी/ 'हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं' अभियानको टोली बिहीबार अछामको पञ्चदेवल विनायक नगपालिकास्थित ऐतिहासिक पञ्चदेवल पुगेको छ। विक्रम संवत १३३७ मा तत्कालीन राजा अक्षय मल्लले निर्माण गरेको पाँचवटा देवल र यसमा लेखिएको शिलालेख नेपालकै पुरानो शिलालेखमध्ये पर्छ।

टोलीको नेतृत्व गरेका धनगढी उपमहानगरपालिका मेयर गोपाल हमालले ऐतिहासिक स्थल पञ्चदेवलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने उद्देश्यले आफूहरू आएको बताए। यसको शिलालेखमा सामाजिक शान्ति एकता र भातृत्वका लागि देवल निर्माण गरिएको लेखिएको स्थानीय भरत अधिकारीले बताए। पाँचवटा देवालमध्ये एउटा आधा भत्किएको अवस्थामा छ। नेपाली भाषाको सबैभन्दा पुरानो दैलेखको दुल्लुपछिको पुरानोमध्ये यो शिलालेख पनि रहेको स्थानीय हरिभक्त बजगाईंले बताए।

धनगढी उपमहानगरले 'हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं' अभियान थालेर पर्यटकीय गन्तव्य भ्रमण गरिरहेको हो। अभियानअन्तर्गत धनगढीका जनप्रतिनिधि, पर्यटन व्यावसायीलगायतको टोलीले हालै हिमाली पदयात्राको प्रमुख पर्यटकीय गन्तव्य अपिहिमाल पुगेको थियो। टोली अहिले पञ्चदेवल, रामारोशन र साइपाल वेश क्याम्पको यात्रामा छ। सुदूरपश्चिमका पर्यटकिय गन्तव्यको प्रचारप्रसार गरेर पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने उद्देश्यले धनगढी उपमहानगरले अभियान सुरु गरेको मेयर हमालले बताए।

छानबिन...

पृष्ठ १ बाट क्रमशः

आयोगले श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री, तत्कालीन संसद् सदस्य, व्यवस्थापिकाको रूपमा कार्य गर्ने संविधानसभाका सदस्य, ०४७, ०६३ र हालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्वन्यायाधीशहरू तथा नेपाली सेनाको सेवा निवृत्त राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र सोभन्दा माथिका अधिकृतहरूसँग विवरण मागेको हो। त्यस्तै, प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायकमन्त्री, प्रदेश सभाका सदस्य तथा पदाधिकारीको पनि सम्पत्ति विवरण मागेको छ। आयोगका अनुसार महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता, साबिकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष, नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारीले पनि सम्पत्ति विवरण बुझाउनुपर्छ। त्यस्तै, राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र सोभन्दा माथिको पदका निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीलाई पनि विवरण बुझाउन बनेको छ। यो दायरामा कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवाको राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) वा सोसरहका कर्मचारी, कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहको कर्मचारी, नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छन्।

सम्पत्ति विवरण पेस गर्न भनिएकामा प्रचलित कानुनबमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छन्। त्यस्तै, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिको कर्मचारी, नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठानलगायतका निकायका पदाधिकारी र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छन्। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकारका मन्त्री वा प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायक मन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्ते पदमा रहेका व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक वा सुविधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त भई काम गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारीबाट पनि सम्पत्ति विवरण आयोगले मागेको छ।

पदाधिकारीहरूको पैतृक तथा आफ्नो पालामा आर्जित चल, अचल सम्पत्ति र त्यसका स्रोतहरू (तलब, भत्ता, विदेश भ्रमण, घरजग्गा, सेयर कारोबार, वित्तीय संस्थाबाट लिएको ऋण, कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा विप्रेषणलगायतबाट प्राप्त आय तथा व्यय) र त्यो पुष्टि हुने कागजात आयोगबाट निर्धारित सम्पत्ति विवरण फारामसाथ पेस गर्न भनेको छ। सरकारको निर्णयबमोजिम 'सम्पत्ति छानबिन आयोग, २०८३ गठन तथा कार्यसम्पादनको सर्त' राजपत्रमा प्रकाशन गरेर आयोगले काम थालेको हो।

कुनै पदाधिकारी वा कर्मचारी ०४८ देखि ०६२/६३ पछि पनि सेवामा कार्यरत रहेको वा सो अवधिपछि सेवाबाट अवकाश पाएको भए पनि एकपटक सम्पत्तिको विवरण पेस गर्नुपर्ने सूचनामा उल्लेख छ। सम्पत्ति विवरणको फारम आयोगले वेबसाइटमा सार्वजनिक गरेको छ। त्यसैको ढाँचाबमोजिम फारम भरेर बुझाउन भनिएको छ। जानीजानी अपूर्ण वा झुट्टा बेहोराको सम्पत्ति विवरण भरी बुझाउने वा तोकिएको अवधिभित्र सम्पत्तिको विवरण नै नबुझाउनेहरूका हकमा कानुनबमोजिम हुने व्यहोरासमेत सूचित गरिएको छ। एक वर्ष कार्यावधि तोकिएको आयोगले पहिलो चरणमा ०६२/६३ देखि ०८२/८३ चैत मसान्तसम्म सार्वजनिक पदधारण गरेका र उक्त अवधिमा बहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भइसकेकाको सम्पत्ति छानबिन गर्नेछ।

आयोगको दायरामा परेकाहरूको सम्पत्तिबारे सर्वसाधारणले सूचना दिन सक्ने

आयोगले छानबिनको दायरामा पर्ने पदाधिकारीको सम्पत्तिबारे उजुरीका लागिसमेत आह्वान गरेको छ। यस्तो सूचना गोरखापत्रमै प्रकाशित गरिएको छ। कुनै पदाधिकारीको सम्पत्तिबारे जोकोही सर्वसाधारणले आफूसँग भएको सूचना दिन सक्नेछन्। 'स्वतः छानबिनको सूचीमा पर्ने वा सो सूचीमा नपर्ने अन्य जुनसुकै सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी तथा कर्मचारीले अस्वाभाविक किसिमले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति आफू र आफ्ना परिवारका सदस्य वा आफन्त वा नाता सम्बन्ध नै नपर्ने अन्य व्यक्तिका नाममा स्वदेश तथा विदेशमा राखेको भन्ने कुराको कुनै सूचना, जानकारी वा प्रमाण भएमा उपलब्ध भएसम्मका प्रमाणसमेत उल्लेख गरी कार्यालय समयमा सम्भव भएसम्म त्यस्ता व्यक्तिको सम्पर्क नं. तथा इमेल ठेगानासहितको विवरण जोसुकैले आफ्नो नाम, ठेगाना, सम्पर्क नंसमेत खुलाई यस आयोगमा स्वयं उपस्थित भई वा हुलाकमार्फत वा आयोगको इमेल ठेगानामा उजुर गर्न सकिनेछ,' आयोगको सूचनामा उल्लेख छ। यस्ता उजुरीकर्ताको नाम, थर र वतनसमेतको विवरण आयोगमा गोप्य रहने आयोगले सूचनामै जनाएको छ।

विपक्षीको...

पृष्ठ १ बाट क्रमशः

खोज्दै निरन्तर उठेर विरोध गरेका थिए। अन्य विपक्षी एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले बैठक नै बहिष्कार गरेका थिए। विपक्षीको विरोध र बहिष्कारबिच सभामुख डोलप्रसाद अर्यालले नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गरेका थिए। सत्ता पक्षले 'हुन्छ' भनेको थियो भने विपक्षी विरोधमा उभिएकाले मौन बस्यो। सभामुख अर्यालले 'हुन्न' भन्ने आवाज नसुनिएको भन्दै नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको घोषणा गरे। प्रतिनिधिसभामा सर्वसम्मत पारित नीति तथा कार्यक्रमलाई राष्ट्रिय सभामा भने कांग्रेस र नेकपाले समर्थन गरिदिएका थिए। जसकारण राष्ट्रिय सभामा पनि बहुमतबाट पारित भयो।

प्रधानमन्त्रीको उपस्थितिलाई लिएर बुधबार दिनभर प्रतिनिधिसभा बैठक चल्न सकेको थिएन। सत्तापक्षले प्रतिनिधिसभा नियमावलीको नियम ३८ (३) अनुसार प्रधानमन्त्रीको अनुपस्थितिमा तोकेको मन्त्रीले जवाफ दिने भन्दै बचाउ गरेको थियो। विपक्षीले भने संविधानको धारा ७६ (१०) अनुसार प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसद्प्रति उत्तरदायी हुने भन्दै नीति तथा कार्यक्रमको छलफलमा प्रधानमन्त्री उपस्थित भएर जवाफ दिनुपर्ने अडान लिएको थियो। बुधबारै छलफल सकाएर पारित गर्ने कार्यसूचीमा रहेको नीति तथा कार्यक्रम विपक्षीको अडानले तीनपटकसम्म बैठक बस्दै स्थगित भएको थियो।

त्यसपछि बिहीबारका लागि बैठक सारेका सभामुखले प्रधानमन्त्रीसँग संसद्को अवरोधबारे संवाद गर्ने जानकारी गराएका थिए। तर, प्रधानमन्त्री बालेनले आफूले मन्त्री तोकेरै पठाएको लिखित जानकारी सदनलाई पठाउँदै आफू उपस्थिति नहुने स्पष्ट पारेका थिए। बिहान ११ बजे बसेको बैठकमा विपक्षी दलहरू बुधबार 'नीति तथा कार्यक्रममाथि छलफल गरियोस्' भनी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गरेको प्रस्तावमा छलफल गर्न तयार भए। तर, जवाफ दिन प्रधानमन्त्री नै आउनुपर्ने सर्त राखे।

विपक्षी तयार भएपछि नीति तथा कार्यक्रममा सौहार्दपूर्ण तरिकाले छलफल अगाडि बढ्यो। सुरुमा संशोधन राखेका ३५ सांसदले आफ्नो धारणा राखे। त्यसपछि दलीय आधारमा सांसदहरूले नीति तथा कार्यक्रममाथि सुझाव राखे। सांसदहरूले बोल्ने क्रम सकिएपछि सभामुख अर्यालले उठेका प्रश्नको जवाफ दिन प्रधानमन्त्रीका तर्फबाट अर्थमन्त्री वाग्लेलाई बोलाए। सबै विपक्षी दलका सांसदले उठेर विरोध गरे। उनीहरूले प्रधानमन्त्री नै चाहिने, नआएसम्म अवरोध गर्ने जानकारी गराए। सभामुख अर्यालले नीति तथा कार्यक्रममा छलफल गरिसकेकाले अब जवाफमा जानुपर्ने र सदनको कार्यसूचीमै प्रधानमन्त्रीका तर्फबाट अर्थमन्त्रीले नै जवाफ दिने उल्लेख गरेकाले बसिदिन अनुरोध गरे। तर, विपक्षी दलहरूले प्रधानमन्त्री नै चाहिने अडान लिए।

कांग्रेस प्रमुख सचेतक बासना थापाले नीति तथा कार्यक्रममा प्रधानमन्त्री उपस्थिति नहुनु सदन र सभामुखको गरिमाकै अपमान भन्दै उठेका प्रश्नको जवाफ दिनका लागि रुलिङ गरेर बोलाउन माग गरिन्। प्रधानमन्त्री उपस्थित नहुँदासम्म अवरोध रहिरहने उनले बताइन्। कांग्रेस सांसद अभिषेकप्रताप शाहले प्रधानमन्त्रीले 'बालेन पथ'को अभ्यास गरेकाले यो लामो समय नचल्ने चेतावनी दिए। 'नेपालको इतिहासमा हुँदै नभएको काम प्रधानमन्त्रीले गरे। छलफलका लागि प्रस्तुत गरेपछि जवाफ दिन प्रधानमन्त्री आउनुपर्थ्यो,' उनले भने, 'संसद्लाई मौन बनाइयो। कांग्रेसको आधिकारिक धारणा आउँछ।'

त्यस्तै, बैठकमा एमाले प्रमुख सचेतक ऐन महरले संसद्लाई छल्ने नियत मान्ने नहुने भन्दै जवाफ दिने वेला प्रधानमन्त्री आउनैपर्ने माग गरेका थिए। प्रधानमन्त्रीको उपस्थिति र जवाफविना नीति तथा कार्यक्रम पारित गर्नु अलोकतान्त्रिक भएको बताए। 'नीति तथा कार्यक्रम पारित विधि, पद्धति र प्रक्रियाअनुसार भएन। प्रधानमन्त्रीले संसद्लाई उपेक्षा गर्नुभयो, यो राम्रो भएन,' उनले भने।

त्यस्तै, नेकपा प्रमुख सचेतक युवराज दुलालले पनि सभामा प्रधानमन्त्रीको उपस्थिति सबै नेपालीले खोजेको भन्दै नआए संसद्लाई अगाडि बढ्न नदिने चेतावनी दिएका थिए। बैठकपछि उनले भने, 'संवैधानिक व्यवस्थाअनुसार प्रधानमन्त्री संसद्प्रति जवाफदेही हुनुपर्छ। नीति तथा कार्यक्रममा छलफल हुँदा, जवाफ दिँदा, सांसदले माग गर्दा प्रधानमन्त्री उपस्थिति नहुनु अलोकतान्त्रिक मात्रै होइन, सरकार संविधानभन्दा माथि हो भन्ने व्यवहार प्रधानमन्त्रीले देखाउनुभयो।'

त्यस्तै, श्रम संस्कृतिका महासचिव आरेन राईले कम्तीमा १० मिनेट भए पनि आएर प्रधानमन्त्रीले जवाफ दिनुपर्ने रुलिङ गर्न माग गरेका थिए। नभए सदन चल्न नदिने र बहिष्कार गर्ने चेतावनी दिएका थिए।

राप्रपा संसदीय दलका नेता ज्ञानबहादुर शाहीले पनि इतिहासमै पहिलोपटक नीति तथा कार्यक्रममा प्रधानमन्त्रीले जवाफ नदिने घटना भइरहेको टिप्पणी गरे। 'बालेन शाह २० वर्ष प्रधानमन्त्री बन्ने होइन। प्रधानमन्त्रीले संसद् छल्ने परम्परा हुने हो भने भावी प्रधानमन्त्रीले पनि त्यसै गर्‍यो भने देशको प्रजातन्त्र कहाँ जान्छ ?' उनले भने, 'यो स्पष्ट रूपमा रास्वपाले प्रजातन्त्र मासेको घटना हो। यो रास्वपाकै लागि घातक हुन्छ।'

विधिअनुसारै मन्त्रीबाट जवाफ लिन लागेको भन्दै सभामुख अर्यालले विपक्षी सांसदहरूलाई बस्न अनुरोध गरे। तर, विपक्षीहरूले नमानेपछि करिब नौ घण्टा चलेको बैठक १५ मिनेटका लागि स्थगित गरे। झन्डै आधा घण्टापछि अर्को बैठक सुरु भयो। सभामुखले अर्थमन्त्री वाग्लेलाई जवाफ दिन समय दिए। विपक्षी सांसदले टेबुल ठेकेर विरोध जनाए। अर्थमन्त्रीले रोस्ट्रमबाट जवाफ दिन सुरु गरे, नीति तथा कार्यक्रमको छलफलमा सांसदहरूले उठाएको विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको र सुझावहरूलाई बजेटमा समावेश गर्ने प्रतिबद्धता जनाए। वाग्ले बोल्दै गर्दा श्रम संस्कृतिका सांसद बैठक बहिष्कार गरेर निस्किए। त्यसपछि नेकपा र राप्रपाका सांसद पनि निस्किए। अर्थमन्त्रीको जवाफपछि एमाले सांसदहरू पनि निस्किएका थिए।

अर्थमन्त्रीले जवाफ सकाएपछि सभामुखले ३५ संशोधन प्रस्ताव निर्णयार्थ प्रस्तुत गरे। विपक्षी दलहरूले प्रतिनिधिसभामा यी संशोधन प्रस्ताव राखेका थिए। दुईतिहाइनजिक सिट रहेको सत्तारूढ रास्वपाको बलमा सबै प्रस्ताव बहुमतले अस्वीकृत भए। कांग्रेस सांसद उभिएर विरोध गरिरहे। सभामुखले नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गरे। सत्तापक्षले समर्थन जनायो। विपक्षी विरोधमा उभिरह्यो। सभामुखले सर्वसम्मतिले पारित भएको घोषणा गरिदिए।

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड
MOUNT EVEREST POWER DEVELOPMENT LIMITED
रजिष्टर्ड कार्यालय : महालक्ष्मीस्थान वडा नं. १५, ललितपुर, नेपाल। फोन नं.: +९७७-१-५४२७४६९
Email: mounteverestpower@gmail.com Website: www.mounteveresthydro.com

वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुको लागि निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडले आफ्नो जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) को ३० प्रतिशत अर्थात रु.२५,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका कूल २५,८०,००० कित्ता साधारण शेयर प्राथमिक सार्वजनिक निष्काशनको लागि छुट्टाइएको र सो मध्ये जारी पूँजीको २० प्रतिशत अर्थात १,७२०,००० कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात १,७२,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि मिति २०८३ बैशाख १७ गते बिहीबारदेखि मिति २०८३ बैशाख २३ गते बुधबारसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिमा रितपूर्वक आवेदन दिनुहुने आवेदनहरु मध्ये १७,२०० जना आवेदकहरुलाई १,७२,००० कित्ता शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ बमोजिम मिति २०८३ बैशाख ३१ गते बिहीबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं।

वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुको लागि निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेडको Website: www.nimbacecapital.com अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित Website: iporesult.cdsc.com/meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै, यस निष्काशन कार्यमा सहयोग तथा सदभाव प्रदान गर्नुहुने सम्पूर्ण वैदेशिक रोजगारीमा रहिरहेका लगानीकर्ता आवेदकहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिनुहुने आवेदकहरुको हकमा बाँडफाँडमा नपरेको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु मार्फत रोक्का रहेको रकम फुकुवा हुने व्यहोरा समेत सर्वसाधारणको जानकारीको लागि अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-५९७१२३३, ४००५०८०, ४००५१५७
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

Nepal Automobile Importers and Manufacturers Association (NAIMA)
NAIMA Empowering Growth Through Mobility
Address: SAN Complex- 1st Floor, Kamalpokhari, Kathmandu, Nepal | Contact Number: +977-1-4534079 | E-mail: info@naimanepal.org | www.naimanepal.org
सवारी तथा ढुवानी साधन आयात गर्ने कम्पनीहरूको अधिकतम खुद्रा मूल्य (MRP) सूची
MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES

Distributor's Name: **VAIDYA ENERGY PVT. LTD.**
Address: VOITH Complex, Dhumbarahi, Kathmandu | Contact Number: 4008801-5
EXIM Code: 6068467010148NP | VAT No: 606846701
ATHER

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Electric Scooter	SCOOTER	ATHER	450X HR	Peak Motor Power 6.4 kW , Rated Motor Power 3.3kW, Battery 3.66kWh	INDIA	1	3,99,999	**3,99,999**
2	Electric Scooter	SCOOTER	ATHER	450X LR	Peak Motor Power 6.4 kW, Rated Motor Power 3.3kW, Battery 2.9 kWh	INDIA	1	3,64,999	**3,64,999**
3	Electric Scooter	SCOOTER	ATHER	450S LR	Peak Motor Power 5.4 kW , Rated Motor Power 3.3kW, Battery 2.9 kWh	INDIA	1	3,24,999	**3,24,999**
4	Electric Scooter	SCOOTER	ATHER	RIZTA Z MX08	Peak Motor Power 4.3kW, Rated Motor Power 3.3kW, Battery 3.7kWh	INDIA	1	3,83,500	**3,83,500**
5	Electric Scooter	SCOOTER	ATHER	RIZTA S FX09	Peak Motor Power 4.3kW, Rated Motor Power 3.3kW, Battery 2.7kWh	INDIA	1	2,94,900	**2,94,900**

फैसलाको १४ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

ल्याइएको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका निर्देशक सुभाष न्यौपानेले बताए। 'सर्वोच्चको फैसलाअनुसार खुमबहादुर खड्काको एउटा कित्ता जग्गा हाम्रो नाममा ल्याइएको छ,' उनले भने, 'बाँकी पनि कार्यान्वयनकै प्रक्रियामा छौँ।' जग्गा जफतको निर्णय भए पनि अझै त्यसलाई खाली भने गराइएको छैन। खड्काकै परिवारले सो जग्गा प्रयोग गर्दै आएका छन्। घरको कम्पाउन्डभित्रै सो जग्गा पर्छ। सर्वोच्चले खड्कालाई एक वर्ष ६ महिना कैद र बिगोबमोजिम ९४ लाख ७४ हजार एक सय ११ रुपैयाँ १३ पैसा जरिवाना तथा स्रोत पुष्टि हुन नसकेको सम्पत्ति र सोबाट बढे, बढाएको सम्पत्तिसमेत जफत हुने ठहर गरी फैसला गरेको थियो। सो मुद्दामा प्रतिवादी रहेकी खुमबहादुरपत्नी शिला शर्मा खड्काको नामको ललितपुर महानगरपालिका वडा नम्बर २(क) कित्ता नम्बर २४९ क्षेत्रफल एक रोपनी ६ आना एक पैसा एक दाम लिखत मूल्य २० लाख ९२ हजार रुपैयाँको जग्गा र सोही वडाको कित्ता नम्बर १०७ को एक रोपनी ६ आना र कित्ता नम्बर एक सय ८६ को एक आना एक पैसा जग्गामध्ये घरबाहेकको जग्गाबाट २० लाख ५६ हजार नौ सय ८७ रुपैयाँ दुई पैसाबराबरको भागहिस्साको सम्पत्ति र सोबाट बढे, बढाएको सम्पत्ति जफत गर्नुपर्ने फैसलामा उल्लेख छ। तर, फैसलाअनुसार बढे, बढाएको जग्गा कसरी जफत गर्ने भन्ने प्रस्ट कानुनी व्यवस्था नहुँदा कित्ता नम्बर १०७ मा पर्ने जग्गा भने अझै जफत हुन सकेको छैन।

यसअघि रमेश लेखक गृहमन्त्री हुँदा २० लाख ५६ हजार बुझाएर जग्गाधनीलाई नै फिर्ता दिने गरी प्रक्रिया अघि बढाइएको थियो। यद्यपि, विशेष अदालतले त्यस प्रक्रियालाई रोक लगाइदियो। हाल भने अहिलेको चलनचल्तीअनुसार मूल्यांकन गरेर बढे, बढाएको सम्पत्ति जफत गर्ने गरी विभागले कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन संशोधनको प्रक्रिया अघि बढाएको छ। त्यतिखेरको सरकारी मूल्यांकनअनुसार २० लाख ९२ हजार रुपैयाँमा सानेपामा करिब १८ आना जग्गा खरिद गरिएको देखिन्छ। अहिले सो जग्गाको मूल्य करोडौँ पर्छ।

खुमबहादुरकी पत्नी शिलाले त्यतिवेला अख्तियारमा गरेको बयानमा कित्ता नम्बर २४९ को एक रोपनी ६ आना एक पैसा जग्गा २०५८ सालमा २० लाख ९२ हजार रुपैयाँमा इन्द्रराज्य लक्ष्मीसिंहबाट खरिद गरेको उल्लेख गरेकी छिन्। सर्वोच्चले सो भन्दा ३६ हजार कम मूल्यबराबर जग्गा जफत गर्न भनेको छ। जसअनुसार करिब एक रोपनी पाँच आना जग्गा जफत गर्नुपर्ने देखिन्छ। तर, २० लाख ५६ हजार रुपैयाँ सरकारी खातामा बुझाएर करिब १७ आना जग्गा जोगाउने प्रयास भएको थियो। अब कानुन संशोधन गरी बढे, बढाएको मूल्यको हिसाब गरेर सो जग्गाको जफतसम्बन्धी निर्णय हुने भएको छ। सर्वोच्चले खड्काको मित्सुबिसी प्राडो गाडी, ३३ तोला सुन र २.९३ किलो चाँदी पनि बरामद गर्न भनेको थियो। सुन र चाँदी पनि हालसम्म जफत भइसकेको छैन।

कूटनीतिक नियोग पुनर्संरचना र राजदूत नियुक्तिमा ढिलाइ

१७ कूटनीतिक नियोग नेतृत्वविहीन, नियुक्तिका विषयमा परराष्ट्र मन्त्रालय नै अलमलमा

● **लोकबहादुर पौडेल क्षेत्री**, प्रवक्ता, परराष्ट्र मन्त्रालय



परराष्ट्र सेवाबाहिरका विज्ञलाई राजदूत बनाउने भनेर सार्वजनिक भएका विषय सही होइनन् । राजदूत नियुक्ति तयारीका विषयमा कुनै जानकारी छैन ।



पर्शुराम काफ्ले/नयाँ पत्रिका

विदेशमा रहेका नेपाली कूटनीतिक नियोग पुनर्संरचना तथा चीनसहितका देशमा रिक्त राजदूत नियुक्तिमा विलम्ब देखिएको छ । सुशासनका सय बुँदामा कूटनीतिक नियोगको पुनर्संरचना उल्लेख छैन । सरकारको नीति तथा कार्यक्रममा पनि यसबारे केही लेखिएको छैन । परराष्ट्र मन्त्रालयले पनि यसमा तयारी गरेको छैन ।

नेपालको १८३ देशसँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ । विदेशमा नेपालका ३४ वटा दूतावास (तीनवटा संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोगसमेत) तथा श्रमिक र आर्थिक मामिला हेर्ने १० वटा महावाणिज्य दूतावास छन् । सबै कूटनीतिक नियोगमा २३८ जना कर्मचारीको दरबन्दी छ । केपी ओली प्रधानमन्त्री र डा. आरजु राणा देउवा परराष्ट्रमन्त्री हुँदा सहसचिवदेखि सवारीचालकसक्सम्म गरी १०७ जनाको दरबन्दी थपिएको थियो । परराष्ट्रले आवश्यकताअनुसार थपिएको जिकिर गर्दै आएको छ भने अर्थ मन्त्रालयका अधिकारीले भने परराष्ट्रमन्त्री राणाको व्यक्तिगत रुचि पूरा गर्न दरबन्दी थपिएको टिप्पणी गर्दै आएका छन् ।

सरकारले मन्त्रालयहरूको पुनर्संरचना गरेपछि हरेक मन्त्रालयले आफ्नो पुनर्संरचनाको तयारी गर्ने र त्यही क्रममा परराष्ट्र, दूतावास तथा महावाणिज्य दूतावासको पुनर्संरचना गर्ने निष्कर्षमा सरकार पुगेको प्रधानमन्त्री निकटस्थ स्रोतहरूको भनाइ छ । परराष्ट्रमन्त्री शिशिर खनालले मन्त्रालयका उच्च अधिकारीसँगको छलफलमा यो विषय प्रवेश गराए पनि ठोस कुनै सुरुवात नभएको परराष्ट्र अधिकारीहरूको भनाइ छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने यी विषयमा प्रतिक्रिया दिने विषय आफूसँग नभएको बताए ।

■ सात वर्षअघि नै भएको थियो कूटनीतिक नियोग पुनर्संरचनाको सिफारिस

सात वर्षअघि गठित कार्यदलले कूटनीतिक नियोग पुनर्संरचनाको सिफारिस गरेको थियो । २१ मंसिर ०७५ मा परराष्ट्रमन्त्रीस्तरीय निर्णयबाट पूर्वराजदूत रुद्र नेपालको संयोजकत्वमा गठित कार्यदलले डेनमार्क, क्यानडा, स्पेन र दक्षिण अफ्रिकास्थित दूतावास हटाउन तथा टर्की, इटाली, केन्या, इन्डोनेसिया र सिंगापुरमा दूतावास थप्न सुझाव दिएको थियो ।

डेनमार्कले सन् २०१७ देखि नेपालस्थित दूतावास हटाएको छ । नेपाललाई विकास सहायताको प्राथमिकताबाट समेत हटाएकाले त्यसमा पुनर्विचार गनुर्पर्ने कार्यदलको सुझाव थियो । बरु त्यहाँबाट नेपाली दूतावास फिनल्यान्ड वा नर्वे सार्नुपर्ने कार्यदलको सुझाव थियो । यसैगरी स्पेनको दूतावासमा कार्यवाहक राखेर भविष्यबारे निर्णय लिनुपर्ने सुझाव थियो । दक्षिण अफ्रिकामा पनि कार्यवाहक स्तरमा पर्ख र हेरको अवस्थामा राख्नुपर्ने सुझाव कार्यदलले दिएको थियो । अफ्रिका महादेशमा प्रतिनिधित्वका लागि उपस्थिति रहे पनि यसबारे पछि निर्णय लिनुपर्ने कार्यदलको सुझाव थियो ।

साउदी अरेबिया, युएई, कतारबाहेक खाडी देशका दूतावासलाई कार्यवाहक स्तरमा राख्नुपर्ने वा महावाणिज्य दूतावास स्तरमा परिणत गर्नुपर्ने सुझाव सरकारले कार्यान्वयन गरेन । क्यानडामा तत्काल कायम राख्ने, तर भविष्यमा पुनर्विचार गर्नुपर्ने सरकारी सुझाव थियो ।

सरकारी कार्यदलले टर्कीमा दूतावास स्थापना गर्न सुझाव दिएको थियो । टर्कीसँग नेपालको सोझो हवाई सम्पर्क छ । कार्यदलले इटालीमा दूतावास पुनर्स्थापना गर्नुपर्ने सुझाव दिएको थियो । यी देशले नेपालमा लगानी गरेको कार्यदलको दलिल थियो ।

आसियानको मुख्यालय इन्डोनेसिया, एसियाको प्रमुख व्यापारिक नाका सिंगापुर, राष्ट्रसंघीय एजेन्सीहरू रहेको केन्यामा दूतावास खोल्न, भारतका मुम्बई र बिसाखापटनममा महावाणिज्य दूतावास स्थापना गर्न दिइएको सुझाव कार्यान्वयन भएन । यसैगरी, भारत, चीन, अमेरिका, जर्मनी र फ्रान्सस्थित नेपाली दूतावासमा कर्मचारी थप्नुपर्ने प्रस्ताव पनि कार्यान्वयन भएन । अस्ट्रिया र रुसमा रहेका नेपाली दूतावास थप प्रभावकारी बनाउने सुझाव पनि दराजमा थन्किएको छ । त्यसयता कूटनीतिक मिसन पुनर्संरचनाबारे यति विस्तृतमा अध्ययन भएको छैन ।

भन्डै डेढ महिनादेखि १७ कूटनीतिक नियोग नेतृत्वविहीन

सरकारले २२ चैतमा ६ देशका लागि नेपाली राजदूत फिर्ता गरेसँगै १७ कूटनीतिक नियोग (दूतावास) नेतृत्वविहीन हुँदै आएको छ । सुशीला कार्की नेतृत्वको सरकारले ११ राजदूत फिर्ता गरेको थियो भने प्रधानन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले राजनीतिक भागबन्डामा नियुक्त भएका भारत, चीनसहितका राजदूत फिर्ता गरेको थियो । उनीहरू सबै फिर्ता भइसकेका छन् । तर, नयाँ राजदूत नियुक्ति सिफारिसको सुरसार नभएको परराष्ट्र अधिकारीहरू बताउँछन् । रिक्त रहेका मिसनहरूमा भारत, चीन, अमेरिका, जापान, अस्ट्रेलिया, श्रीलंका, दक्षिण कोरिया, साउदी अरब, इजरायल, स्पेन, जर्मनी, बेलायत, रुस, कतार, मलेसिया, डेनमार्क र श्रीलंका हुन् ।

नेपालका भारत, चीन, बेलायत, बहराइन, बंगलादेश, बेल्जियम, ब्राजिल, क्यानडा, डेनमार्क, इजिप्ट, फ्रान्स, जर्मनी, इजरायल, जापान, दक्षिण कोरिया, कुवेत, मलेसिया, म्यानमार, ओमान, पाकिस्तान, पोर्चुगल, कतार, रुस, साउदी अरेबिया, दक्षिण अफ्रिका, श्रीलंका, थाइल्यान्ड, युएई, अमेरिका र स्पेनमा नेपाली दूतावास छन् । न्युयोर्क, जेनेभा र भियनामा संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग छन् । यिनीहरूले कतिपय देशको आवासीय तथा गैरआवासीय दूतावासको पनि जिम्मेवारी लिएका छन् ।

परराष्ट्र मन्त्रालयले खुला आवेदन गरेर परराष्ट्र सेवाबाहिरका विज्ञलाई राजदूत बनाउने चर्चा चले पनि परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले यसको खण्डन गरे । उनले भने, 'सार्वजनिक भएका यस्ता विषय सही होइनन् ।' तर, उनले राजदूत नियुक्ति तयारीबारे टिप्पणी गरेनन् ।

पूर्वमुख्यसचिव तथा परराष्ट्रसचिव शंकरदास बैरागीले रिक्त रहेका राजदूतहरूमा परराष्ट्र मन्त्रालयका करिअर डिप्लोम्याटलाई नियुक्त गर्न सरकारलाई सुझाव दिएका छन् । उनले भने, 'म करिअरबाहिरका राजदूत हुनुभएकालाई अन्यथा भन्दिनँ । तर, करिअर डिप्लोम्याट पठाउनु सबैभन्दा उपयुक्त भन्ने लाग्छ ।'

पूर्वगृहमन्त्री गुरुङमाथि छानबिन गर्न समिति गठन

पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी संयोजकत्वको समितिलाई प्रतिवेदन तयार पार्न १५ दिनको समय



नयाँ पत्रिका

पूर्वगृहमन्त्री सुदन गुरुङमाथि छानबिन गर्न सरकारले समिति गठन गरेको छ । उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी संयोजकत्वको समितिमा महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि नेउपाने सदस्य छन् ।

२८ वैशाखमा बसेको मन्त्रिपरिषद् बैठकले समिति गठन गरेको प्रधानमन्त्री बालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिइन् । मन्त्री हुँदा र त्यसपछि उठेका सार्वजनिक सरोकारका विषयमा अध्ययन गर्न समिति गठन गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । समितिलाई सत्यतथ्य अध्ययन तथा छानबिन गरी सरकारसमक्ष रायसुझावसहित १५ दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ ।

विवादास्पद व्यवसायी दीपक भट्टले सेटिङमा लाइसेन्स लिएको कम्पनीमा गुरुङको संस्थापक सेयर भेटिएपछि गुरुङमाथि प्रश्न उठेको थियो । माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा गुरुङको २५ लाख मूल्यको २५ हजार कित्ता सेयर भेटिएको थियो । भट्टसँग गुरुङको पुरानो साझेदारी देखिएको र उनको सम्पत्ति विवरणमा पनि स्रोत खुल्ने आधार नदेखिएको भन्दै सार्वजनिक रूपमा प्रश्न उठेको थियो । सो विषयमा छानबिनका लागि सहजीकरण गर्न भन्दै उनले गत ९ वैशाखमा राजीनामा दिएका थिए ।

हाल सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको हिरासतमा रहेका भट्ट र गुरुङको संस्था 'हामी नेपाली'बिच एक दशकअघिदेखि नै निकटता देखिएको थियो । उनीहरूबिच अपारदर्शी कारोबारसमेत रहेको आरोप लागेपछि विपक्षीले गुरुङमाथि पनि छानबिनको माग गरेका थिए । नैतिकताका आधारमा भन्दै मन्त्री गुरुङले राजीनामा दिएका थिए । राजीनामा दिएको तीन सातापछि छानबिन समिति बनेको हो । गुरुङले पछिल्ला दिनहरूमा नागरिकस्तरबाट आफ्नो सेयरलगायत विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई गम्भीर रूपमा लिएकाले राजीनामा दिएको बताएका थिए ।

जेन-जी आन्दोलनबाट उदाएका गुरुङ गोरखा १ बाट निर्वाचित सांसद हुन् । गृहमन्त्री भएलगत्तै पूर्वप्रधानमन्त्री केपी ओली, पूर्वगृहमन्त्री रमेश लेखकलगायत उच्चपदस्थलाई पत्राउ गर्न उनले सक्रियता देखाएका थिए । मन्त्री भएकै दिनदेखि गुरुङले गौरीबहादुर कार्की जाँचबुझ आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयन थालेका थिए । गुरुङले राजीनामा दिएपछि गृह मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री शाहले नै सम्हाल्दै आएका छन् ।

संक्षेप

ओरिएन्टल सहकारीका २८४ ऋणीको तीनपुस्ते विवरण सार्वजनिक

काठमाडौं/ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले ऋण चुक्ता गर्ने ओरिएन्टल को-अपरेटिभ लिमिटेड सहकारीका ऋणीको तीनपुस्ते विवरण सार्वजनिक गरेको छ । बिहीबार सार्वजनिक गरिएको नामावलीमा २८४ ऋणीको तीनपुस्ते विवरण उल्लेख छ । समितिले उनीहरूलाई यथाशीघ्र ऋण चुक्ताका लागि कार्यालयमा सम्पर्क गर्न पनि भनेको छ । यदि समयमै ऋण चुक्ता नगरे कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने सूचनामा भनिएको छ । समितिले ओरिएन्टललाई ७ असोज ०७९ मा समस्याग्रस्त घोषणा गरेको थियो । सहकारीले चार हजार २५९ बचतकर्ताको तीन अर्ब १९ करोड ५० लाख २२ हजार ८६२ रुपैयाँ डुबाएको छ । मुलुकमा स्थापनामा भएका ठुला सहकारीमध्ये ओरिएन्टलमा सबैभन्दा पहिलो समस्या आएको थियो । बचतकर्ताको रकम डुब्ने भएपछि प्रहरीले ओरिएन्टलका सञ्चालक सुधीर बस्नेतलाई १४ वर्षअघि नै पक्राउ गरेको थियो । बचतकर्ताको रकम फिर्ता गर्न तत्कालीन सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा छानबिन समितिसमेत गठन गरेको थियो । तर, बचतकर्ताले अझैसम्म पनि रकम फिर्ता पाउन सकेका छैनन् ।

कोशी प्रदेश सभाको बजेट अधिवेशन ६ जेठदेखि

विराटनगर/ कोशी प्रदेश सभाको बजेट अधिवेशन ६ जेठदेखि सुरु हुने भएको छ । कोशी प्रदेश सरकारको बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले चालू वर्षको बजेट अधिवेशन आगामी ६ जेठदेखि सुरु गराउन प्रदेश प्रमुखसँग सिफारिस गरेको हो । आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रममाथि छलफल गर्न प्रदेश सभाको नवौं तथा बजेट अधिवेशन ६ जेठदेखि आह्वान गराउन प्रदेश प्रमुखलाई सिफारिस गर्न मन्त्रिपरिषद्बाट निर्णय भएको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले बताए । जेन-जी आन्दोलनपछि २५ माघदेखि विराटनगरस्थित भाडाको भवनमा सुरु भएको कोशी प्रदेश सभाको आठौं तथा हिउँदे अधिवेशन गत २३ चैतदेखि अन्त्य भएको थियो । २३ र २४ भदौको जेन-जी आन्दोलनमा भएको तोडफोड र आगजनीले गर्दा विराटनगरको देवकोटा चोकमा रहेको कोशी प्रदेश सभाको बैठक र सचिवालय भवन ध्वस्त भएको थियो । यसैले कटहरी गाउँपालिका- १ जमटोकीमा रहेको कृषि थोक बजारमा २६ कात्तिकमा कोशी प्रदेश सभा सचिवालय स्थानान्तरण भएको थियो ।

विद्यालयमा निर्वाचन र सदनको अभ्यास

काठमाडौं/ विद्यार्थीलाई निर्वाचन, सदन र यसले गर्ने कामकारबाहीबारे बुझाउन विद्यालयमै निर्वाचन र सदनको अभ्यास गरी विद्यालयका विभिन्न सदनका लागि नेतृत्व चयन गरिएको छ । काठमाडौंको मध्यबानेश्वरस्थित भ्याली भ्यु स्कुलले यस्तो अभ्यास गरेको हो । विद्यालयमा हरेक वर्ष चारवटा सदनको निर्वाचन हुन्छ । हरेक सदनमा नेतृत्वका लागि निर्वाचन नै गरिन्छ । निर्वाचित भएकाले एक वर्ष आ-आफ्नो सदनको क्याप्टेनका रूपमा काम गर्छन् । त्यसका लागि निर्वाचनको तयारी, निर्वाचन गराउने, मतदान गर्ने र आ-आफ्नो सदनको नेता चुन्ने कार्य विद्यार्थीबाटै हुन्छ । बुधबार पनि भ्याली भ्यु स्कुलका विद्यार्थीलाई यस वर्षको आ-आफ्नो सदनको नेतृत्वकर्ता चुन्ने चटारो थियो । त्यसका लागि कोही मतदान गर्न लाइनमा तम्तयार देखिन्थे भने कोही मतदान गरेर फर्किँदै थिए । केहीले मतपत्र पट्याएर बुथमा खसाल्दै थिए । डोरीको घेराबाहिर डेस्कसहित बसेका निर्वाचन कमिटीका व्यक्तिलाई निर्वाचन गराउन आफ्नै चटारो थियो । कतिपयले मतदानस्थलमा सुरक्षा प्रदान गरिरहेका थिए । निर्वाचन सकिएपछि व्यवस्थित किसिमले मतगणना भयो । मतगणनापछि चार सदन हेलेन, नाइटिंगेल, पारिजात तथा टेरेसामा कप्तान र उपकप्तान चयन भयो ।

वर्ल्डलिंकलाई कर छलीमा मुद्दा नचलाउने निर्णयमा सर्वोच्चको अन्तरिम आदेश

नयाँ पत्रिका

वर्ल्डलिंकलाई कर छलीमा मुद्दा नचलाउने निर्णय तत्काललाई स्थगित भएको छ । सर्वोच्च अदालतले बिहीबार अन्तरिम आदेश जारी गरेसँगै महान्यायाधिवक्ताको कार्यालयले गरेको निर्णय रोकिएको छ ।

वरिष्ठ अधिवक्ता सविता भण्डारी बराल महान्यायाधिवक्ता पदमा रहँदा उक्त कार्यालयले वर्ल्डलिंक कम्युनिकेसनलाई सात अर्ब ३६ करोड रुपैयाँ कर छलीको विषयमा मुद्दा नचलाउने निर्णय गरेको थियो । यसविरुद्ध भेषराज लुइँटेलले गत १२ चैतमा दायर गरेको रिटउपर संयुक्त इजलासबाट अन्तरिम आदेश जारी भएको हो । न्यायाधीशहरू विनोद शर्मा र श्रीकान्त पौडेलको इजलासले यो आदेश दिएको हो ।



तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारीले वर्ल्डलिंक कम्युनिकेसनलाई सात अर्ब ३६ करोड रुपैयाँ कर छलीको विषयमा मुद्दा नचलाउने निर्णय गरेकी थिइन् ।

लुइँटेलले दायर गरेको रिटमाथि शारंगा सुवेदीको इजलासले १५ चैतमा कारण देखाऊ आदेश जारी गर्नुका साथै अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि दुवै पक्ष झिकाउने आदेश गरेको थियो । त्यसपछि १० वैशाखका लागि पेसी तोकिएकोमा निर्णय फाइल झिकाउने आदेश न्यायाधीश सुवेदी र मेघराज पोखरेलको इजलासले गरेको थियो । बिहीबार निर्णय फाइल हेरी दुवै पक्षबिच छलफलपछि यो आदेश आएको हो ।

लुइँटेलको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, दूरसञ्चार प्राधिकरण, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकिल कार्यालय, उच्च सरकारी वकिलको कार्यालयलगायतलाई विपक्षी बनाइएको थियो । जिम्मेवारीबाट बिदा हुन एक साता बाँकी रहँदा उक्त कर छलीमा वर्ल्डलिंकलाई उन्मुक्ति दिइएको थियो ।

एक वर्षसम्म आन्तरिक राजस्व विभागले छानबिन गरी कर तिर्नुपर्ने रकमका विषयमा अनुसन्धान गरेकोमा एक साताभित्रै तीनै तहका सरकारी वकिलबाट मुद्दा नचलाउने रायलाई अन्तिम रूप दिइएको थियो । आर्थिक ऐनको आफूअनुकूल व्याख्या गरी वर्ल्डलिंकलाई उन्मुक्ति दिइएको थियो । जसबाट अन्य इन्टरनेट सेवाप्रदायक कम्पनीलाई पनि ठुलो कर तिर्नु नपर्ने र राज्यलाई नोक्सानी हुने अवस्था सिर्जना हुने भएको थियो । यी सबै कारण देखाउँदै लुइँटेलले महान्यायाधिवक्ताबाट भएको निर्णय खारेज हुनुपर्ने मागसहित रिट दर्ता गराएकोमा अन्तरिम आदेश जारी भएको हो ।

नेकपाले थाल्यो ३२ जनसंगठनको समायोजन प्रक्रिया

नयाँ पत्रिका

आगामी मंसिरमा एकता महाधिवेशन गर्ने निर्णय गरेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले जनसंगठनहरूको समायोजन प्रक्रिया अघि बढाएको छ । नेकपाले ३२ जनवर्गीय संगठनका इन्चार्ज र सहइन्चार्जको जिम्मेवारी तोकेर समायोजन प्रक्रिया अघि बढाएको हो ।

जेठ महिनाभर सबै संगठनको समायोजन प्रक्रिया सम्पन्न हुने प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए । 'पार्टीले जनसंगठनका इन्चार्ज र सहइन्चार्जको जिम्मेवारी तोकेको छ । इन्चार्ज र सहइन्चार्जले समायोजन प्रक्रिया अगाडि बढाउनुहुन्छ । जेठभित्र समायोजन प्रक्रिया सकिन्छ,' उनले भने ।

अखिल नेपाल महिला संगठनको इन्चार्जमा जयन्ती राई र सहइन्चार्ज कमला रोका, अखिल नेपाल किसान महासंघको इन्चार्जमा बलदेव चौधरी र सहइन्चार्जमा कुमार पौडेल छन् । प्रेस संगठनको इन्चार्ज प्रकाश ज्वाला र सहइन्चार्ज शम्भु श्रेष्ठ र विष्णु सापकोटा, विद्यार्थी संगठनको इन्चार्ज रत्न ढकाल र सहइन्चार्ज सुदेश पराजुली, शिक्षक संगठनको इन्चार्ज माधव सापकोटा र सहइन्चार्ज केदार सञ्जेल, युवा संगठनको इन्चार्ज लक्ष्मण केसी र सहइन्चार्ज सुमन देवकोटा तथा ज्ञानबहादुर गुरुङ छन् ।

सहिद, बेपत्ता तथा घाइते योद्धा संगठनको इन्चार्ज हितराज पाण्डे तथा सहइन्चार्ज कृष्णप्रसाद सापकोटा र बालकृष्ण गैरे, आदिवासी जनजाति महासंघको इन्चार्जमा सुरेश आलेमगर र सहइन्चार्ज पासाङ शेर्पा छन् । इन्जिनियर्स एसोसिएसनको इन्चार्ज लेखनाथ न्यौपाने र सहइन्चार्ज कपिल आचार्य, उद्योग तथा व्यवसायी महासंघको इन्चार्ज विरोध खतिवडा र सहइन्चार्ज कृष्ण आचार्य, कानुन व्यवसायी संगठनको इन्चार्जमा पूर्णबहादुर घर्ती र सहइन्चार्ज रामकुमार ज्ञवाली छन् । खेलकुद महासंघको इन्चार्ज केशव विष्ट र सहइन्चार्ज शिव कोइराला, जनसांस्कृतिक महासंघको इन्चार्ज चेतबहादुर पुन तथा सहइन्चार्ज ईश्वरचन्द्र ज्ञवाली र उदय श्रेष्ठ, ट्रेड युनियन महासंघको इन्चार्ज रामदीप आचार्य र सहइन्चार्ज विष्णु लम्साल, दलित संगठनको इन्चार्ज गणेश विक र सहइन्चार्ज दलजित श्रीपाली, नेपाल रिटर्नी एसोसिएसनको इन्चार्ज देवेन्द्र पराजुली र सहइन्चार्ज भवानी खड्का छन् ।

■ सक्रिय बन्दै ओली

चुनावपछि पहिलोपटक बोलाए एमाले सचिवालय बैठक

● **लेखराज भट्ट**, सचिव, एमाले



पार्टीको केन्द्रीय सचिवालय बैठक बस्ने खबर आएको छ, तर एजेन्डाबारे कुनै जानकारी छैन । अध्यक्षको स्वास्थ्य अवस्थालाई ख्याल गरेर बैठक निवासमै बोलाइएको छ ।

नयाँ पत्रिका

एमालेले शनिबार केन्द्रीय सचिवालय बैठक बोलाएको छ । अध्यक्ष केपी ओलीको निवास भक्तपुर, गुन्डुमा दिउँसो १ बजे बस्ने गरी बैठक बोलाइएको एमाले केन्द्रीय कार्यालयले जनाएको छ । ओलीको स्वास्थ्य सुधारोन्मुख भए पनि पूर्ण स्वस्थ नभइसकेकाले बैठक गुन्डुमै बस्न लागेको हो ।

उपमहासचिव लेखराज भट्टले बैठकको जानकारी आए पनि एजेन्डाबारे जानकारी नभएको बताए । 'बैठक बस्ने खबर आएको छ, एजेन्डाबारे जानकारी छैन,' उनले भने, 'अध्यक्षको स्वास्थ्य अवस्थालाई ख्याल गरेर बैठक निवासमै बोलाइएको छ ।' उनले २१ फागुनमा सम्पन्न निर्वाचनको समग्र समीक्षासम्बन्धी महत्त्वपूर्ण एजेन्डालगायतमा छलफल हुन सक्ने बताए । 'तलबाट रिपोर्ट मागिएकाले संश्लेषण भएरै आएको होला,' भट्टले भने, 'त्यसममाथि नै केन्द्रित रहेर छलफल हुन सक्छ ।'

चैत पहिलो साता बसेको सचिवालयको बैठकले तलबाट चुनावी समीक्षा गरेर सचिवालय हुँदै केन्द्रीय कमिटीमा समीक्षा प्रतिवेदनमा केन्द्रित भएर छलफल गर्ने नीति लिएको थियो । त्यही नीतिअनुसार समीक्षा गरेर प्रतिवेदन पठाउन एमालेले प्रदेश र जिल्लाहरूलाई निर्देशन दिएको थियो । त्यसअनुसार पालिका तहसम्म समीक्षा भइसकेको छ । तर, यसबिचमै अध्यक्ष ओली पितृशोक तथा गिरफ्तारीमा परेको र लगत्तै हर्निया र पत्थरीको अप्रेसनका कारण अस्वस्थ रहेकाले एमालेले सचिवालय बैठक बोलाउन सकेको थिएन । तर, उनको स्वास्थ्यमा सुधार भएसँगै बैठक बोलाइएको एमालेले जनाएको छ ।



महासचिव शंकर पोखरेलले केन्द्रीय सदस्य, प्रदेश सदस्य, जिल्ला नेतृत्व, जनवर्गीय संगठनका पदाधिकारीसहित करिब तीन हजारलाई चुनावमा पार्टीले भोग्नुपरेको पराजयको कारण र अबको दिशाका विषयमा सुझाव लिने गरी लिखित प्रश्नपत्र नै वितरण गरेका थिए । तलबाट आएका समीक्षा र करिब तीन हजारआसपास सुझावलाई आधार मानेर उनले चुनावी समीक्षा प्रतिवेदन बनाएको एक पदाधिकारीले बताए ।

एमालेले चुनावमा व्यहोरेको अकल्पनीय क्षतिको नैतिक जिम्मेवारी लिँदै ओलीले राजीनामा दिएर पार्टी पुनर्गठनका लागि ढोका खुलाउनुपर्ने इतर पक्षले आवाज उठाउँदै आएको छ । तर, सचिवालय र केन्द्रीय समितिमा कमजोर अवस्थाका कारण पछिल्ला दिनमा उपाध्यक्ष विष्णु पौडेल, महासचिव पोखरेलसहितका नेताहरूसँग मिलेर पुनर्गठनको एजेन्डालाई जोडदार उठाउने इतर पक्षको नीति छ । तर, अबको बैठकमा पौडेल र पोखरेल पुनर्गठनको पक्षमा खुल्छन् कि खुल्दैनन् स्पष्ट छैन ।

पूर्वराष्ट्रपति विद्या भण्डारी र नेता ईश्वर पोखरेलसँग निकट रहेको समूहले भने अब बस्ने केन्द्रीय समिति बैठकमा पार्टीलाई माथिदेखि तलसम्म पुनर्गठनका लागि दबाब दिन केन्द्रीय सदस्यहरूमार्फत लबिङ नै गरिरहेका छन् । बुद्धिजीवी परिषद्का अध्यक्ष गजेन्द्र थपलियासहितका केही युवाले पुनर्गठनका पक्षमा अलग्गै अभियान चलाइरहेका छन् । उनीहरूले पुनर्गठनको दिशामा नलगिए विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलनमार्फत दबाब दिने नीति पनि लिएका छन् ।

खेलकुद : राष्ट्र निर्माण र आर्थिक विकासको नयाँ आधार

खेलकुद राष्ट्र निर्माण, आर्थिक विकास, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय प्रभाव विस्तारको रणनीतिक माध्यम बन्न सक्नुपर्छ



● पुरुषोत्तम पोखरेल

अग्रलेख

राष्ट्र निर्माणको बहस प्रायः राजनीति, अर्थतन्त्र, शिक्षा, पूर्वाधार र सुशासनवरिपरि केन्द्रित हुने गरेको छ। तर, यिनै आधारसँग समानान्तर रूपमा गहिरो प्रभाव पार्ने क्षेत्र हो- खेलकुद। दुर्भाग्यवश नेपालमा खेलकुदलाई अझै पनि धेरै हदसम्म पदक, प्रतियोगिता र मनोरञ्जनको सीमित घेराभित्र हेर्ने प्रवृत्ति कायम छ। जब कि विश्वका विकसित र उदाउँदा राष्ट्रहरूले खेलकुदलाई राष्ट्र निर्माण, आर्थिक विकास, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय प्रभाव विस्तारको रणनीतिक माध्यमका रूपमा प्रयोग गरिरहेका छन्।

खेलकुद केवल मैदानमा हुने प्रतिस्पर्धा मात्र होइन, यो अनुशासन, राष्ट्रिय गौरव, सामाजिक एकता, युवा सशक्तीकरण, आर्थिक सम्भावना र अन्तर्राष्ट्रिय पहिचान निर्माण गर्ने सशक्त माध्यम हो। आजको विश्वमा खेलकुदको महत्त्व केवल पदक संख्याले मात्र मापन हुँदैन। एउटा सशक्त खेल प्रणालीले राष्ट्रको चरित्र निर्माण गर्छ, नागरिकको आत्मविश्वास बढाउँछ, युवालाई अवसर दिन्छ र विश्वमञ्चमा देशको छवि निर्माण गर्छ। त्यसैले, खेलकुदलाई राष्ट्र निर्माणसँग जोडेर हेर्नु समयको माग मात्र होइन, राष्ट्रिय आवश्यकता पनि हो।

स्वस्थ र सक्षम नागरिक निर्माणमा खेलकुद : राष्ट्र निर्माणको पहिलो आधार स्वस्थ र सक्षम नागरिक हो। स्वस्थ जनशक्तिविना उत्पादक अर्थतन्त्र र समुन्नत समाजको परिकल्पना गर्न सकिँदैन। यहीँ खेलकुदको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। खेलकुदले शारीरिक तन्दुरुस्ती मात्र होइन, मानसिक सुदृढता, आत्मअनुशासन, सहकार्य, नेतृत्व र जिम्मेवारीबोध पनि विकास गर्छ।

आजको पुस्ता डिजिटल निर्भरता, निष्क्रिय जीवनशैली र मानसिक तनावका चुनौतीसँग जुधिरहेको छ। यस्तो अवस्थामा खेलकुद स्वस्थ जीवनशैलीको आधार बन्न सक्छ। विद्यालयदेखि समुदायसम्म खेल संस्कृतिको विकासले स्वस्थ समाज निर्माणमा दीर्घकालीन योगदान पुऱ्याउँछ। खेलकुदले युवालाई कुलत, हिंसा र सामाजिक विकृतिबाट टाढा राखेर सिर्जनात्मक र सकारात्मक बाटो दिन्छ। यो केवल खेलाडी उत्पादन गर्ने माध्यम मात्र होइन, जिम्मेवार नागरिक उत्पादन गर्ने प्रक्रिया पनि हो।

युवा शक्ति परिचालनको प्रभावकारी माध्यम : नेपाल युवाको देश हो। तर, बेरोजगारी, पलायन, निराशा र अवसरको अभावका कारण युवाशक्तिको पूर्ण उपयोग हुन सकेको छैन। यस्तो अवस्थामा खेलकुद युवा ऊर्जा परिचालनको प्रभावकारी माध्यम बन्न सक्छ।

खेलले प्रतिस्पर्धा सिकाउँछ, हारजित स्विकार्न सिकाउँछ, संघर्षको मूल्य बुझाउँछ। यी गुण राष्ट्र निर्माणका लागि आवश्यक नागरिक चरित्र निर्माणका आधार हुन्। यदि राज्यले विद्यालय, विश्वविद्यालय र समुदायस्तरमा खेललाई प्राथमिकतामा राख्ने हो भने खेलकुद युवालाई उत्पादक शक्ति बनाउने प्रभावकारी माध्यम बन्न सक्छ। खेलकुदलाई युवा नीति र विकास रणनीतिसँग जोड्नु आजको आवश्यकता हो।


राष्ट्रिय एकता र सामाजिक सद्भाव : भाषा, संस्कृति, भूगोल र सामाजिक विविधता भएको देशमा एकताको आधार निर्माण गर्न खेलकुदले असाधारण भूमिका खेल्न सक्छ। खेल मैदानमा जात, वर्ग, धर्म र क्षेत्रको विभाजन हुँदैन, त्यहाँ राष्ट्रिय पहिचान अग्रभागमा हुन्छ।

राष्ट्रिय टोलीको सफलतामा पूरै देश एउटै भावनामा जोडिन्छ। यही भावनात्मक एकता राष्ट्र निर्माणको महत्त्वपूर्ण आधार हो। खेलकुदले महिला, पिछडिएका समुदाय र ग्रामीण क्षेत्रका प्रतिभालाई अवसर दिएर सामाजिक समावेशीकरण पनि बलियो बनाउँछ। समावेशी राष्ट्र निर्माणका लागि यो अत्यन्त महत्त्वपूर्ण पक्ष हो।

अन्तर्राष्ट्रिय पहिचान र 'सफ्ट पावर' : विश्वका धेरै राष्ट्रले खेलकुदमार्फत आफ्नो अन्तर्राष्ट्रिय पहिचान निर्माण गरेका छन्। कतिपय देशको विश्वव्यापी छवि खेल उपलब्धिबाट अझ बलियो बनेको छ। खेलकुद आज 'सफ्ट पावर'को प्रभावकारी माध्यम बनेको छ। एउटा पदक, एउटा अन्तर्राष्ट्रिय सफलता वा एउटा ठुलो खेल प्रतियोगिताले कहिलेकाहीँ ठुलो कूटनीतिक प्रभाव सिर्जना गर्न सक्छ।

नेपालजस्तो देशका लागि खेलकुद अन्तर्राष्ट्रिय पहिचान विस्तारको महत्त्वपूर्ण माध्यम बन्न सक्छ। सीमित स्रोतका बाबजुद नेपाली खेलाडीले अन्तर्राष्ट्रियस्तरमा देखाएको क्षमता ठुलो सम्भावनाको संकेत हो। समस्या प्रतिभाको अभाव होइन, समस्या प्रणाली निर्माणको हो।

खेलकुद र अर्थतन्त्र, खर्च होइन लगानी : नेपालमा अझै पनि खेललाई खर्चको क्षेत्रका रूपमा हेरिन्छ। तर, विश्वले खेलकुदलाई ठुलो आर्थिक उद्योगका रूपमा स्थापित गरिसकेको छ। विश्वभर खेल उद्योग प्रतियोगिता, प्रसारण अधिकार, प्रायोजन, खेल पर्यटन, पूर्वाधार, खेल सामग्री उत्पादन, फिटनेस उद्योग, मिडिया र रोजगारीसँग जोडिएको बहुआयामिक आर्थिक क्षेत्र बनेको छ। विकसित देशमा खेल उद्योगले जिडिपीको एक प्रतिशतदेखि तीन प्रतिशतभन्दा बढी योगदान गर्ने अवस्था पुगेको छ।



नेपालमा भने खेलकुद क्षेत्रको जिडिपी योगदानबारे स्पष्ट सरकारी तथ्यांक अझै सीमित छ। राष्ट्रिय तथ्यांक कार्यालय, अर्थ मन्त्रालय वा राष्ट्रिय खेलकुद परिषद्ले खेलकुदलाई छुट्टै आर्थिक क्षेत्रका रूपमा मापन गर्ने प्रणाली अझै पर्याप्त रूपमा विकास गर्न सकेका छैनन्। उपलब्ध अध्ययन र सेवा क्षेत्रसँग जोडिएका अन्तर्राष्ट्रिय अनुमानका आधारमा नेपालमा खेलकुदको प्रत्यक्ष आर्थिक योगदान करिब ०.५ प्रतिशतभन्दा कम रहेको अनुमान गरिन्छ।

नेपालको सेवा क्षेत्रले कुल जिडिपीको करिब ६२-६३ प्रतिशत योगदान गरिरहेको छ, जसमा पर्यटन, मनोरञ्जन, फिटनेस, खेल पर्यटन, ट्रेकिङ, पर्वतारोहण र खेलसम्बन्धी सेवा गतिविधि पनि समावेश छन्। खेल पर्यटन, साहसिक खेल, खेल सामग्री व्यापार, प्रशिक्षण, फिटनेस उद्योग र इभेन्ट व्यवस्थापनलाई व्यवस्थित गर्न सके खेलकुद नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार बन्न सक्छ।

> खेल पर्यटन, साहसिक खेल, खेल सामग्रीको व्यापार, प्रशिक्षण, फिटनेस उद्योग र इभेन्ट व्यवस्थापनलाई व्यवस्थित गर्न सके खेलकुद नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार बन्न सक्छ

भारत, चीन र एसियाली अनुभव : भारतले खेलकुदलाई आर्थिक उद्योगमा रूपान्तरण गर्ने उल्लेखनीय उदाहरण प्रस्तुत गरेको छ। विशेषगरी, क्रिकेटको व्यवसायीकरण र आइपिएलजस्ता व्यावसायिक लिगले खेल उद्योगलाई अर्बौं डलरको बजारमा परिणत गरेको छ। खेलकुदले भारतमा पर्यटन, विज्ञापन, मिडिया, रोजगारी र निजी लगानीलाई ठुलो गति दिएको छ।

चीनले राष्ट्रिय खेल उद्योग नीति बनाएर खेललाई आर्थिक विकास रणनीतिसँग जोडेको छ। विशाल खेल पूर्वाधार, वैज्ञानिक प्रशिक्षण, खेल विज्ञान र व्यावसायिक व्यवस्थापनमार्फत चीनले खेलकुदलाई राष्ट्रिय शक्ति प्रदर्शनको माध्यम बनाएको छ। जापान र दक्षिण कोरियाले खेल, प्रविधि र पर्यटनलाई एकीकृत गरी खेल अर्थतन्त्रलाई बलियो बनाएका छन्। खेल प्रतियोगिताले पर्यटन गतिविधि बढाएको छ, प्रविधि उद्योगलाई विस्तार गरेको छ र अन्तर्राष्ट्रिय ब्रान्ड निर्माणमा योगदान पुऱ्याएको छ। नेपालले पनि यी अनुभवबाट सिक्न सक्छ। साहसिक खेल, हिमाली पर्यटन, अन्तर्राष्ट्रिय खेल प्रतियोगिता, व्यावसायिक लिग र निजी क्षेत्रको सहकार्यबाट खेलकुदलाई आर्थिक विकासको नयाँ आधार बनाउन सकिन्छ।

शिक्षा र खेलकुदको सम्बन्ध : विकसित मुलुकले शिक्षा र खेललाई एकीकृत रूपमा अघि बढाएका छन्। विद्यालय खेल प्रणाली प्रतिभा उत्पादनको आधार बनेको छ। तर, नेपालमा अझै पनि खेललाई 'अतिरिक्त गतिविधि' जस्तो व्यवहार गरिन्छ। विद्यालय तहदेखि नै खेललाई शिक्षाको अभिन्न अंग बनाउनुपर्छ। खेलले सिकाउने अनुशासन, समय व्यवस्थापन, नेतृत्व र सहकार्य, यी सबै जीवन र राष्ट्र निर्माणका लागि उपयोगी सीप हुन्। शिक्षा र खेललाई सँगसँगै अघि बढाउन सके समग्र मानव विकास सम्भव हुन्छ।

सम्भावना धेरै, प्रणाली कमजोर : नेपालमा प्रतिभाको अभाव छैन। समस्या प्रणालीगत छ। पूर्वाधार अभाव, दीर्घकालीन योजनाको कमी, सीमित बजेट, कमजोर व्यवस्थापन, खेल प्रशासनमा राजनीतिक प्रभाव, खेल विज्ञानको कमी र खेलाडीको सामाजिक सुरक्षाको अभावले खेल विकासलाई अवरुद्ध गरेका छन्।

अझै पनि खेलकुद धेरै हदसम्म प्रतियोगिताकेन्द्रित छ, प्रणालीकेन्द्रित छैन। हामी पदक चाहन्छौं, तर पदक उत्पादन गर्ने संरचनामा पर्याप्त लगानी गर्दैनौं। खेलाडी उत्पादन संयोगले होइन, प्रणालीले गर्छ। यहींनेर नेपालले सोच बदल्नुपर्छ।

खेलकुद विकास नीतिको मूलधार : खेलकुदलाई 'पूरक' क्षेत्र होइन, विकास नीतिको मूल क्षेत्रका रूपमा हेर्नुपर्ने समय आएको छ। जसरी शिक्षा, स्वास्थ्य, कृषि वा पूर्वाधार राष्ट्रिय प्राथमिकता हुन्, खेलकुद पनि त्यही स्तरको प्राथमिकतामा आउनुपर्छ। दीर्घकालीन राष्ट्रिय खेल नीति परिणाममुखी हुनुपर्छ। स्थानीय तहदेखि राष्ट्रिय तहसम्म खेल संरचना बलियो बनाउनुपर्छ। संघीय संरचनाअनुसार खेल प्रणाली पुनर्संरचना आवश्यक छ।

पूर्वाधार, प्रतिभा विकास र खेलाडीकेन्द्रित नीति : प्रत्येक प्रदेश, जिल्ला र स्थानीय तहमा खेल पूर्वाधार योजनाबद्ध रूपमा विकास हुनुपर्छ। खेल मैदान, प्रशिक्षण केन्द्र, खेल विज्ञान, खेल चिकित्सा र प्रतिभा पहिचान प्रणाली विकास गर्नुपर्छ। खेल प्रणालीको केन्द्र खेलाडी हुनुपर्छ, प्रशासन होइन। खेलाडीको सामाजिक सुरक्षा, बिमा, शिक्षा, रोजगारी, प्रशिक्षण र करियर व्यवस्थापनमा स्पष्ट नीति आवश्यक छ। खेलाडीको सम्मान भाषणमा होइन, संरचनामा देखिनुपर्छ।

निजी क्षेत्र र साझेदारी : राज्य एक्लैले समग्र खेल क्षेत्र विकास गर्न सक्दैन। निजी क्षेत्र, समुदाय, शैक्षिक संस्था र अन्तर्राष्ट्रिय सहकार्य आवश्यक छ। प्रायोजन संस्कृति विकास, सार्वजनिक-निजी साझेदारी, खेल फाउन्डेसन र व्यावसायिक व्यवस्थापनले मात्र खेल प्रणालीलाई बलियो बनाउन सक्छ।

पदकभन्दा प्रणाली ठुलो : हामी धेरैजसो पदकलाई सफलता मान्छौं। तर, वास्तविक सफलता पदक उत्पादन गर्ने प्रणाली निर्माण हो। कहिलेकाहीँ एकल सफलताले उत्साह दिन्छ, तर दिगो सफलता प्रणालीले मात्र दिन्छ। राष्ट्र निर्माणको दृष्टिले पनि व्यक्तिगत उपलब्धिभन्दा संस्थागत निर्माण महत्त्वपूर्ण हुन्छ।

खेलकुदलाई केवल पदक, प्रतियोगिता वा मनोरञ्जनका रूपमा सीमित राख्ने सोच अब पर्याप्त छैन। खेलकुद राष्ट्र निर्माणको आधार स्तम्भ हो- स्वस्थ नागरिक निर्माणमा, युवा परिचालनमा, सामाजिक एकतामा, राष्ट्रिय गौरवमा, आर्थिक सम्भावना र अन्तर्राष्ट्रिय पहिचानमा यसको भूमिका गहिरो छ। राष्ट्र निर्माण केवल सडक, भवन र नीतिले हुँदैन, आत्मविश्वासी नागरिक, सशक्त युवा, अनुशासित समाज र गौरवशाली राष्ट्रिय पहिचानले हुन्छ। खेलकुदले यही निर्माण गर्छ। त्यसैले अब स्पष्ट रूपमा भन्नुपर्छ- 'खेलकुद पदकका लागि मात्र होइन, राष्ट्र निर्माणका लागि हो।'

(पोखरेल करौंते प्रशिक्षक हुन्)

३ प्रश्न

सार्वजनिक खर्च पुनरवलोकन आयोगका अध्यक्ष **डा. डिल्लीराज खनाल**लाई



संघमा १८ मन्त्रालय रहने सरकारको निर्णय कस्तो छ ?

हामीले आयोगमार्फत अध्ययन गर्ने क्रममा धेरै गृहकार्य गरेर, कामको प्रकृति, लोड र प्रभावकारिता हेरेर संघमा १६ मन्त्रालय कायम गर्नुपर्ने सुझाव दिएका थियौं। अहिले प्रधानमन्त्री कार्यालयसहित १८ मन्त्रालय कायम गरिएको छ। यसलाई पनि सकारात्मक रूपमै लिनुपर्छ। मन्त्रालयको संख्या कटौती त सुरुवाती बिन्दु मात्र हो। मन्त्रालयको संख्या कटौतीसँगसँगै ३०-३५ विभाग पनि एकसाथ खारेज गर्नुपर्छ। मन्त्रालयको संख्या घटाएर मात्र पुग्दैन, कर्मचारीको पनि व्यापक काटछाँट गर्नुपर्छ। आवश्यकताअनुसार तिनलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्नुपर्ने पनि हुन सक्छ। यसका अतिरिक्त अधिकांश समिति र कोष पनि खारेज गर्नुपर्छ।

यसले सुशासन प्रवाहमा कस्तो प्रभाव पार्ला ?

मन्त्रालयको संख्या कटौतीसँगै जब चुस्त कर्मचारी प्रशासन तयार हुन्छ, तब त्यसलाई जवाफदेही, पारदर्शी, कामकाजी र प्रभावकारी बनाउन सकिन्छ। यस्तो चुस्त, दुरुस्त संयन्त्रले प्रवाह गर्ने सेवा बढी प्रभावकारी हुन सक्छ। त्यसैले, मन्त्रालयको संख्या कटौती, विभिन्न विभाग, समिति र कोषहरूको खारेजी तथा कर्मचारी प्रशासनमा हुने व्यापक काटछाँटले सुशासन प्रवाहमा सकारात्मक प्रभाव पार्ने निश्चित छ।

यसबाट सार्वजनिक व्ययभारमा चाहिँ कस्तो प्रभाव पर्ला ?

मन्त्रालयको संख्या कटौती, अनुत्पादक तथा राष्ट्रलाई खासै आवश्यक नपर्ने विभाग, समिति, कोष आदिको खारेजीले झन्डै एक खर्बभन्दा बढी अनावश्यक व्ययभार जोगिनेछ। यसबाट राष्ट्रको चालू खर्च कटौती हुन्छ। यसरी जोगिएको रकम पुँजीगत खर्चमा लगाउन सकिन्छ। जसले विकास निर्माणमा सकारात्मक प्रभावसमेत पार्न सक्छ।

प्रेरक प्रसंग

लिंकन र महिला

लोकतन्त्रका महान् व्याख्याता अब्राहम लिंकन राष्ट्रपति बनिसकेपछि एकपटक आफू जन्मेको गाउँनजिकैको अर्को एउटा गाउँमा एक जनसभालाई सम्बोधन गरिरहेका थिए। उनको सम्बोधनको बिचमा एक महिला उनको नजिकै पुगिन्। लिंकनलाई देखेर उनी अचम्ममा परिन्। आश्चर्यपूर्वक उनले भनिन्- अरे ! राष्ट्रपति यिनै हुन् ? यिनी त हाम्रै गाउँका एक मोचीका छोरा होइनन् र ?

आफूबारे गरिएको टिप्पणी लिंकनले पनि सुने। सुनेर मुस्कुराउँदै बडो विनम्रतासाथ उनले ती महिलासित प्रश्न गरे- म्याडम, तपाईंले यहाँ उपस्थित जनतासामु मेरो वास्तविकता बताएर निकै राम्रो काम गर्नुभयो। साँच्चै तपाईंले भनेजस्तै म तपाईंको गाउँका मोचीकै छोरा हुँ। के म तपाईंसित एउटा प्रश्न गर्न सक्छु ?



महिलाले भनिन्- निःसंकोच सोध्न सक्नुहुन्छ। अनुमति पाएपछि लिंकनले सोधे- के मेरा पिताले तपाईंका जुता ठिक ढंगले मर्मत गर्नुभएको त थियो ? तपाईंलाई उहाँसित कुनै गुनासो त थिएन नि ? महिलाले सफाइ दिँदै भनिन्- होइन होइन, उहाँको काममा कहिल्यै कुनै गुनासो थिएन। उहाँ आफ्नो काम निकै राम्रोसँग गर्नुहुन्थ्यो।

तब अब्राहम लिंकनले भने- म्याडम जसरी मेरा पिताले आफ्नो काममा कुनै गुनासो गर्ने मौका तपाईंहरूलाई दिनुभएन, त्यसैगरी म पनि तपाईंहरूलाई कुनै गुनासो गर्ने मौका दिनेछैन। तपाईंहरूले मलाई राष्ट्रपतिका रूपमा काम गर्ने अभिभारा दिनुभएको छ। म कुनै गुनासो गर्ने मौका नदिई त्यसलाई पूरा गर्नेछु।

टिप्पणी nayapatrikaofficial @naya_patrika

पार्टी कब्जा भनेको के हो ?

कांग्रेसको पूर्वसंस्थापन समूहका 'आउटडेटेड' नेतामा यतिखेर गज्जबको बेचैनी र छटपटी देखिन्छ। उनीहरू पार्टीको विधानअनुरूप विशेष महाधिवेशनबाट निर्वाचित वर्तमान पदाधिकारीले फर्जी हस्ताक्षरमार्फत पार्टी कब्जा गरेको रट लगाइरहेका छन्। विगतमा आफूहरूले कब्जा गरिएको पार्टी हातबाट फुत्केको दुःखेसो मात्र हो। उनीहरूले विगतमा राम्रो गर्न सकेको भए, पार्टी कार्यकर्तामा विश्वास उमार्न सकेको भए, जनतालाई प्रभावकारी 'डेलिभरी' दिनसकेको भए आज यस्तो अवस्था आउने नै थिएन। आज पार्टीमा जे भइरहेको छ, त्यसलाई फर्जी मतमार्फत पार्टी कब्जा गरिएको आरोप लगाउनुभन्दा त आफूहरूमा तागत भए नयाँ पार्टी गठन गरेर देखाइदिए भइहाल्यो नि !

● **गौरव पुडासैनी**, स्युचाटार, काठमाडौं

यस्तो अत्याचार कहिलेसम्म ?

'अन्तरजातीय प्रेम सम्बन्धको
निहुँमा दलित परिवारमाथि
कुटपिट' शीर्षकको समाचार
पढियो। के नेपालका दलित
जहिल्यै यसैगरी कथित
'माथिल्लो जात'का मानिसबाट
कुटिनै जन्मेका हुन्। कथित
'माथिल्लो जात'का केटा या
केटीसित दलितले विवाह
गर्नु पनि अपराध हो ?
होइन भने किन जहिल्यै यही
अन्तरजातीय विवाहका नाममा
कुटिइरहनुपरेको छ ? कैयौं
दलित युवाको यही विवाहका
नाममा ज्यानसमेत गएको छ।
यस्तो अत्याचार कहिलेसम्म ?

● **सुमना परियार**,
ट्यांलाफाँट, काठमाडौं

संसद्मा रमिता नदेखाऔं

'प्रधानमन्त्री खोज्दै
संसद्मा दिनभर गलफत्ती'
शीर्षकको समाचार पढियो।
विगतमा पनि विरोधीले प्रश्न गर्न
थालेपछि कतिपय प्रधानमन्त्री
संसद्बाट गायब हुन्थे। अहिले
पनि प्रधानमन्त्री संसद्बाट गायब
छन्। प्रधानमन्त्री आए पनि नआए
पनि संसद् नेपाली जनताको
प्रतिनिधिमूलक संस्था हो। यहाँ
विभिन्न विषयमा बहस हुनुपर्छ।
कैयौं कानुन निर्माण हुनुपर्छ। यस्तो
संस्थालाई प्रधानमन्त्री आएनन्
भनेर कमजोर बनाउन पाइन्न।
प्रधानमन्त्री नआउँदैमा संसद्मा
रमिता नदेखाऔं।

● **सुजित अर्याल**,
कमलाक्षी, काठमाडौं

'रेड कर्नर' किन जारी नगर्ने ?

इन्टरपोलको आफ्नै सर्त, विधान होला, त्यो अलग्गै कुरा हो। तर, नेपालले रेड कर्नर नोटिस जारी गर्न अनुरोध गर्दा त्यस्तो नोटिस जारी गर्न आनाकानी गर्नाले कतै इन्टरपोल स्वयं देउवा दम्पतीलाई जोगाउन लागेको त छैन भन्ने प्रश्न उब्जनु स्वाभाविक हो। सम्मानित अदालतबाट पक्राउ पुर्जी जारी भइसक्दा पनि देउवा परिवारले नेपाल फर्कने तयारी नगर्नु पनि एउटा प्रमाण हो। बरु पक्राउको विरोध गर्दै आफूहरू निर्दोष रहेको बताए पनि छिट्टै नेपाल आएर कानुनलाई सहयोग गर्छु भन्ने अभिव्यक्ति देउवा परिवारले अहिलेसम्म दिएको छैन।

विगतमा सहकारी ठगी अभियोगमा रवि लामिछाने पक्राउविरुद्ध जनस्तरबाट ठुलो आवाज उठ्दा पनि दोषी या निर्दोष छुट्याउने काम अदालतको हो भन्ने एमाले र कांग्रेसका नेताहरूले देउवा परिवारलाई चाहिँ अदालतको सम्मान गर्नुस् भनेर अहिलेसम्म कहीँ कतै भनेका छैनन्। बरु केही कांग्रेसीजन देउवा परिवारविरुद्ध प्रमाण नभएकाले पक्राउ नगरेको र देउवा परिवार निर्दोष देखिएको झुटो हल्ला फिँजाइरहेका छन्। यस्तो लाग्छ, उनीहरूका लागि अदालत भनेको इन्टरपोल मात्र हो। नेपालीमा एउटा उखान छ, 'नबिराउनू नडराउनू' जब देउवा परिवारले कुनै गल्ती नै गरेको छैन भने उनीहरूलाई नेपाल आउन केको डर ? पुलिसले पक्रेर गोली हानिहाल्ने त होइन होला नि। अतः इन्टरपोललले देउवा परिवारलाई पक्राउ नगरे पनि उनीहरूलाई बोलाएर तपाईंहरू नेपाल गएर त्यहाँको कानुनको सम्मान गर्नुस्, अदालतको सम्मान गर्नुस् भन्न त सकिन्छ नि !

● **महावीर लामा**, सिन्धुपाल्चोक
lamamahabir9@gmail.com

प्रकृतिसिर्जित क्रोधको सिकार बन्दै किसान

खाली जमिनमा उभिएर हँसिया, कुटो, कोदालोजस्ता धातुका औजार समात्ने किसान विशाल विद्युतीय लहरको प्रकोपमा परिरहेका छन्



देश / विदेश

● अल सरिया
(सरिया बेगम रोकेया युनिभर्सिटीका रिसर्च फेलो हुन्)

बिहानको पत्रपत्रिका पल्टाउँदा वा फोनको स्क्रिनमा हेर्दा एउटा यस्तो समाचार बारम्बार आउँछ, जसले हाम्रो मन कहिल्यै तोड्दैन, चट्याङ लागेर मानिसको असामयिक मृत्यु। जब कालो बादल आकाशमा मडारिन्छ, त्यसले वर्षाको प्रतिज्ञा र किसानको अनुहारमा मुस्कान ल्याउने अनुमान गरिन्छ। तैपनि, त्यसले अब शान्तिपूर्ण वर्षा मात्र ल्याउँदैनन्। त्यसले 'मृत्युदण्ड'को 'वारेन्ट' बोकेको पनि हुन सक्छ।

विगत केही वर्षदेखि चट्याङले बंगलादेशको सबैभन्दा भयानक प्राकृतिक प्रकोपमध्ये एकका रूपमा आफ्नो स्थान बलियो बनाएको छ। तथ्यांकले भयानक चित्र प्रस्तुत गर्छ। बंगलादेशमा प्रत्येक वर्ष चट्याङबाट औसत ३०० जनाको मृत्यु हुन्छ। पछिल्लो डेढ दशकमा, मृत्यु हुनेको संख्या चार हजार ५०० नाघेको छ। सबैभन्दा चिन्ताजनक कुरा के छ भने पीडितमध्ये लगभग ७० प्रतिशत सीमान्तकृत किसान र कृषि मजदुर हुन्। घाम र वर्षाको सामना गर्ने, हाम्रो राष्ट्रलाई खुवाउन पसिना बगाउनेहरू किन असमान रूपमा प्रकृतिको क्रोधको सिकार हुन्छन् ? उत्तर भौगोलिक, वैज्ञानिक र गहिरो मानव निर्मित कारकको जटिल मिश्रणमा निहित छ।

बिजुली चम्कनुको पछाडि एउटा सरल वैज्ञानिक सिद्धान्त छ। जब बादल बन्छ, पानीको बाफ र बरफको क्रिस्टलबिच अत्यधिक घर्षण हुन्छ, जसले गर्दा ठुलो मात्रामा स्थिर बिजुली उत्पन्न हुन्छ। बादलको तल नकारात्मक चार्ज जम्मा हुन्छ भने माथिल्लो भागमा सकारात्मक चार्ज। जब यो चार्ज धेरै विशाल हुन्छ, यो पृथ्वीतिर डिस्चार्ज हुन खोज्छ, सधैं सजिलो र छोटो बाटो अपनाउँछ। अर्को शब्दमा, यो खुला ठाउँमा सबैभन्दा अग्लो वस्तुमा ठोक्किन्छ।

हाम्रा किसान विशाल, समतल खेतमा परिश्रम गर्छन्। खुला दलदलजस्ता क्षेत्रमा हामी प्रायः कैयौं माइलसम्म एउटा पनि अग्लो रुख वा संरचना देख्न सक्दैनौं। विशाल, खाली क्षेत्रमा एक्लै उभिएर किसान अनजानमा भूदृश्यको सबैभन्दा अग्लो वस्तु बन्छ। अनि बादलबाट झर्ने विशाल विद्युतीय लहरले अनिवार्य रूपमा तिनलाई फेला पार्छ। परिस्थितिलाई अझ खराब बनाउन किसानले स्वाभाविक रूपमा हँसिया, कुटो, कोदालोजस्ता धातुका औजार समात्छन्। धातु अत्यधिक प्रवाहकीय भएकाले, प्रकोपको जोखिम तुरुन्तै बढ्छ, तीव्र विद्युतीय प्रवाहले एक सेकेन्डको अंशमा मानव शरीरलाई जलाइदिन्छ।

कुनै समय थियो, जब बंगलादेशको ग्रामीण परिदृश्य अग्ला खजुर, नरिवल र सुपारीका रुखले भरिएको थियो। खेतको किनारमा रोपिएका रुखले प्रकृतिको आफ्नै बिजुली निवारकका रूपमा काम गर्थे। हाम्रा गाउँघरमा एक अव्यक्त पारिस्थितिक सद्भाव थियो। चट्याङले मानिसलाई भन्दा खजुरको रुखको बाक्लो, बोक्रालाई प्रहार गर्थ्यो। तर, लोभ र दूरदर्शिताको अभावले गर्दा हामीले इँटाभट्टाको आगो बाल्न वा काठका रूपमा बेच्न तिनलाई अन्धाधुन्ध काट्यौं। विशाल कृषि भूमि तिनको प्राकृतिक ढालबाट मुक्त



भए। यो पारिस्थितिक कवचबाट मुक्त भएका किसान यस मौसममा मृत्युको मुखमा बसेर काम गरिरहेका छन्।

बढ्दो जलवायु संकटले आगोमा घिउ थपेको छ। विश्वव्यापी तापक्रम वृद्धिले पृथ्वीको तापक्रम माथितिर धकेलिरहेको छ। वातावरणीय वैज्ञानिकले चेतावनी दिएका छन् कि तापक्रममा प्रत्येक एक डिग्री सेल्सियस वृद्धिले चट्याङ १० देखि १२ प्रतिशतले बढ्न सक्छ। तातो वातावरणमा बढी आर्द्रता हुन्छ, जसले गर्दा बादलको घर्षण बढी हुन्छ र फलस्वरूप धेरै बलियो र बारम्बार चट्याङ पर्छ। आकाश हिंस्रक हुँदा सहरमा बस्नेहरू कंक्रिटको छानामुनि लुक्न सक्छन्, खुला ठाउँमा काम गर्ने किसानसँग लुक्ने ठाउँ हुँदैन।

मौसम र कृषि चक्रको क्रूर संयोगले पनि घातक भूमिका खेल्छ। बंगलादेशमा अप्रिल र जुनको बिचमा पश्चिमी वायु र चट्याङको तीव्रता चरम सीमामा पुग्छ। यस मौसमको भयावहता हालैका तथ्यांकमा स्पष्ट रूपमा उल्लेख छ। मे २०२६ को सुरुसम्ममा देशभरि चट्याङले कम्तीमा ७२ जनाको ज्यान लिइसकेको थियो। मे ६ मा मात्र ६ जिल्लामा आठजनाको मृत्यु भयो। केही साताअघि अप्रिलको अन्त्यतिर धान काट्ने क्रममा एकै दिनमा १४ किसान र मजदुरको मृत्यु भयो।

यो ठ्याक्कै त्यही समय हो, जब सुनामगन्ज, नेत्रकोना, किशोरगन्ज र अन्य कृषि केन्द्रको विशाल खेतबारीमा धानको कटनी पूर्ण रूपमा भइरहेको हुन्छ। किसानहरू वर्षभरि आफूले लगाएको बाली घर ल्याउने हतारोमा हुन्छन्। कालो बादल लागे पनि तिनले खेत छोड्न अस्वीकार गर्छन्, अचानक आउने बाढीबाट बाली बचाउन आफ्नो ज्यान जोखिममा राख्छन्। गरिबीको पूर्ण निराशा र आफ्नो बालीप्रतिको गहिरो प्रेमले तिनलाई खुला ठाउँमा बस्न बाध्य पार्छ। जब परिवारको एक मात्र कमाउने व्यक्ति चट्याङमा मर्छ, सम्पूर्ण घरपरिवार भोकमरीको छेउमा धकेलिन्छ, र सम्पूर्ण राष्ट्रले एक खाद्य उत्पादक गुमाउँछ।

बंगलादेशको डेली स्टारबाट

ट्रम्पले अचानक किन खोजे सीको साथ ?

नोभेम्बरमा हुने मध्यावधि चुनावमा तल्लो सदन गुमाउन सक्ने र महाभियोगको निरन्तर धम्की सामना गर्ने जोखिमबिच ट्रम्प चीन पुगेका हुन्



● कन्वल सिबल
(भारतका पूर्वविदेशसचिव सिबलसँग टर्की, इजिप्ट, फ्रान्स र रुसका लागि भारतका पूर्वराजदूत र वासिंटनमा मिसनका उपप्रमुख रहेको अनुभव छ।)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणको नतिजालाई धेरै देशका राजधानीमा विश्लेषण गरिनेछ। भ्रमणले प्रमुख वा दिगो परिणाम ल्याउने सम्भावना कम छ, यद्यपि दुवै पक्षले केही सकारात्मक परिणाम घोषणा गर्न सकिन्छ भनेर सुनिश्चित गर्न अग्रिम काम गरेको हुनुपर्छ।

आफ्नो हतार र अनियमित नीति र विश्वव्यापी प्रणालीमा उनको अवरोधका कारण ट्रम्पले अमेरिकामाथिको विश्वास गुमाएका छन् र विश्वमा अमेरिकी प्रतिष्ठामाथि क्षति पुऱ्याएका छन्। सहयोगी र मित्रराष्ट्रले अब अमेरिकालाई भरपर्दो साझेदारको रूपमा हेर्दैनन्।

कस्ता खालका व्यक्ति हुन् ट्रम्प ?

विदेशी सम्बन्धमा लेनदेनको दृष्टिकोणले पारस्परिक विश्वास निर्माण गर्दैन, किनकि सम्झौता गर्ने काम छोटो अवधिको दृष्टिकोणमा आधारित हुन्छ, दीर्घकालीन रणनीतिक लगानीमा होइन। ट्रम्पले व्यवहारले देखाएका छन् कि उनले गरेका सम्झौता उनी अस्वीकार गर्न सक्छन्। यसबाहेक, सम्झौता गर्ने काममा, उनी अयोग्य विजेताको रूपमा देखा पर्न चाहन्छन्, जसको अर्थ उनी एकतर्फी सम्झौता चाहन्छन्।

ट्रम्पले अमेरिकी संवैधानिक नियन्त्रण र सन्तुलन उल्लंघन गर्छन् र आफ्नो इच्छा पूरा गर्न घरेलु कानुनको अवज्ञा गर्छन्। अन्तर्राष्ट्रिय कानुनमा उनको बेवास्ताका पछाडि यही मानसिकता छ। भेनेजुएलाका राष्ट्रप्रमुखको अपहरण, इरानमाथिको उनको युद्ध, क्युबामाथिको नाकाबन्दी र त्यहाँको शासन परिवर्तन गर्ने खुला धम्कीले उनको विदेश नीति कच्चा शक्तिमा आधारित छ भन्ने देखाउँछ, जसले मूल्य-मान्यता वा सिद्धान्तको कूटनीतिक आवरणलाई पनि त्याग्छ।

ट्रम्पले के गर्न सक्छन् ?

ट्रम्पले राष्ट्रपति सीसँगको आफ्नो व्यक्तिगत सम्बन्धबारे बयानबाजी गर्ने बानी भए पनि चिनियाँ नेताको प्रशंसा गर्ने बानी छ, जुन उनको संरक्षण शैलीको एक हिस्सा हो। भावुक नभएका, चिसो हिसाबकिताब गर्ने, आत्मकेन्द्रित चिनियाँहरू यस्ता कुराकानीबाट मूर्ख हुनेछैनन्। अझ महत्त्वपूर्ण कुरा, अमेरिकाले चीनलाई प्रविधि प्रतिद्वन्द्वीको रूपमा हेर्ने कुरामा स्पष्ट छ, अब उसले एआई डोमेनमा ध्यान केन्द्रित गरेको छ। समयसँगै उसले महत्त्वपूर्ण प्रविधि र कच्चा पदार्थको क्षेत्रमा घरेलु उत्पादन विकास गर्ने र चीनमाथिको आफ्नो निर्भरता क्रमशः कम गर्ने लक्ष्य राखेको छ।

अमेरिकाले चीनमाथि रुस र इरानलाई सैन्य सहयोग गर्नेलगायत धेरै पापको आरोप लगाएको छ। यसले चीनलाई प्रतिबन्ध लगाउने धम्की दिएको छ, जसप्रति चिनियाँहरूले तीव्र प्रतिक्रिया जनाएका छन्। यदि अमेरिकाले चीनलाई उन्नत प्रविधि, विशेषगरी यसको सबैभन्दा उन्नत चिप्स अस्वीकार गरेको छ भने चिनियाँहरूले इभी ब्याट्रीहरूमा प्रयोग हुने ग्रेफाइट वस्तुजस्ता दोहोरो प्रयोगका खनिजमा अमेरिकी पहुँच सीमित गरेर बदला लिएका छन्।

ट्रम्पको भ्रमणको ठिकअघि अमेरिकाले इरानी तेल आयात गर्ने चीनको 'टी पट रिफाइनरी'लाई प्रतिबन्ध लगाएको थियो र चीनले आफ्ना कम्पनीलाई यी प्रतिबन्धबाट जोगाउन आफ्नो घरेलु कानुनको प्रयोग गरेको छ। अमेरिकाले पानामा नहरमाथि नियन्त्रण गर्न खोजेर, भेनेजुएलाको तेलबाट चीनलाई वञ्चित गरेर र हर्मुज जलमार्गमा नाकाबन्दी गर्दै चीनलाई इरानी तेलको सबैभन्दा ठुलो खरिदकर्ता हुनबाट रोकेर चीनको रणनीतिक र आर्थिक हितलाई ठुलो चोट पुऱ्याएको छ। अमेरिकाको विश्वास छ कि चीन आफ्ना बैंकहरूमाथि प्रतिबन्ध लाग्ने डरमा छ, जुन सत्य हुन सक्छ। चीन अलिकति अस्थिर हुन सक्छ, तर अमेरिका-चीन सम्बन्धमा अन्तर्निहित तनाव गम्भीर र वास्तविक छ।

अमेरिकी लक्ष्य

सामान्य विचार यो छ कि अमेरिका युरोप र अन्यत्र आफ्ना सहयोगी र साझेदारलाई अलग्याएर स्वलक्ष्यमा प्रतिबद्ध छ। इरानविरुद्धको युद्ध निर्णायक रूपमा जित्न र पश्चिम एसियामा आफ्ना सहयोगीलाई इरानी प्रतिशोधबाट जोगाउन असफल भएको छ, जसले सुरक्षा प्रदायकको रूपमा यसको भूमिकामाथि प्रश्न उठाएको छ। युद्धका नयाँ विधि ह्यान्डल गर्न अमेरिकी हतियारको प्रभावकारितामाथिको शंकाले अमेरिकाको पतनमाथि बहस उत्पन्न गरेको छ।

अमेरिकी नीतिको कमजोरी र विश्वव्यापीस्तरमा ट्रम्पको धम्कीविरुद्धको प्रतिक्रियाबाट चीनलाई सबैभन्दा ठुलो लाभान्वित देशको रूपमा हेरिएको छ। यदि देशहरूले अब ट्रम्पको नेतृत्वमा अप्रत्याशित र मनमोहक अमेरिकी नीतिविरुद्ध सावधानी हुनु छ भने चीनसँगको नजिकको सम्बन्ध, साथै रुस र ब्रिक्स-प्लस समूहसँगको सम्बन्ध वृद्धि गर्नु बुद्धिमानी देखिन्छ।

अमेरिका-चीन सम्बन्धमा ताइवान मुद्दा अत्यन्तै पेचिलो छ। चीनले ताइवानलाई हतियार आपूर्ति र त्यहाँका नेताहरूको स्वतन्त्रताको आकांक्षाको मामिलामा अमेरिकाबाट बलियो आश्वासन खोजेको छ। ट्रम्पले आफ्ना सहयोगीसँग गरेको व्यवहारलाई ध्यानमा राख्दै ताइपेईले केही डरका साथ कदम चाल्नेछ। अमेरिका-चीन सम्बन्धको राजनीतिक, आर्थिक र सुरक्षा प्रभावका कारण बेइजिङमा के भइरहेको छ भनेर जापान र दक्षिण कोरियाले पनि नजिकबाट पछ्याउनेछन्।

ट्रम्पको भ्रमणले के खिचडी पाक्छ भनेर युरोपले पनि ध्यानपूर्वक हेर्नेछ। ट्रान्सएट्लान्टिक सम्बन्धमा अशान्तिसँगै युरोप राजनीतिक र आर्थिक सन्तुलन चालको माध्यमबाट कच्चापदार्थ र प्रविधिमा पकड भएको चीनतर्फ आकर्षित हुनेछ। तर, युरोपको चीनसँग आफ्नै समस्या छन् र चिनियाँ बजारमा थप पहुँच खोज्छ, यी महत्त्वपूर्ण कच्चापदार्थ र प्रविधिका लागि चीनमाथिको अत्यधिक निर्भरताबारे आफ्नै चिन्ता छन्। अमेरिकाले युरोपलाई उन्नत पश्चिमी प्रविधिमा चीनको पहुँच अस्वीकार गर्ने प्रयासमा सहयोग गर्न दबाब दिइरहेको छ।

भ्रमणमा कार्यकारीको समूह किन ?

ट्रम्पको चीन भ्रमणमा सबैभन्दा ठुला अमेरिकी प्रविधि र लगानी कम्पनीका प्रमुख कार्यकारीको एक समूह नै लगेका छन्। यहाँ सन्देश अस्पष्ट छ। ट्रम्प अमेरिकी निगमले स्वदेशमै लगानी गरून्, उत्पादन रोजगारी अमेरिकामा फिर्ता ल्याऊन् र आपूर्ति शृंखला कम गरून् आदि चाहन्छन्। यदि उनी चीनसँग ठुलो उत्पादन र लगानी साझेदारी हेरिरहेका छन् भने त्यो उद्देश्य कसरी पूरा हुनेछ ?

ट्रम्पले व्यापार घाटा कम गर्न सधैं चीनलाई सोयाबिन, मकै, सोर्घम, गाईको मासु र कुखुरा, कपास इत्यादिजस्ता कृषि उत्पादन बेच्ने प्रयास गरेका छन्, तर सफल हुन सकेका छैनन्, यस सन्दर्भमा ट्रम्पले आफ्नो पहिलो कार्यकालमा चीनसँग हस्ताक्षर गरेको सम्झौताको कमजोर नतिजाले केही दृष्टिकोण दिएको हुनुपर्छ।

जनवरी २०२० मा हस्ताक्षर गरिएको सम्झौताअन्तर्गत चीनले आफ्नो खरिद प्रतिबद्धता पूरा गर्न असफल भयो, प्रतिज्ञा गरिएका अतिरिक्त अमेरिकी सामानको केवल ५८ प्रतिशत मात्र किन्यो। चीनले २०२१ को अन्त्यसम्ममा २०१७ को स्तरभन्दा माथि २०० अर्ब डलरबराबरको अमेरिकी सामान र सेवा खरिद गर्ने आफ्नो प्रतिबद्धता पूरा गरेन।

के यो बेकारको भ्रमण हो ?

ट्रम्पको भ्रमण दुई कारणले गर्दा उच्च अपेक्षा पूरा नहुन सक्छ। पहिलो, उनको इरान युद्ध उनका लागि पराजय साबित भएको छ। उनी चीन जाँदा इरान ट्रफी झोलामा राख्ने सोचेर सुरुमा आफ्नो भ्रमणको मिति स्थगित गरेका थिए। यसविपरीत हर्मुज जलमार्ग बन्द छ र इरानले आफ्नो वार्ताको स्थिति कडा बनाएको छ।

चीनले पश्चिम एसियाको द्वन्द्वमा आफ्नो कार्ड होसियारीपूर्वक खेलेको छ, सतर्क अडान लिएको छ, यद्यपि हर्मुज जलमार्ग खोल्न खोजिरहेको छ, त्यो हदसम्म इरानलाई पूर्ण रूपमा समर्थन गरिरहेको छैन। चीनले अमेरिकाको तर्फबाट इरानमाथि दबाब दिनेछैन।

दोस्रो, नोभेम्बरमा हुने मध्यावधि चुनावमा ट्रम्पले तल्लो सदन गुमाउन सक्ने र महाभियोगको निरन्तर धम्की दिँदै शक्ति नभएका राष्ट्रपति बन्न सक्ने वास्तविक सम्भावनालाई चीनले ध्यानमा राख्नेछ। वार्ताकारको रूपमा उनको अविश्वसनीयताबाहेक ट्रम्पसँगको सम्झौतामा चीनले कति लगानी गर्ने भन्ने एक प्रश्न हुनेछ। अन्तत : चीनलाई अमेरिकी कंग्रेस र प्रशासनमा व्यापक रूपमा फैलिएको चीनविरोधी भावनाबारे पनि थाहा हुनेछ।

एनडिटिभीबाट

सौहार्दपूर्ण भेटवार्तामा ताइवानबारे सीले ट्रम्पलाई दिए चेतावनी

बेइजिङ / चिनियाँ राष्ट्रपति सी जिनपिङले आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पलाई चेतावनी दिँदै ताइवान विषयमा चालिन कुनै पनि गलत कदमले दुई देशलाई 'द्वन्द्व'मा धकेल्न सक्ने बताए।

प्रायः सौहार्दपूर्ण रहेको सी-ट्रम्प शिखर भेटवार्तामा यो मात्रै एक कठोर टिप्पणी सुनियो। भेटमा ट्रम्पले 'महान् नेता र मित्र' भनेर सम्बोधन गरे भनेका थिए। साथै उनले सीलाई सेप्टेम्बरमा ह्वाइट हाउस भ्रमणको निमन्त्रणासमेत दिए।


ट्रम्पको स्वागतमा भव्य आतिथ्यता प्रदान गरेका सीले पनि अमेरिका र चीन 'प्रतिद्वन्द्वी नभई साझेदार हुनुपर्छ' भने। तथापि, अगाडि ताइवानको मुद्दाबारे सीधै सम्बोधन गर्दै भने, 'चीन-अमेरिका सम्बन्धमा ताइवान प्रश्न सबैभन्दा महत्त्वपूर्ण मुद्दा हो। यदि गलत तरिकामा अघि बढियो भने दुई देशबिच टकराव आउनेछ र द्वन्द्व आउन सक्छन्। यसले सम्पूर्ण चीन-अमेरिका सम्बन्धलाई अत्यन्तै खतरनाक अवस्थामा धकेल्न सक्छ।' सी-ट्रम्पबिचको वार्ता दुई घण्टा १५ मिनेटसम्म चलेको थियो। इरानसँगको युद्धले देशभित्र ट्रम्पको अनुमोदन दर घटेको र तत्काल युद्ध रोकिने छनक नदेखिएको समयमा आर्थिक जितको खोजीमा अमेरिकी राष्ट्रपति एक दशकपछि पहिलोपटक चीनमा छन्।

ताइवानको मुद्दाका बाबजुद पनि दुवै नेताले चीन-अमेरिका सम्बन्धको महत्त्वबारे खुलेर टिप्पणी गरे। सीसँगको राजकीय भोजमा बोल्दै ट्रम्पले अमेरिका र चीनका नागरिकले लामो समयदेखि एक-अर्काप्रति 'पारस्परिक सम्मानको गहिरो भावना' साझा गर्दै आएको बताए। यस कुरामा जोड दिन उनले विभिन्न ऐतिहासिक सन्दर्भसमेत प्रयोग गरेका थिए।

भोजमा ट्रम्पभन्दा अगाडि बोलेका सीले भने, 'चीन र संयुक्त राज्य अमेरिकाका जनता दुवै महान् जनता हुन्। चिनियाँ राष्ट्रको महान् पुनरुत्थान र मेक अमेरिका ग्रेट अगेन (अमेरिकालाई पुनः महान् बनाऔं) सँगसँगै अघि जान सक्छन्। हामी दुवै विश्वास गर्छौं कि चीन र अमेरिकाको सम्बन्ध संसारको सबैभन्दा महत्त्वपूर्ण द्विपक्षीय सम्बन्ध हो। यसलाई यही रूपमा कायम राखेर यसमा कहिल्यै गडबड आउन दिनुहुँदैन।'

इतिहासमा आज

मे १५



सन् १९४८ : प्यालेस्टाइनमाथिको २८ वर्ष लामो ब्रिटिस शासन अन्त्य भयो। लगत्तै त्यस भूमिमा नवगठित यहुदी राज्य 'इजरायल'माथि छिमेकी अरबी राज्य इजिप्ट, लेबनान, सिरिया, इराक र साउदी अरबले युद्धको घोषणा गरे।

सन् १९१६ : अमेरिकी नौसेना डोमिनिकन रिपब्लिकमा प्रवेश गऱ्यो, जहाँ अमेरिकाले आठ वर्ष शासन गऱ्यो।

सन् १९३२ : जापानी सरकारविरुद्ध भएको 'कु' प्रयासमा देशका प्रधानमन्त्री इनुकाई सुयोसी नौसेनाबाट मारिए।

सन् १९४३ : दोस्रो विश्वयुद्धका क्रममा मित्रशक्ति अमेरिका तथा बेलायतका चिन्तालाई सम्बोधन गर्न भन्दै सोभियत नेता जोसेफ स्टालिनले विश्वभरका कम्युनिस्ट दलको समूह कोमिन्टर्न (तेस्रो अन्तर्राष्ट्रिय) भंग गरेको घोषणा गरे। सोभियत संघले कोमिन्टर्नमार्फत अन्य देशमा क्रान्ति भड्काउने प्रयास गरेको आरोप थियो।

सन् १९५५ : दोस्रो विश्वयुद्धको अन्त्यमा पश्चिमी शक्ति र सोभियत संघको संयुक्त नियन्त्रणमा परेको अस्ट्रिया स्वतन्त्र बन्यो। तत्कालीन शीतयुद्धकालीन विश्वका दुई ध्रुवमध्ये कसैको पक्ष नलिने प्रतिबद्धता जनाएपछि अस्ट्रियाले स्वतन्त्रता प्रदान गरिएको थियो।

सन् १९७० : रंगभेदी नीति लिएका कारण दक्षिण अफ्रिका अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट निष्कासित भयो।

सन् १९७२ : दोस्रो विश्वयुद्धको अन्त्यपछि २७ वर्षसम्म अमेरिकी सेनाको नियन्त्रणमा रहेको ओकिनावा टापु जापानी सरकारलाई फिर्ता गरियो।

सन् १९८८ : सोभियत संघले अफगानिस्तानमा तैनाथ झन्डै एक लाख १५ हजार सैनिक फिर्ता गर्न सुरु गऱ्यो।

सन् २०१८ : रुसी नेता भ्लादिमिर पुटिनले चार वर्षअघि युक्रेनबाट हत्याएको क्रिमिया प्रायद्वीपलाई रुससँग सीधा जोड्ने १९ किमि लामो 'कर्स पुल'को उद्घाटन गरे।

स्टारमरलाई चुनौती दिने लक्ष्यका साथ बेलायतका स्वास्थ्यमन्त्रीद्वारा राजीनामा

लन्डन / बेलायतका स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले केअर स्टारमर नेतृत्वको लेबर सरकारबाट राजीनामा दिएका छन्। योसँगै दुई वर्षभन्दा छोटो समयमै स्टारमर अपदस्थ हुने जोखिम थप बढेको छ। बेलायतमा गत साता सम्पन्न स्थानीय चुनावमा लेबरले विनाशकारी नतिजा हासिल गरेपछि स्टारमरलाई पद छोड्न दबाब बढ्दै गएको छ।

४३ वर्षीय स्ट्रिटिङले बिहीबार सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै 'अब स्टारमरको नेतृत्वमा विश्वास नरहेकाले सरकारमा रहन नसकेको' बताएका छन्। साथै उनले पछिल्लो चुनावी हारको प्रमुख कारक पार्टीको अलोकप्रियता रहेको'मा कुनै शंका नरहेको लेख्दै अगाडि भनेका छन्, 'अब स्पष्ट भइरहेको छ कि तपाईं (स्टारमर)ले अर्को आमनिर्वाचनमा लेबर पार्टीको नेतृत्व गर्नुहुनेछैन।'

घोषणामा धेरै आंशका गरे पनि स्ट्रिटिङले स्टारमरविरुद्ध औपचारिक नेतृत्वको चुनौती भने दिएका छैनन्। स्ट्रिटिङले विद्यमान नेतृत्वलाई चुनौती दिएर चुनावी प्रतिस्पर्धा सुरु गर्न आवश्यक ८१ सांसदको समर्थन प्राप्त गरे-नगरेको खुलाएका छैनन्। तथापि, उनले भित्री रूपमा नेतृत्व चुनौती दिन तयारी गरेको ब्रिटिस मिडियाले लेखेका छन्।

अहिलेसम्म सुरक्षामन्त्री जेस फिलिप्ससहित चार कनिष्ठ मन्त्रीले राजीनामा दिइसकेका छन् भने ८० भन्दा लेबर सांसदले स्टारमरलाई राजीनामा दिन वा नयाँ नेतृत्वको प्रतिस्पर्धाको समयतालिका सार्वजनिक गर्न आग्रह गरेका छन्। तथापि, हालसम्म कसैले पनि प्रधानमन्त्रीलाई औपचारिक रूपमा चुनौती दिएका छैनन्।

स्ट्रिटिङ लेबर पार्टीभित्रको दक्षिणपन्थी गुटमाथ लोकप्रिय भए पनि उनलाई वामपन्थी समूहले रुचाएको देखिँदैन। वामपन्थी गुटबाट एन्जेला रेनर वा हाल ग्रेटर म्यानचेस्टर नगरका मेयर एन्डी बर्नहमलाई प्रमुख दाबेदारका रूपमा हेरिएको छ। तीमध्ये बर्नहम हाल सांसद नभएकाले नेतृत्व चुनौतीमा भाग लिनुअघि उनले कुनै सांसदलाई राजीनामा गर्न लगाएर सांसद बन्नुपर्ने हुन्छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

क्रेडिट कार्डको बाँकी रकम चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका क्रेडिट कार्ड होल्डरहरुले उपभोग गरेको क्रेडिटकार्ड बापत बुझाउनु पर्ने बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलका क्रेडिटकार्ड होल्डरहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको क्रेडिट कार्डको सम्पूर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला । अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने क्रेडिटकार्ड होल्डरहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ ।

तपसिल

ऋणीहरुको विवरण

१) कंचन कुमार अग्रवाल ना.प्र.पं.नं.: १६०३२८२४९ स्थायी ठेगाना पर्सा जिल्ला, विरगंज उ.म.न.पा. वडा नं. ७ हालको ठेगाना : पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. ११ बाबु : शंकर प्रसाद अग्रवाल बाजे : मुरलीधर अग्रवाल कर्जा शिर्षक : क्रेडिट कार्ड	२) बृजेश कुमार अग्रवाल ना.प्र.पं.नं.: १६०३१२९८५ स्थायी ठेगाना पर्सा जिल्ला, विरगन्ज न.पं. वडा नं. ७ हालको ठेगाना : पर्सा जिल्ला, विरगन्ज म.न.पा. वडा नं. ११ बाबु : शंकर प्रसाद अग्रवाल बाजे : मुरलीधर अग्रवाल कर्जा शिर्षक : क्रेडिट कार्ड	३) रोशन कुमार सिंह ना.प्र.पं.नं.: १५१०७४ स्थायी ठेगाना : सिरहा जिल्ला, देषिपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ११ बाबु : शिव कुमार महतो बाजे : रामेश्वर महतो कर्जा शिर्षक : क्रेडिट कार्ड	४) राम कृष्ण सुवेदी ना.प्र.पं.नं.: २९४२० स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ११ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ४ बाबु : राममणी सुवेदी बाजे : हरी कृष्ण सुवेदी कर्जा शिर्षक : क्रेडिट कार्ड	५) सुमन राज गिरी ना.प्र.पं.नं.: २९-०१-७३-००८४८ स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं ४ हालको ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं १० बाबु : राजेन्द्र गिरी बाजे : सानु कृष्णबहादुर गिरी कर्जा शिर्षक : क्रेडिट कार्ड
६) निरज ढकाल ना.प्र.पं.नं.: २८-०१-०६४-०१९५६ स्थायी ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. १० हाल ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. १२, कपन बाबु : सिव प्रसाद ढकाल बाजे : टिकाराम ढकाल कर्जा शिर्षक : क्रेडिट कार्ड	७) तारामान कुँवर ना.प्र.पं.नं.: ६७-०२-७३/००५४२ स्थायी ठेगाना : कैलाली जिल्ला, दोदोधरा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. १ बाबु : शेर वहादुर कुँवर बाजे : दल वहादुर कुँवर कर्जा शिर्षक : क्रेडिट कार्ड	८) विजय थापा ना.प्र.पं.नं.: २७-०२-७०-०१३८० ठेगाना : काठमाडौं जिल्ला, गागलफेदी गा.वि.स वडा नं. ६ बाबु : लक्ष्मन थापा बाजे : केशव बहादुर थापा कर्जा शिर्षक : क्रेडिट कार्ड	९) राजेश कुमार ठाकुर ना.प्र.पं.नं.: १६९७०३/२२ स्थायी ठेगाना : सप्तरी जिल्ला, बसबलपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. १० बाबु :आनन्दी ठाकुर हजाम बाजे : धनि लाल ठाकुर कर्जा शिर्षक : क्रेडिट कार्ड	१०) आशा देवी अग्रवाल ना.प्र.पं.नं.: ५०१५ स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ०७ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा वडा नं. ११ बाबु : सज्जन प्रसाद अग्रवाल पति : वृजेश कुमार अग्रवाल ससुरा : शंकर प्रसाद अग्रवाल कर्जा शिर्षक : क्रेडिट कार्ड
११) तेन्जिङ शेर्पा ना.प्र.पं.नं.: ०९-०१-७०-०५१७१ स्थायी ठेगाना : भोजपुर जिल्ला, किमालुङ्गा गा.वि.स वडा नं. १ हालको ठेगाना : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा वडा नं. ९ बाबु : लाक्पा दोर्ची शेर्पा बाजे : किनुरु शेर्पा कर्जा शिर्षक : क्रेडिट कार्ड	१२) कैलास साह सुडी ना.प्र.पं.नं.: १५३०२९ /५५६ स्थायी ठेगाना : सिरहा जिल्ला, मझौलिया गा.वि.स. वडा नं. ६ हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ३ बाबु : महेन्द्र साह सुडी बाजे : मन रुप साह सुडी कर्जा शिर्षक : क्रेडिट कार्ड	१३) सोनी कुमारी ना.प्र.पं.नं.: ३२१०७९-१२९ स्थायी ठेगाना : रौतहट जिल्ला, जुडीबेला गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. २ बाबु : सुरेश प्रसाद जैसवाल पति : शिवजी प्रसाद चौधरी ससुरा : दुर्योधन चौधरी कर्जा शिर्षक : क्रेडिट कार्ड	१४) शम्भु कुमार सहनी ना.प्र.पं.नं.: ८७७२३ स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ६ बाबु : राम सहनी बाजे : शिवजी सहनी कर्जा शिर्षक : क्रेडिट कार्ड	१५) प्रदिप कुमार वि.क ना.प्र.पं.नं.: १४१००२/१२१०१५ स्थायी ठेगाना : उदयपुर जिल्ला, ठोक्सिला गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ४ बाबु : टंक वहादुर विश्वकर्मा बाजे : बुद्धीमान विश्वकर्मा कर्जा शिर्षक : क्रेडिट काड
१६) जितेन्द्र प्रसाद यादव ना.प्र.पं.नं.: २८३४/३२५८/३२२० स्थायी ठेगाना : बारा जिल्ला, अमृतगंज गा.वि.स वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, विरगंज म.न.पा वडा नं. २ बाबु : चन्देश्वर प्रसाद यादव बाजे : जादोलाल राय यादव कर्जा शिर्षक : क्रेडिट कार्ड	१७) उमङ्ग देवकोटा ना.प्र.पं.नं.: २२५२ स्थायी ठेगाना : रुपन्देही जिल्ला, शंकरनगर गा.पं. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा वडा नं. ३ बाबु : गुरु प्रसाद देवकोटा बाजे : लिलाधर देवकोटा कर्जा शिर्षक : क्रेडिट कार्ड	१८) विकास श्रेष्ठ ना.प्र.पं.नं.: १/३२३ स्थायी ठेगाना : मोरङ जिल्ला, सिजुवा गा.वि.स वडा नं. ८ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बाबु : इन्द्र बहादुर श्रेष्ठ बाजे : अम्मर बहादुर श्रेष्ठ कर्जा शिर्षक : क्रेडिट कार्ड		

नोट : क्रेडिट कार्ड होल्डरहरु बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम क्रेडिट कार्ड होल्डरहरुको परिचय खुलाउने प्रयोजनकोलागि मात्र प्रयोग गरिएको ।

संक्षेप

व्यवसायी धरपकडप्रति महासंघले गरायो ध्यानाकर्षण

काठमाडौं / उद्योगी-व्यवसायी धरपकडप्रति नेपाल उद्योग वाणिज्य महासंघले गम्भीर ध्यानकर्षण भएको जनाएको छ। महासंघले विज्ञप्ति जारी गर्दै अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निजी क्षेत्र-बैंकिङ क्षेत्रका नेतृत्वदायी उच्चपदस्थ व्यक्तिलाई फौजदारी कसुरको शैलीमा धरपकड गरिने प्रवृत्तिले समग्र व्यावसायिक वातावरणमा त्रास सिर्जना भई लगानीकर्ता र व्यावसायिक जगत्मा नकारात्मक सन्देश प्रवाह गरेको बताएको छ।

सरकारले प्रारम्भिक अनुसन्धान गर्नुअगावै उद्योगी-व्यवसायीलाई पक्राउ गर्ने, मिडिया ट्रायल गर्नेजस्ता कार्य गर्दा सम्बन्धित व्यवसायीको मान-प्रतिष्ठामा समेत आँच पुग्ने महासंघले स्मरण गराएको छ। यस्ता अनुसन्धान गोप्य रूपमा गर्न र उद्योगी-व्यवसायीमाथि देवानी दायित्व सिर्जना हुने मुद्दाको छानबिन, अभियोजन सोहीअनुरूप गर्न पनि महासंघले आग्रह गरेको छ।

निर्माण व्यवसायी महासंघ आन्दोलनमा

काठमाडौं / निर्माण क्षेत्रका समस्या समाधानमा सरकार तयार नभएको आरोप लगाउँदै निर्माण व्यवसायीहरू आन्दोलनमा उत्रिएका छन्। मध्यपूर्वमा जारी युद्धका कारण इन्धन, निर्माण सामग्रीहरू, ढुवानी तथा श्रमिक लागतमा पटक-पटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिको समस्या सम्बोधन गर्न सरकार तयार नभएको भन्दै निर्माण व्यवसायीहरूले आन्दोलन सुरु गरेका हुन्।

नेपाल निर्माण व्यवसायी महासंघको अगुवाइमा व्यवसायीहरू बिहीबारदेखि आन्दोलनमा होमिएका छन्। व्यवसायीहरूले बिहीबार सरकारी निकायमा ज्ञापनपत्र बुझाउनुका साथै धर्नासमेत दिएका हुन्।

बिहीबार केन्द्रमा एसोसिएट सदस्य समन्वय समितिको तर्फबाट सडक विभाग र ऊर्जा, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकलाई ज्ञापनपत्र बुझाई आधा घण्टा धर्ना दिएको महासंघका महासचिव शिवहरि घिमिरेले जानकारी दिए।

विद्युत् नियमन आयोगमा खुला प्रतिस्पर्धामार्फत पदाधिकारी नियुक्ति गरिने

काठमाडौं / सरकारले विद्युत् नियमन आयोगका पदाधिकारीहरू खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बुधबार मन्त्रीस्तरीय निर्णयमार्फत आयोगका पदाधिकारी छनोट गर्न तीन सदस्यीय सिफारिस समिति गठन गरेका हुन्। मन्त्रालयका सचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा गठन गरिएको समितिमा ऊर्जा मन्त्रालयका सहसचिव सागरराज गौतम र ऊर्जाविज्ञ सतिषनारायण जोशी सदस्य रहेका छन्।

■ अर्थमन्त्रीले प्रस्तुत गरे आगामी बजेटको सिद्धान्त र प्राथमिकता

सुशासन, आर्थिक वृद्धि र गुणस्तरीय सेवालाई केन्द्रमा राखिने घोषणा

बजेटमार्फत आर्थिक चुनौती चिर्ने र थिति बसाल्ने अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको प्रतिबद्धता

कृष्ण रिजाल / नयाँ पत्रिका

सरकारले सुशासन, आर्थिक वृद्धि र गुणस्तरीय सेवालाई केन्द्रमा राखेर आगामी बजेट ल्याउने उद्घोष गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बिहीबार संसद्को दुवै सदनमा आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै विद्यमान आर्थिक चुनौती चिर्ने र थिति बसाल्ने बजेट ल्याउने प्रतिबद्धता व्यक्त गरे।

'सुशासन र न्याय, रोजगारमूलक आर्थिक वृद्धि तथा गुणस्तरीय सार्वजनिक सेवा र समान अवसरलाई केन्द्रमा राख्दै बजेट निर्माणको क्रममा हामी छौं,' अर्थमन्त्रीले भने, 'नेपालको संविधान, लोकतान्त्रिक मूल्य-मान्यता र असल शासनका मूल आदर्शप्रति अविचल रहँदै 'थिति बसाल्ने' संकल्पसहित नीतिगत स्थायित्व, संस्थागत सुदृढीकरण र परिणाममुखी शासनप्रणाली स्थापित गर्ने दिशातर्फ वर्तमान सरकार अघि बढेको छ।'

अर्थमन्त्रीले बिहीबार राष्ट्रिय सभा र प्रतिनिधिसभामा आगामी बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका हुन्। 'आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटले मुलुकका विद्यमान आर्थिक चुनौतीलाई सम्बोधन गर्दै समुन्नत नेपालको दिगो आधार तयार गर्नेछ,' उनले भने, 'प्रस्तुत विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले रोजगारीकेन्द्रित आर्थिक वृद्धि, संरचनागत सुधार, डिजिटल रूपान्तरण र सुशासनलाई केन्द्रमा राख्नेछ।' त्यस्तै, निजी क्षेत्रको आत्मविश्वास पुनर्स्थापन, लगानीमैत्री वातावरण निर्माण र प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहमार्फत नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने प्रतिबद्धता यसमा रहेको उनले बताए।

यस्ता छन् बजेटका मुख्य सिद्धान्त

अर्थमन्त्रीले संसद्मा सुशासन, अर्थतन्त्रको पुनर्संरचना, एकीकृत पूर्वाधार, मध्यमवर्गको विस्तार र सौम्य शक्तिको सुदृढीकरणलाई समेटेर बजेटका मुख्य पाँच सिद्धान्त प्रस्तुत गरेका छन्। उनले आगामी बजेट नागरिकको समय, श्रम र लागत बचत हुने गरी द्रुत एवं विश्वसनीय सार्वजनिक सेवा सुनिश्चित गर्ने दिशामा केन्द्रित हुने बताए। 'राज्यलाई उत्तरदायी र प्रविधिमैत्री बनाउँदै सुशासनको प्रत्यक्ष लाभ नागरिकको दैनिक जीवनमा अनुभूत हुने गरी शासकीय सुधारको शृंखला कार्यान्वयन गर्नेछौं,' अर्थमन्त्रीले भने।

उच्च, फराकिलो र तीव्र आर्थिक वृद्धि हासिल गर्दै पर्याप्त रोजगारी सिर्जना गर्नु अर्थतन्त्र पुनर्संरचनाको मूल लक्ष्य हुने अर्थमन्त्रीले बताए। 'आगामी बजेटले उपभोगमा-आधारित अर्थतन्त्रलाई लगानी र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्नेछ,' बजेटको सिद्धान्त र प्राथमिकतामा उल्लेख छ, 'आर्थिक अवसरको विस्तार, उद्यमशीलताको प्रवर्द्धन, प्रतिस्पर्धात्मक वातावरणको सुनिश्चितता र वित्तीय साधनको उत्पादनशील परिचालनका आधारमा 'नयाँ चरणको आर्थिक सुधार' अघि बढाउनेछौं।'

लगानीमैत्री आर्थिक वातावरण सुदृढ गर्ने, निजी क्षेत्रको आत्मविश्वास पुनर्स्थापित गर्दै उद्यम-व्यवसायमा रहेका अवरोध हटाउने, अस्वस्थ प्रतिस्पर्धा, सिन्डिकेट, कार्टेलिङ र एकाधिकारको अन्त्य गर्ने, कर प्रणालीलाई सरल र न्यायोचित बनाउँदै उत्पादन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने र डिजिटल अर्थतन्त्र, सेवा निर्यात, स्वच्छ ऊर्जा र उच्च मूल्य अभिवृद्धियुक्त कृषि क्षेत्रलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा अघि बढाउने अर्थमन्त्रीले बताए।

सरकारले भूगोल र बस्तीबिच मात्र नभई उत्पादन, बजार, सेवा र अवसरबिचको दूरी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक अन्तरसम्बन्ध सुदृढ गर्ने गरी एकीकृत पूर्वाधार निर्माण गर्ने बजेटको सिद्धान्त रहेको छ। 'सडक, हवाई, ऊर्जा, सहरी तथा डिजिटल पूर्वाधारलाई एकीकृत दृष्टिकोणका साथ विकास गर्नेछौं। पूर्वाधारलाई समय, लागत र गुणस्तरको अनुशासनभित्र राख्न संस्थागत समन्वय सुदृढ गर्नेछौं,' उनले भने।

■ बजेटका पाँच सिद्धान्त

- सुशासनको लाभांश
- अर्थतन्त्रको पुनर्संरचना
- सन्निकटताका लागि एकीकृत पूर्वाधार
- सर्वव्यापी सामाजिक उन्नयन र मध्यमवर्गको विस्तार
- सौम्य शक्तिको सुदृढीकरण



■ बजेटका पाँच प्राथमिकता

- सेवा प्रवाहका लागि कानुनी संस्थागत सुधार र सूचना-प्रविधिको समुपयोग
- समग्र आर्थिक वृद्धिका लागि क्षेत्रगत स्रोतहरूको पुनर्प्राथमिकीकरण
- भौतिक पूर्वाधारका लागि बहुपक्षीय पुँजी परिचालन
- अवसरको समानताका लागि सामाजिक लगानी
- बहुआयामिक अन्तर्राष्ट्रिय सम्बन्धको विविधीकरण



यस्ता छन् बजेटका मुख्य प्राथमिकता

अर्थमन्त्री डा. वाग्लेले कानुनी तथा संस्थागत सुधार, सूचना प्रविधिको प्रयोग, क्षेत्रगत स्रोतको पुनर्प्राथमिकीकरण, भौतिक पूर्वाधारका लागि बहुपक्षीय पुँजी परिचालन, सामाजिक लगानी तथा बहुआयामिक अन्तर्राष्ट्रिय सम्बन्धको विविधीकरणलाई बजेटको प्राथमिकतामा राखेका छन्।

सहकार्यात्मक संघीय शासन प्रणालीमार्फत सबल राज्य संरचना निर्माण गर्नु बजेटको प्राथमिकता हुने उनले बताए। संघलाई नीति-निर्माण, अनुसन्धान, राष्ट्रिय मापदण्ड निर्धारण र रूपान्तरणकारी आयोजनामा केन्द्रित गर्ने, प्रदेशलाई समन्वय, प्रादेशिक योजना र सेवा सहजीकरणको गतिशील पुलका रूपमा पुनर्संरचना गर्ने र स्थानीय तहलाई राज्यको कार्यान्वयन इकाइका रूपमा सुदृढ गर्न पर्याप्त गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण र सिपमा समान पहुँच सुनिश्चित गर्दै सक्षम मानव पुँजी विकास गर्ने बजेटको सिद्धान्त रहेको छ। 'आर्थिक गतिशीलता र सामाजिक सुरक्षा प्रत्याभूत गरी मध्यम वर्गको विस्तार गर्नेछौं,' अर्थमन्त्रीले भने, 'नवप्रवर्तन, उद्यमशीलता र स्टार्टअप संस्कृतिलाई उत्पादन र रोजगारीसँग आबद्ध गर्न उपयुक्त वित्तीय साधन परिचालन गर्नेछौं।'

सरकारले पारस्परिक लाभ, राष्ट्रिय आत्मसम्मान र सार्वभौम हितमा आधारित सन्तुलित परराष्ट्र सम्बन्ध सुदृढ गर्दै आर्थिक समुन्नतिका लागि सौम्य शक्ति (सफ्ट पावर) परिचालन गर्ने बजेटको सिद्धान्त छ। 'आर्थिक कूटनीति, सांस्कृतिक पहिचान, प्रविधि तथा पर्यटनको एकीकृत उपयोगमार्फत नेपालको अन्तर्राष्ट्रिय उपस्थिति, विश्वसनीयता र प्रभाव विस्तार गर्नेछौं,' अर्थमन्त्रीले भने, 'छिमेकी तथा मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थाहरूसँग परिपक्व सम्बन्ध विकास गर्दै आर्थिक लाभ वृद्धि गर्नेछौं।'

वित्तीय स्रोत र संस्थागत क्षमता सुनिश्चित गर्ने उनले बताए। 'व्यवसाय दर्तादेखि अनुमति, कर प्रशासन, भुक्तानी र नियमनसम्मका प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गर्नेछौं,' बजेटको सिद्धान्त तथा प्राथमिकतमा उल्लेख छ, 'ठुला परियोजनाहरूको कार्यान्वयनमा देखिएका कानुनी, प्रक्रियागत र संस्थागत अवरोध हटाउनु सरकारको प्राथमिकता हो।'

स्वार्थको द्वन्द्व, कार्टेलिङ तथा एकाधिकार प्रवृत्तिविरुद्ध कडा नियामकीय व्यवस्था लागू गर्ने, सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति विवरण र खर्च प्रणालीलाई पारदर्शी बनाई राज्यप्रति नागरिकको विश्वास पुनर्स्थापित गर्ने, 'थोरैले धेरै सेवा' दिने आधुनिक प्रशासन निर्माण, तथ्यांक, प्रविधि र कृत्रिम बुद्धिमत्तामा आधारित सार्वजनिक प्रशासनको रूपान्तरण गर्ने, 'एकपटक विवरण सबै सेवामा प्रयोग'का लागि अन्तर-आबद्ध सरकारी प्रणाली विकास गर्ने बजेटको प्राथमिकतामा रहने उनले बताए।

आगामी बजेटले सीमित सार्वजनिक स्रोत र निजी लगानीलाई उच्च प्रतिफल, रोजगारी र मूल्य अभिवृद्धि हुने क्षेत्रतर्फ पुनर्प्राथमिकीकरण गर्ने नीति अवलम्बन गर्ने अर्थमन्त्रीले बताए।

भौतिक पूर्वाधार विकासलाई आर्थिक रूपान्तरणको दरिलो आधार बनाउने, 'लगानी एक्सप्रेस' नीतिमार्फत उद्योग, लगानी र पूर्वाधार परियोजनाको स्वीकृति तथा कार्यान्वयन प्रक्रियालाई सरल र समयबद्ध बनाउने, खानी तथा खनिज क्षेत्रको विकास गर्दै स्वदेशी स्रोतसाधनको उत्पादक उपयोग अभिवृद्धि गर्ने तथा हरित हाइड्रोजन, ऊर्जा भण्डारण तथा स्वच्छ औद्योगिक प्रविधिमा निजी क्षेत्रको लगानी प्रोत्साहित गर्ने सरकारको प्राथमिकता रहेको उनले बताए। 'नेपाललाई 'तौलरहित उच्च मूल्य सिर्जना गर्ने अर्थतन्त्र'मा रूपान्तरण गर्ने उद्देश्यका साथ सफ्टवेयर, क्लाउड सेवा, डेटा सेन्टर, एआई कम्प्युटेसन, साइबर सुरक्षा तथा डिजिटल सेवाको निर्यात प्रवर्द्धन गर्नेछौं,' उनले भने।

धितो रहेको अचल सम्पत्ति लिलाम-बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सूचना



(दोस्रोपटक सूचना प्रकाशित मिति : २०८३ जेठ ०१, नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी तपसिल बमोजिम ऋण लिने सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरी लिखित, मौखिक तर ताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएकाले सहकारी ऐन-२०७४ को दफा ७९, सहकारी नियमावली-२०७५ को नियम ३० र संस्थाको नियमानुसार गत २०८२ बैशाख ०२ मा कर्जा चुक्ता गर्न प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरिसकेपछि पनि ऋण चुक्ता गर्न नआएका साथै कैयौंपटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएका कारण पुनः दोस्रोपटक यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित धितो दिनुहुने ऋणी सदस्यलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जाको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क समेत नबुझाई बसेमा कानुन बमोजिम धितो सुरक्षणमा रोक्का रहेको जग्गा लिलाम भै जानेछ। पछि तपाईंको उजुरवाजुर लाग्ने छैन।

यो सूचना बमोजिम ३५ (पैंतीस) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा संस्थामा धितो रहेको अचल सम्पत्ति लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूमा यो सूचना पत्रिकामा प्रकाशित मितिले ३६ (छत्तीसौं) दिनदेखि ४२ औं (बयालिसौं) दिनभित्र (अन्तिम दिन बिदा परेमा लगत्तै भोलिपल्ट) यस संस्थामा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (२०८३ असार १२) वा सो दिन बिदा परेमा लगत्तै त्यसको भोलिपल्ट संस्थाको कार्यालय खुलेको दिनमा दिनको १३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधिहरूलाई उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन।

बोलपत्र फारम संस्थाको कार्यालय, सुन्धाराबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
धितो रहेको सम्पत्ति हेर्न चाहेमा संस्थाको कार्यालय, सुन्धारामा सम्पर्क गरी हेर्न सकिनेछ।

तपसिल

कर्जा शीर्षक	ऋणीको विवरण	धितोको विवरण
विविध कर्जा	**नाम : श्री सफला साख** (नागरिकता नं. १७७४२, भक्तपुर - २०५४ चैत्र ०६) बाबु : सन्त बहादुर साखकर्मी ससुरा : हेरा लाल श्रेष्ठ पति : केशव राज श्रेष्ठ ठेगाना : भक्तपुर जिल्ला, सुडाल गाविस-२ घर भै हाल काठमाडौं जिल्ला, टोखा नपा-२, इकुलाल टोल 	श्रीमती सफला साखको नामको भक्तपुर जिल्ला, नखेल गाविस-०१ (हाल सुर्यविनायक नपा-०८), कि.नं. १६८४, क्षेत्रफल ०-४-०-१ (१२९.१७ वर्गमी)को जग्गा।
विविध कर्जा	**नाम : श्री दीनेश साखकर्मी** (नागरिकता नं. १६५३०, भक्तपुर - २०५४ मंसिर २६) बाजे : राम बहादुर साखकर्मी बाबु : सन्त बहादुर साखकर्मी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गाविस-२ घर भै हाल काठमाडौं जिल्ला, टोखा नपा-२, इकुलाल टोल 	

बोलपत्रका शर्तहरू :

१. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
२. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरू बोलपत्रदाता स्वयंले नै बेहोर्नुपर्नेछ।
३. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
४. अन्य शर्त बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कावासोती नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
नथु राम महतोको नाति, शिखा राम महतोको छोरा, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी (ब.सु.पू.) जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **झण्डा राम महतो** (ना.प्र.नं. ३६९६४५, जारी मिति २०४३/११/२१, जि.प्र.का. नवलपरासी)।	
व्यक्तिगत जमानतकर्ताको विवरण	
१. शिखा राम महतोको बुहारी, झण्डा राम महतोको पत्नि, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी (ब.सु.पू.) जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **मतिया महतो** (ना.प्र.नं. ४९०/ना ३५२, जारी मिति २०४५/०१/२६, जि.प्र.का. नवलपरासी)।	२. शिखा राम महतोको नाति, झण्डा राम महतोको छोरा, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी (ब.सु.पू.) जिल्ला, देवचुली न.पा वडा नं. १७ बस्ने **मनोज महतो** (ना.प्र.नं. ३६२००८/१२७९, जारी मिति २०७०/०८/३०, जि.प्र.का. नवलपरासी)।
३. शिखा राम महतोको नाति, झण्डा राम महतोको छोरा, नवलपरासी जिल्ला, रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी (ब.सु.पू.) जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **अमिर महतो** (ना.प्र.नं. ३६३००८/९६२, जारी मिति २०७०/०२/२६, जि.प्र.का. नवलपरासी)।	
धितोको विवरण	
मतिया महतो (ना.प्र.नं. ४९०/ना ३५२, जारी मिति २०४५/०१/२६, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, सावित्र सिसवार गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क हाल नवलपरासी (ब.सु.पू.) जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. ८९० को क्षेत्रफल ०-३-१० (बिघा) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank
शाखा कार्यालय : कावासोती नवलपरासी
फोन नं. ०७८-५४११३३
Website : www.siddharthabank.com

चालू आवमा तीन खर्बको निर्यात लक्ष्य, चैतसम्म सवा दुई खर्ब निर्यात

विवरण	वार्षिक लक्ष्य	चैतसम्मको उपलब्धि
निर्यात	३ खर्ब	२ खर्ब २२ अर्ब
रोजगारी सिर्जना	१ लाख ८० हजार	३३ प्रतिशत
ठुला उद्योग दर्ता	६०	५७
प्रत्यक्ष वैदेशिक लगानी	६५ अर्ब	४१ अर्ब
पेटेन्ट दर्ता	४	१
औद्योगिक ग्राम सञ्चालन	५	०

स्रोत : उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्ष ०८२/८३ मा कुल तीन खर्बबराबरको वस्तु तथा सेवा निर्यातको लक्ष्य राखेकोमा चैत मसान्तसम्म दुई खर्ब २२ अर्ब ९४ करोडको निर्यात भएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले चैत मसान्तसम्मको कार्य प्रगति सार्वजनिक गर्दै लक्ष्यअनुसार निर्यातमा केही सुधार भएको जनाएको छ। तीन खर्बको लक्ष्य राखे पनि दुई खर्ब ७७ अर्बको निर्यातलाई मन्त्रालयले 'बेसलाइन' बनाएको छ।

त्यस्तै, चालू आवमा १९ खर्बको आयात हुने प्रक्षेपण भएकोमा चैत मसान्तसम्म १४ खर्ब ९० अर्ब रुपैयाँको आयात भइसकेको छ। त्यस्तै, कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान ५.१ प्रतिशत कायम गर्ने लक्ष्य राखेकोमा चैत मसान्तसम्म ४.९८ प्रतिशत पुगेको पनि प्रतिवेदनमा उल्लेख छ। रोजगारी सिर्जनामा भने अपेक्षित उपलब्धि हाँसिल भएको छैन। ठुला, मझौला, साना घरेलु एवं लघु उद्यमी सिर्जना कार्यक्रमबाट एक लाख ८० हजारलाई रोजगारी दिने लक्ष्य राखेकोमा चैत मसान्तसम्म ३३ प्रतिशत मात्रै उपलब्धि हाँसिल भएको छ।

मन्त्रालयले माइलस्टोन उपलब्धितर्फ विश्व व्यापार संगठन र नेपालबिचको व्यापार नीतिबारे प्रतिवेदन तयार पारेको विषयलाई समेटेको छ। नेपालले तयार गरेको प्रतिवेदनमा संगठनका सदस्यहरूबाट करिब दुई सयवटा प्रश्न उठाइएको र ती प्रश्नको उत्तरसमेत तयार गरेर गत मंसिरमा आयोजित संगठनको समीक्षा बैठकमा पेस भएको मन्त्रालयले जनाएको छ।

त्यस्तै, विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज)को १० वटा प्लटमा उद्योग राख्नका लागि अनुमति प्रदान गरिएको, स्टार्टअप उद्यम नीति तथा कार्यविधि स्वीकृत भएको र विराटनगर र भैरहवा नाकाबाट रेलमार्फत सबै किसिमका कार्गो ढुवानी गर्नका लागि नेपाल-भारत पारवहन सन्धि प्रोटोकल संशोधन भएको विषयलाई पनि माइलस्टोन उपलब्धिमा मन्त्रालयले राखेको छ। चैत मसान्तसम्म तीन लाख ७२ हजार दुई सय ३० वटा कम्पनी दर्ता र १२ हजार आठ सय ७१ कम्पनी खारेज भएको तथा २६ सय ५४ ट्रेडमार्क दर्ता तथा एक सय ८३ औद्योगिक बाद्धिक सम्पत्तिसम्बन्धी मुद्दा फैसला भएको मन्त्रालयले जनाएको छ। राष्ट्रिय खाद्य सुरक्षा भण्डारणमा २५ हजार टन र सार्क खाद्य बैंकमा आठ हजार टन खाद्यान्न भण्डारण गरिएको, रुग्ण उद्योग सञ्चालनका बारेमा छलफल थालिएकोलगायतको उपलब्धि विवरणलाई मन्त्रालयले प्रतिवेदनमा समेटेको छ।

मन्त्रालयका अनुसार चालू आवको चैत मसान्तसम्म सात सय ८१ उद्योग दर्ता भएका छन्। यसमध्ये सूचना प्रविधि क्षेत्रमा सबैभन्दा धेरै तीन सय ५९, पर्यटन मुलुक दुई सय ४२, कृषि तथा वन पैदावारमा आधारित १७, ऊर्जामूलक १५, उत्पादनमूलक ८४, खनिज ५ र सेवामूलक क्षेत्रमा ५९ वटा उद्योग दर्ता भएको मन्त्रालयले जनाएको छ। यी उद्योगमा कुल एक खर्ब ३० अर्ब लगानी प्रस्ताव आएको छ।

सिटिजन्सको अगुवाइमा मर्स्याङ्दी बेँसीमा साढे सात अर्ब ऋण लगानी



काठमाडौं/ मर्स्याङ्दी बेँसी जलविद्युत् आयोजनामा लगानी जुटेको छ। सिटिजन्स बैंक इन्टरनेसनलको नेतृत्वमा सहवित्तीयकरण व्यवस्थापन गरी सहवित्तीयकरण बैंकहरूले साढे अर्ब रुपैयाँ ऋण लगानी गर्ने गरी सम्झौता भएको छ।

आयोजनाको प्रवर्द्धक कम्पनी दिव्यज्योति हाइड्रोपावर लिमिटेड र लगानीकर्ता बैंकहरूबिच वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरण कर्जा सम्झौतामा हस्ताक्षर भएको छ। ५० मेगावाटको उक्त परियोजना गण्डकी प्रदेशको लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिका र बेँसीसहर नगरपालिकामा निर्माण हुनेछ।

परियोजनाको अनुमानित लागत ११ अर्ब ३० करोड रुपैयाँ छ। यसमा ६७ प्रतिशत ऋण र ३३ प्रतिशत रकम स्वपुँजी प्रवर्द्धक कम्पनीबाट जुटाइनेछ। आयोजना निर्माण चार वर्षभित्र सम्पन्न गरी विद्युत् उत्पादन सुरु गर्ने लक्ष्य राखिएको छ। उत्पादन हुने बिजुली नेपाल विद्युत् प्राधिकरणको उदीपुर सबस्टेसनमा जोडिनेछ। कम्पनीका अनुसार आयोजनाबाट हिउँदमा ११२.०९९ गिगावाट प्रतिघण्टा र वर्षायाममा २००.५०३ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुने अनुमान छ। यसरी वार्षिक कुल ३१२.६०२ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुने बताइएको छ।

सिटिजन्स बैंक इन्टरनेसनलले हालसम्म ४२ वटा जलविद्युत् आयोजनामा लगानी गरिसकेको छ। यसमध्ये १६ वटा आयोजना निर्माण सम्पन्न भइसकेका छन् भने २६ वटा निर्माणाधीन छन्। बैंकले १८ वटा आयोजनामा अगुवा, तीनवटामा सहअगुवा, १७ वटामा सहभागी र चारवटामा एकल रूपमा लगानी गरेको छ।

नेपाल-श्रीलंकाबिच सीमापार भुक्तानी सुरु



काठमाडौं/ नेपाल र श्रीलंकाबिच क्रस बोर्डर (सीमापार) भुक्तानी सुरु गरिएको छ। अन्तरदेशीय डिजिटल भुक्तानी कारोबारलाई थप सरल र सुरक्षित गर्न नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) र श्रीलंकाको लंका-पेबिच सीमापार भुक्तानीको थालनी भएको छ। यो व्यवस्थाले श्रीलंका भ्रमण गर्ने नेपाली यात्रुले कनेक्ट आइपिएस वा अन्य मोबाइल बैंकिङ एपमार्फत श्रीलंकामा रहेका चार लाखभन्दा बढी लंका-पे क्युआर मर्चेन्टमा स्क्यान गरी सजिलै भुक्तानी गर्न सक्नेछन्।

श्रीलंकाको कोलम्बोमा आयोजित एक कार्यक्रममार्फत सीमापार भुक्तानीको घोषणा गरिएको हो। कार्यक्रममा नेपाल राष्ट्र बैंक, सेन्ट्रल बैंक अफ नेपाल, एनसिएचएल लंका-पे तथा दुवै देशका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको उपस्थितिमा थियो।

यस व्यवस्थाअनुसार नेपाली प्रयोगकर्ताले नेपालका हाल सहभागी डिजिटल भुक्तानी एपमार्फत श्रीलंकामा लंका क्युआर स्क्यान गरी भुक्तानी गर्न सक्नेछन्। यो सेवा अहिले लक्ष्मी सनराइज बैंकले इस्युअर बैंकका रूपमा सुरु गरेको छ। आगामी दिनमा अन्य मोबाइल बैंकिङ एपमा पनि यो सुविधा थपिने एनसिएचएलले जनाएको छ।

यो सुरुवात दक्षिण एसियाली देशबिच डिजिटल भुक्तानीको क्षेत्रीय अन्तरआबद्धताका लागि कोसेढुंगाका रूपमा लिइएको छ। यसले सुरक्षित, रियल टाइम तथा अन्तरआबद्ध माध्यम प्रदान गर्दै दुई देशबिच भुक्तानी इकोसिस्टमलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ।

नेपाल एसबिआई बैंकद्वारा वीरगन्जका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले पर्साको वीरगन्जस्थित महानगरपालिकाका आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेको छ। बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विद्यालयका सम्पूर्ण विद्यार्थीलाई स्कुल ब्याग तथा शैक्षिक सामग्री प्रदान गरेको हो। बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले विद्यालयका प्रधानाध्यापकलाई उक्त सामग्री हस्तान्तरण गरेका हुन्।

नेपाल एसबिआई बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय-समयमा गर्दै आइरहेको छ। बैंकले विगत ३२ वर्षदेखि बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

जालपादेवी केबलकार दुई महिनाभित्रै सञ्चालनमा ल्याउने तयारी




काठमाडौं/ आइएमई समूहले कैलालीको चिसापानीमा निर्माण गरिरहेको जालपादेवी केबलकार आगामी दुई महिनाभित्र सञ्चालनमा ल्याउने तयारी गरेको छ। कम्पनीले निर्माणकार्य अन्तिम चरणमा पुगेको भन्दै निर्धारित समयमै परियोजना सम्पन्न हुने दाबी गरेको हो। नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष तथा जालपादेवी केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले निर्माण गर्ने आयोजना निर्धारित समय, लागत र गुणस्तरमा नै पूरा गर्ने क्षमता प्रमाणित भएको बताए। उनले जालपादेवी केबलकार पनि निर्धारित समयमै सञ्चालनमा आउने बताए।

'निजी क्षेत्रले जिम्मा लिएका परियोजना तोकिएको समय, बजेट र गुणस्तरमा सम्पन्न गर्दै आएको छ,' ढकालले भने, 'हामीले करिब ११ महिना पहिले जालपादेवी केबलकार आयोजनाको निर्माण सुरु गरेका थियौँ। यो आयोजना पनि हामी निर्धारित समयमै सञ्चालनमा ल्याउँदै छौँ।'

आइएमई समूहले कैलालीको लम्कीचुहा नगरपालिका- ३ स्थित चिसापानीदेखि मोहन्याल गाउँपालिका- ७, राजकाँडासम्म ३.१ किलोमिटर लामो केबलकार निर्माण गरिरहेको छ। कुल पाँच अर्ब रुपैयाँ लगानी रहेको परियोजनामा बटम स्टेसनमा होटेल, क्यासिनो, ब्यांक्वेट हललगायत संरचना निर्माण गरिनेछ भने टप स्टेसनमा रिसोर्ट, मन्दिर, स्काई वाक, वाकिङ ट्रेल, रेस्टुरेन्ट तथा बाल उद्यानलगायत पर्यटकीय पूर्वाधार विकास गरिने कम्पनीले जनाएको छ। अध्यक्ष ढकालले पर्यटन पूर्वाधारमा लगानी विस्तार नगरी नेपालले अपेक्षित आर्थिक रूपान्तरण हासिल गर्न नसक्ने बताउँदै पर्यटनले मात्र नेपालको आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा ठुलो परिवर्तन ल्याउन सक्ने बताए।

सिजी मेरिडियाको ड्रिप कफी मेकर



काठमाडौं/ इलेक्ट्रोनिक्स तथा होम एप्लायन्स ब्रान्ड सिजीले ड्रिप कफी मेकर सार्वजनिक गरेको छ। कम्पनीले यसअघि बजारमा ल्याएको 'एस्प्रेसो मेकर' छोटो अवधिमै कफी पारखीको रोजाइमा परेको बताउँदै ड्रिप कफी मेकर ल्याएको जनाएको छ। नेपालमा बढ्दो कफी संस्कृतिलाई ध्यानमा राख्दै आफ्नो स्मार्ट डोमेस्टिक एप्लायन्सेस पोर्टफोलियोलाई थप विस्तृत बनाइएको कम्पनीले जनाएको छ। अब कफी पारखीले घर वा अफिसमै क्याफेको जस्तै फ्रेस ब्रुअड कफी आनन्द लिन सक्नेछन्। 'ड्रिप कफी' घर र कर्पोरेट अफिसमा सबैभन्दा धेरै रुचाइने सरल 'ब्रुइङ' विधि हो। तातो पानी बिस्तारै कफीको धुलोमाथि तप्किएर बन्ने यो विधिले कफीको प्राकृतिक सुगन्ध र स्वादलाई उत्कृष्ट रूपमा बाहिर ल्याउने कम्पनीको दाबी छ।

ड्रिप कफी मेकर १.२५ लिटरको ग्लास क्याराफे क्षमतामा आउँछ। यसमा रहेको ७५० वाटको पावरले कम समयमा तात्तातो र स्वादिलो कफी तयार पार्ने बताइएको छ। त्यसैगरी, यसमा जडित वर्मिङ प्लेटले कफी चिसो हुने समस्यालाई अन्त्य गर्छ।

Qatar मा रोजगार Elegancia Facilities Management, Qatar

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/०८/२२ चलानी नं. ६०२४८७४३ LT No.: 334969

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Labour	21	साधारण	1000	८१,९८०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता २०८३ जेष्ठ ८ गते (22 May, 2026) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौमा हुनेछ।

POWER EMPLOYMENT PVT. LTD.
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Contact Person : 9843210286 (Padam Prasad Bhetwal)
Email : poweremployment.np@gmail.com

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
कर्पोरेट कार्यालय : तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३/०२/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको तपसिलको शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुको ऋण कर्जाको समय समयमा तिर्न बुझाउनपर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको एवं **ऋणी उमेश दाहाल**को मिति २०८२/१२/०४ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा र **ऋणी बलराम सुनुवार** मिति २०८२/०९/१३ गतेको न्यूज 24 राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने तथा मिति २०८३/०१/११ गतेको आर्थिक राष्ट्रिय दैनिकमा धितो लिलाम विक्रीको १५ दिने तथा ऋणी **जय बाबा अन्हेरबाट पशुपालन फार्मको** मिति २०८२/०२/२५ गते को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र मिति २०८२/०९/०३ गतेको आर्थिक राष्ट्रिय दैनिकमा धितो लिलामको १५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी फाइनान्सको नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा उक्त सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने सो खुलाई इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि आफूले कबुल गरेको रकमको १०(दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस फाइनान्समा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सो को लगतै फाइनान्स खुलेको दिन) फाइनान्सको केन्द्रीय कार्यालय,तिनकुने, काठमाण्डौमा दिउसोको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा फाइनान्स आफैंले सकार गरि लिने समेत सम्पूर्ण अधिकार यस फाइनान्समा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु.१०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस फाइनान्समा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथे कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक एवं सम्बद्ध सबैलाई नियम अनुसार कालो सूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र फाइनान्समा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको।

तपसिल :

ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
१. **ऋणीको नामः बलराम सुनुवार** बाबुको नाम : भरत सुनुवार बाजेको नाम : सहदेव सुनुवार स्थायी ठेगाना : सुडाल गा.बि.स. वडा नं.-०७, भक्तपुर हालः भक्तपुर न.पा. वडा नं.-१०, भक्तपुर ना.प्र.नं: २९-०१-७०-०३६७१ जारी मितिः २०७०/०८/२४ जारी जिल्लाः भक्तपुर **कर्जा शिर्षकः व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालय : बनेपा, काभ्रे**	**क) नाम : कल्पना सुनुवार** बाबुको नाम : मनहरि विश्वकर्मा बाजेको नाम : हर्क ब. विश्वकर्मा स्थायी ठेगानाः महामन्जुश्री नगरकोट न.पा. वडा नं.-०७, भक्तपुर हालः भक्तपुर न.पा. वडा नं.-१०, भक्तपुर ना.प्र.नं: २९-०१-७२-०२७८६ जारी मितिः २०७२/०६/१२ जारी जिल्लाः भक्तपुर

सुरक्षण धितोको विवरणः सहदेव सुनुवारको नाति भरत सुनुवारको छोरा बलराम सुनुवारको जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर वडा नं.-०७ स्थित कित्ता नं. ३४६९ को क्षेत्रफल ०-६-०-० (रोपनी) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण	सुरक्षण धितोको विवरण
२. **ऋणीको नाम : उमेश दाहाल** बावुको नाम : पुरुषोत्तम दाहाल बाजेको नाम : केशर प्रशाद दाहाल ठेगाना : हरिवन न.पा. वडा नं. ०४, सर्लाही ना.प्र.नं: ३६४१२५६२, जारी मितिः २०६३/०३/१३ जारी जिल्लाः सर्लाही **कर्जा शीर्षक : कर्मचारी सामाजीक कर्जा र Staff Vehicle Loan** **शाखा कार्यालय : केन्द्रीय कार्यालय, तिनकुने, काठमाण्डौ**	यातायात व्यवस्था कार्यालय नारायणी, विरगंजमा यस संस्थाको नाममा दर्ता भई उमेश दाहाल ऋणी कायम रहेको निम्न अनुसारको स्कुटर। **सवारी दर्ता नं. प्र.०२-०३-०२१ प ०८८०** ईन्जिन नं. AK3LM2005814, च्यासिस नं. MD626AK30M2L05957 मोडलः TVS NTORQ

ऋणीको नाम, ठेगाना र तिन पुस्ते विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
३. **ऋणीको नाम : जय बाबा अन्हेरबाट पशुपालन फार्म** ठेगाना : क्षिरेश्वरनाथ न.पा.-०१, धनुषा दर्ता नं. : १०२६९/११९/०७५/०७६ दर्ता मिति : २०७५/०४/३१ पान नं. : ६०८४६३०१४ दर्ता मिति : २०७५/०६/०१ **प्रोप्राईटर/व्यक्तिगत धनजमानीकर्ताका नामः राम बहादुर यादव** बावुको नाम : शिव सागर यादव बाजेको नाम : मकसुदन यादव ठेगाना : रमदैयाभवाडी-०२, धनुषा ना.प्र.न.: ७६९०२८६१ जारी मितिः २०५४/०४/०१, जारी जिल्लाः धनुषा **कर्जा शीर्षक : एकिकृत कृषि कर्जा** **शाखा कार्यालय : क्षिरेश्वरनाथ**	**क) नामः उषा कुमारी यादव** बावुको नाम : राज नारायण यादव बाजेको नाम : गेना राय ठेगाना : रमदैयाभवाडी-०२, धनुषा ना.प्र.नं. : १७३०९३/८९० जारी मितिः २०६३/११/३०, जारी जिल्लाः धनुषा **सुरक्षण धितोको विवरणः** मकसुदन यादवको नाति शिव सागर यादवको छोरा राम बहादुर यादवको नाममा जिल्ला मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता रहेको रमदैयाभवाडी-०५, धनुषा स्थित कित्ता नं. ५३५ र ७२७ को क्षेत्रफल क्रमशः ०-३-१०-० र ०-०-१५$^{१/२}$ (बिघा) रहेको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

पुनश्चः ऋणी धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादे भित्र शिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा फाइनान्स आफैले सकार गर्दा समेत साविकमा फाइनान्सबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा फाइनान्स आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा फाइनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै त्यहाँहरुबाट फाइनान्सको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा फाइनान्स आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरी फाइनान्सलाई हस्तान्तरण गर्नुहुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाइनान्स आफैले सकार गर्दा समेत फाइनान्सको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ।

धितो लिलामी सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम फाइनान्सको सम्बन्धित शाखा कार्यालय वा कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखिला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दे-दस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा फाइनान्सको कर्पोरेट कार्यालय, तिनकुने वा सम्बन्धित शाखामा सम्पर्क राख्नुहोला।
४. धितो लिलाम गोप्य शिलबन्दी बोलपत्रमा भागलिने व्यक्तिले कबोल अंकको कम्तीमा १० प्रतिशतले हुने रकम प्रोग्रेशिभ फाइनान्स लिमिटेडको कार्पोरेट अफिसमा रहेको Payable Auction Deposit नामको खाता नं. ५०११०००००००५९२ मा नगद/चेक जम्मा गरी वा प्रोग्रेशिभ फाइनान्स लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque धरौटी राख्नु पर्नेछ अथवा रकम जम्मा गरेको प्रमाण /सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। बाँकी रकम धितो बिक्री जनाउ पाएपछि दाखिला गरी धितो नामसारी गरिनेछ।
५. अन्य जानकारीका लागि संस्थामा सम्पर्क गर्नुहोला।

नबिल बैंक लिमिटेड, सयल शाखा, डोटीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८३/०२/०१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबै लाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको फर्म र ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण

औद्योगिक व्यवसाय ऐन २०७३ को दफा ५ को बमोजिम प्रदेश सरकार उद्योग पर्यटन वन तथन वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति राजपुर, डोटीमा, मिति २०५८/१२/२९ मा उद्योग दर्ता नं ४५२/०५८/०५९ अन्तर्गत दर्ता भएको **जय भवानी कन्स्ट्रक्सन**।
ठेगाना : डोटि जिल्ला, दिपायल सिलगढी न.पा वडा नं.०६।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः
नरजित ऐरको नाती, काले ऐरको छोरा, डोटी जिल्ला खातिवाडा गा.वि.स.वडा नं ३ स्थायी ठेगाना भई हाल डोटी जिल्ला दिपायल सिलगढी न.पा.वडा नं.६ बस्ने, ना.प्र.न ६८१००७/१११२ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. डोटी, जारी मितिः बि.सं. २०६७/११/२५), भएको **गणेश वहादुर ऐर**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

काले ऐरकी बुहारी, गणेश वहादुर ऐरकी पत्नी, डोटी जिल्ला खातिवाडा गा.वि.स.वडा नं ३ स्थायी ठेगाना भई हाल डोटी जिल्ला दिपायल सिलगढी न.पा.वडा नं.६ बस्ने, ना.प्र.नं. ६८१००७/१४६९ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. डोटी, जारी मितिः २०७०/०९/०८) भएकी **रुपा भण्डारी (ऐर)**।

धितोको विवरण

सवारी साधनको विवरणः
ऋणी **जय भवानी कन्स्ट्रक्सन** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्र ३-०१-००३ क ६३२२ भएको Excavator.

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मिति २०८३/०२/०१ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनु भएको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने अवधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८१/१२/१२ गते मंगलवारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको सो सूचनाहरु वमोजिमे कर्जा चुक्ता भुक्तान नगरेको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८२/१२/१७ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचनाहरु वमोजिम कर्जा चुक्ता भुक्तान नगरेको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचकना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०२/०८ गते शुक्रवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।
पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा ब्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

१. ऋणी : नेपाल सरकार, उद्योग , वाणिज्य तगा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०४/१७ मा दर्ता नं. २६६३२५/०७८/०७९ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू), बाट मिति २०७८/०४/२० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१००४०१५१ को प्रमाणपत्र प्राप्त **गिभ्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**।
कम्पनीको ठेगाना : नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १६, डण्डा (बर्दघाट सुस्ता पुर्व)।

सञ्चालक तथा जमानतकर्ता	जमानतकर्ता
सञ्चालक तथा जमानतकर्ता : प्रदिप महतो (ना.प्र.नं. ३६२०२६।१८१, जारी मिति २०६५/०९/०९, जि.प्र.का. तवलपरासी)। ठेगाना : नवलपरासी जिल्ला कुमारवर्ती गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश नवलपरासी जिल्ला कावासोती नगरपालिका वडा नं. १६, डण्डा (बर्दघाट सुस्ता पुर्व)। बाबु : औकाराम महतो। बाजे : बहादुर प्रसाद महतो।	**जमानतकर्ता : विक्रम कुमारी महतो** (ना.प्र.नं. ९३७, जारी मिति २०४६/०२/०७, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी जिल्ला कुमारवर्ती गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश नवलपरासी जिल्ला कावासोती नगरपालिका वडा नं.१६, डण्डा (बर्दघाट सुस्ता पुर्व)। पति : औकाराम महतो। ससुरा : बहादुर प्रसाद महतो।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. प्रदिप महतोको नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी जिल्ला अग्यौली गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३क स्थित कित्ता नं. ६२२ र ६२० को क्षेत्रफल ०-०-११-० र ०-०-४.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
२. ऋणी गिभ्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण १

नोट : धितो वापत यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) को नाममा रहेका निम्नानुसारको सवारी साधन यस बैंकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

- प्रदेश सरकार प्रदेश नं.२ भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, नारायणी सवारी, पर्सा, विरगंज, नेपालमा यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को नाममा दर्ता भई धनी यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी गिभ्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. रहेको प्रदेश २-०३ ००१-ख-५०९९ ईन्जिन नं. 12D63864617 च्यासिस नं. AT448137M3R09136 को HCV Tipper १
- प्रदेश सरकार श्रम तथा यातायात मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, वागमती प्रदेश, मकवानपुर, नेपालमा यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को नाममा दर्ता भई धनी यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी गिभ्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. रहेको वागमती प्रदेश ०३-००१ ख ११६७ ईन्जिन नं. 81M63752790 च्यासिस नं. MAT447234J3R39350 को HCV Truck ..१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) बाट** प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

■ ३३ खेलकुद संघलाई राखेपको चेतावनी

१५ असारसम्म नवीकरण नगरे निलम्बन

दर्ता भएका ७७ मध्ये ३३ संघ तथा संस्थाले नवीकरण गरेका छैनन् । निर्धारित समयमा नवीकरण नगर्दा खेलकुद विकास ऐन, २०७७ को दफा २२ अनुसार निलम्बनमा पर्नेछन्

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आगामी १५ असारभित्र ३३ विभिन्न संघ र संस्थालाई नवीकरण गर्न निर्देशन दिएको छ । राखेपले बिहीबार सार्वजनिक सूचना जारी गर्दै निर्धारित समयभित्र नवीकरण गर्न र नगरेको खण्डमा प्रचलित कानुनअनुसार संघ नै खारेज हुने चेतावनीसमेत दिइएको छ । राखेपमा अहिले ७७ संघ रहेका छन् । राखेपमा दर्ता भएका ४२ संघले भने वार्षिक रूपमा नवीकरण गरेका छन् ।

'राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा नियमावली, २०७९ बमोजिम नवीकरण गर्न पटक-पटक सूचना प्रकाशन गर्दा पनि हालसम्म प्रचलित कानुनबमोजिम अनिवार्य कार्यान्वयन गर्नुपर्ने, संगठन संरचनाको निर्माण, समयमै निर्वाचन, नवीकरण तथा प्रचलित कानुनबमोजिम अनिवार्य रूपमा गर्नुपर्ने विषय हालसम्म पनि कार्यान्वयन गरेको देखिएको छैन,' राखेपको सूचनामा भनिएको छ ।

राखेपले खेलकुद विकास ऐन, २०७७ को दफा २२ को (२) र (४), दफा २३ र २४ तथा दफा २८ प्रक्रिया पूरा नगरेका संघ र महासंघलाई कारबाही गरिने जनाएको छ । नवीकरण नगर्नेहरूमा प्रमुख संघहरू नेपाल क्रिकेट संघ, ओलम्पिक कमिटी, कराँते महासंघ, भारोत्तोलन, कुस्ती, उसु, उमाकुफु, पारा ओलम्पिक, पौडी, ट्रायथल र कुराँसले नवीकरण गरेका छैनन् ।

संघले नवीकरण गर्न आफ्नो वार्षिक प्रतिवेदन, विधान, भावी योजना, लेखा परीक्षण र कम्तीमा एउटा राष्ट्रियस्तरको प्रतियोगिता गरेको कागजपत्र राखेपमा प्रस्तुत गर्नुपर्नेछ । राखेपका सदस्यसचिव रामचरित्र मेहताले नवीकरण नगरेको संघ तथा संस्थालाई मान्यता नदिने बताएका छन् । 'संघहरूले विधि पुऱ्याएर नवीकरण गर्नुपर्छ, प्रक्रिया पूरा नगरी आउने संघको नवीकरण हुँदै छ,' मेहताले भने, 'ती संघहरूलाई सरकारबाट हुने सहयोग पनि दिँदैनौं ।'

राखेपका निवर्तमान सदस्यसचिव टंकलाल घिसिङले आफ्नो चार वर्षको कार्यकालमा अनावश्यक रूपमा स्थापना भएका दुई सयभन्दा बढी संघलाई घटाएर सुरुमा ६४ संख्यामा झारेका थिए । उनले वर्षौंदेखि राष्ट्रिय प्रतियोगिता नगरेका र नाममा मात्रै सीमित संघलाई खारेज गरेका थिए । अहिले राखेपमा ७५ वटा संघ दर्ता छन् । ३३ संघले नवीकरण गर्न बाँकी रहेको छ । बाँकी संघले नवीकरण गर्ने कुनै आधार नै नदेखाएपछि राखेपले मिति तोकेर संघ खारेज गर्ने चेतावनी दिएको हो ।

नवीकरण नगरे कानुनबमोजिम कारबाही हुन्छ

● **रामचरित्र मेहता**, सदस्यसचिव, राखेप



हामीले पटक-पटक ती संघ र संस्थाहरूलाई नवीकरणका लागि सूचना प्रकाशन गरेका थियौं । तर, अहिलेसम्म पनि उहाँहरू नवीकरणका लागि आउनुभएको छैन । प्रचलित कानुनबमोजिम अनिवार्य कार्यान्वयन गर्नुपर्ने सांगठनिक संरचनाको निर्माण, आवधिक निर्वाचन, नवीकरण तथा प्रचलित कानुनबमोजिम अनिवार्य रूपमा गर्नुपर्ने विषय हालसम्म पनि कार्यान्वयन गरेको देखिएको छैन । तोकिएको समयभित्र नवीकरण नभएका प्रचलित कानुनबमोजिम कारबाही हुन्छ ।

निर्देशन उल्लंघन गरे हुन्छ ?

संघ तथा महासंघले नियम उल्लंघन गरे स्पष्टीकरण सोधेर निश्चित समयका लागि निलम्बनदेखि खारेजसमेत राखेपले गर्न सक्छ । राखेपको विधानको धारा २९ मा यस्तो व्यवस्था लेखिएको छ । दफा २९ को १, २, ३ र ४ मा संघलाई कारबाही गर्नेदेखि निलम्बनको व्यवस्था गरिएको छ । अटेरी गर्ने संघलाई सुरुमा निश्चित अवधि तोकी सर्तको पालना गर्न निर्देशन दिनेछ । त्यसपछि तीन महिनाका लागि निलम्बन गर्नेछ । राखेपको निर्देशन पालना गरे निलम्बन फुकुवा पनि मिल्छ । निलम्बन फुकुवा नभएमा कायम रहेको कार्यसमिति भंग गरी तीन महिनाभित्र अर्को कार्यसमिति निर्वाचन वा गठन गर्नेछ ।

नवीकरण गरिएका संघ

अखिल नेपाल फुटबल (एन्फा)	मोडर्न पेन्टाथलोन फेडेरेसन
टेबलटेनिस	एड्भेन्चर रनिङ
आर्चरी	अटोमोबाइल
एथ्लेटिक	बेसबल एन्ड सफ्टबल
ब्याडमिन्टन	बडी बिल्डिङ एन्ड फिट्नेस फेडेरेसन
बास्केटबल	साइकल फेडेरेसन
बक्सिङ	बहिरा ओलम्पिक
बुद्धिचाल	इक्युस्ट्रियन
फेन्सिङ	फुलकन्ट्याक कराँते फेडेरेसन
गल्फ	इन्टरनेस्नल तेक्वान्दो फेडेरेसन
हप्किडो	प्यारागुलाइडिङ संघ
हक्की	ग्वी
जुडो	स्कुल स्पोर्टस् फेडेरेसन
खो खो	सेपाताक्रो
च्याफ्टिङ एण्ड क्यानोइङ	सोताकान कराँते
सुटिङ	नेपाल स्केटिङ एन्ड स्केटबोर्डिङ संघ
तेक्वान्दो	टग अफ वार
टेनिस	वाडो रेयु कराँते डो
भलिबल	रेस्लिङ
क्वानमुकान कराँते डो	योगा स्पोर्टस्
अल्पिन स्कि फेडेरेसन	

नवीकरण नगरिएका संघ

क्रिकेट संघ (क्यान)	ऐकिडो
कबड्डी	साम्बो फेडेरेसन
ह्यान्डबल	कुमा कुइफ
नेपाल ओलम्पिक कमिटी	विश्वविद्यालयन खेलकुद
इस्पोर्टस्	जु जित्सु नेपाल
जिम्न्यास्टिङ	नेपाल बिलिआर्ड स्नुकर एन्ड पोल संघ
आइस हक्की	ब्रेकिङ डान्स
किकबक्सिङ	क्लाम्बिङ स्पोर्टस्
कराँते महासंघ	डन्डीबियो
राष्ट्रिय मुवाथाई	आइडो एन्ड केन्डो संघ
स्की	केन्पो खुकुरी मार्सलआर्ट
सफ्ट टेनिस	कुराँस
पौडी	राष्ट्रिय मार्सलआर्ट गेम्स
ट्रायथोलन	पांक्रेसन एथ्लेमा
भारोत्तोलन	पारा ओलम्पिक कमिटी
उसु	पेनकेन सिलाट मार्सलआर्ट
ओलम्पिक नेपाल संघ	

■ आइसिसी विश्वकप लिग-२

अमेरिकालाई हराउँदै स्कटल्यान्ड शीर्ष स्थानमा

नयाँ पत्रिका

अमेरिकालाई डकवर्थ लेविस नियमअनुसार दुई रनको रोमाञ्चक जित निकाली स्कटल्यान्ड आइसिसी विश्वकप लिग-२ को शीर्ष स्थान उक्लिएको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित ४७ ओभरमा ६ विकेट गुमाएर तीन सय २१ रनको योगफल खडा गरेको थियो । अमेरिकाले लक्ष्य पछ्याएको इनिङ्समा वर्षा भएको थियो ।

फिल्ड अम्पायर बुद्धि प्रधान र दुर्गा सुवेदीले डर्कवथ लेविसअनुसार अमेरिकालाई ३२ ओभरमा दुई सय ४८ रनको नयाँ लक्ष्य दिए । अमेरिकाले ३२ ओभरमा अमेरिकाले आठ विकेट गुमाएर दुई सय ४६ रन बनाउँदा स्कटल्यान्डले दुई रनको बाजी मारेको हो । नेपाल भ्रमणमा रहेको स्कटल्यान्डको यो लगातार दोस्रो जित हो । संयोग कस्तो रह्यो भने पहिलो खेलमा पनि स्कटल्यान्डले घरेलु टोली नेपाललाई दुई रनले नै हराएको थियो ।

जितसँगै स्कटल्यान्ड आठ टोली सहभागी रहेको विश्वकप लिग-२ मा ३८ अंकका साथ शीर्ष स्थानमा उक्लिएको हो । अमेरिका दोस्रो स्थानमा झरेको छ । स्कटल्यान्डको ३० खेलबाट ३८ तथा २५ खेलबाट अमेरिकाको ३६ अंक बटुलेको छ । विश्वकप लिग-२ मा सहभागी नेपाल १८ अंकसहित सातौं स्थानमा छ ।

मुक्कमलाको शतकीय इनिङ्स

अमेरिकाले स्कटल्यान्डलाई अन्तिम ओभरसम्म चुनौती दिएको थियो । अमेरिका इनिङ्सको कुनै पनि समयमा पछि परेको थिएन । तर, अन्तिम ओभरमा आवश्यक रन बटुल्न नसक्दा अमेरिका भिनो दुई रनले पराजित भयो । अमेरिकाले जितका लागि प्रतिओभर ६.२५ रनरेट पाएको थियो । अमेरिकाका चौथो क्रमका ब्याट्समयान सैतेजा मुक्कमलले आक्रामक रूपमा ब्याटिङ गरी शतकीय योगदान दिए । तर, उनले टोलीलाई जित भने दिलाउन सकेनन् । उनले केवल ७५ बलमा आठ छक्का र पाँच चौका प्रहार गरी एक सय चार रनको योगदान दिए । उनलाई पुछार र मध्यक्रमका ब्याट्समयानले गतिलो योगदान दिएनन् । अमेरिकाको ओपनर स्मित पटेलले ५६ बलमा एक छक्का र १२ चौकाको सहयोगमा ७२ रनको योगदान दिए । कप्तान मोनांक पटेल १२, शुभम रञ्जने १६ रनमा आउट भए । स्कटल्यान्डका ब्राड करी, ब्रान्डन म्याकमुलन र सफियान सरिफले समान दुई विकेट लिए ।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

तीन खेलाडीको अर्धशतक

स्कटल्यान्डको ब्याटिङमा तीन खेलाडीले अर्धशतक बनाएका छन् । ओपनर फिन्ले म्याक्रिथले १०२ बलमा ६ चौका र एक छक्कासहित सर्वाधिक ७७ रन बनाए । ब्रान्डन म्याकमुलनले ४० बलमा पाँच चौका र तीन छक्कासहित ५५ रनको योगदान दिए । माइकल ईग्लिसले ३२ बलमा आठ चौका र दुई छक्कासहित ५८ रन बनाएका हुन् । जर्ज मुन्सेले २० रन, माइकल लिस्क २८ तथा मार्क वाटले २५ रनको योगदान दिए । अमेरिकाका लागि जसदीप सिंह र सौरभ नेत्रभाल्करले समान दुई विकेट लिएका थिए ।

अम्पायर प्रधानले पूरा गरे ५० खेल

नेपालका अनुभवी अम्पायर बुद्धि प्रधानले एकदिवसीय अन्तर्राष्ट्रियमा ५० खेल पूरा गरेका छन् । अम्पायर प्रधानले बिहीबार आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत अमेरिका र स्कटल्यान्डबिचको खेलमा अम्पायर बन्दै ५० खेलको आँकडा छोएका हुन् । योसँगै प्रधान एकदिवसीय अन्तर्राष्ट्रियमा ५० खेल पूरा गर्ने पहिलो नेपाली अम्पायर बनेका छन् । उनले सन् २००६ मा केन्या र बर्मुडाबिचको शृंखलामार्फत एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा अम्पायरिङ सुरु गरेका थिए । दुई दशकमा उनले एसिया, अफ्रिका र युरोपमा अम्पायरिङ गरेका छन् । उनले एसियामा ३२ खेल, अफ्रिकामा १२ र युरोपमा ६ खेलमा अम्पायरको जिम्मेवारी निभाएका छन् ।

फिफा वरीयतामा नेपालको सुधार

फिफाले बिहीबार सार्वजनिक गरेको वरीयतामा पुरुषतर्फ नेपालले ६ र महिलामा दुई स्थान सुधार गऱ्यो





नयाँ पत्रिका

फिफा वरीयतामा नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले ६ स्थान सुधार गरेको छ । फिफाले बिहीबार मे महिनाको नयाँ वरीयता सार्वजनिक गर्दा नेपाल १७६औं स्थानमा रहेको छ । यसअघि नेपाल १८२औं थानमा थियो । नेपालले साउदी अरबमा सन् २०२७ मा हुने एएफसी एसियन कप छनोट प्रतियोगितामा एक जित निकालेको थियो । मलेसियाले नेपालविरुद्ध गैरखेलाडी समावेश गरेको प्रमाणित भएपछि एएफसीले नेपाललाई ३-० ले विजयी घोषणा गरेको थियो ।

यसै एक जितका साथ नेपालले फिफा वरीयतामा ६ स्थान सुधार गरेको हो । नेपालले ९१४ वरीयता अंक पाएको छ । नेपाल पछिल्लो चार अन्तर्राष्ट्रिय खेलमा पराजित भएको छ । यसैगरी, फिफाले महिलातर्फको वरीयता निकाल्दा नेपाली महिला टोलीले पनि स्थान सुधार गरेको छ । महिला टोलीले दुई स्थान सुधारेको हो । अहिले नेपाल विश्व महिला वरीयतामा ८६औं स्थानमा पुगेको छ । दक्षिण एसियाली राष्ट्र भारत भने दुई स्थान ओरालो लागेको छ । भारत ६९औं स्थानमा झरेको हो ।

पुरुषतर्फको वरीयतामा भारत दक्षिण एसियाली क्षेत्रमा शीर्ष स्थानमा छ । भारतले पाँच स्थान सुधार गरी १३६औं स्थानमा उक्लिएको छ । भारतले पछिल्लो खेलमा हङकङलाई २-१ ले हराएको थियो । भारतले यस सिजनमा तीनमध्ये दुई खेलमा जित निकालेको छ । यसैगरी, माल्दिभ्सले १७२ स्थान रक्षा गरेको छ । माल्दिभ्सले पनि एक स्थान सुधार गरेको हो ।

पाकिस्तान वरीयताकै पुछारमा

दक्षिण एसियाली राष्ट्रमा नेपाल, भारत र माल्दिभ्सले स्थान राम्रो बनाउँदा बंगलादेश भने एक स्थान ओरालो लागेको छ । बंगलादेश १८१औं स्थानमा रह्यो । यसैगरी, भुटान एकैपटक ६ स्थानमाथि उक्लिएको छ । भुटानले पछिल्लो खेलमा ब्रुनाईमाथि २-१ को जित निकाल्दा १८६औं वरीयता पायो । श्रीलंकाले तीन स्थान सुधार गऱ्यो । श्रीलंका अहिले १९१औं स्थानमा छ । फिफा वरीयताको सबैभन्दा पुछारमा पाकिस्तान रहेको छ । पाकिस्तान तीन स्थान ओरालो लागेको छ । एसियाली राष्ट्रमा जापान शीर्ष स्थानमा छ । जापान समग्र फिफा वरीयताको १८औं स्थानमा छ । इरानले एक स्थान गुमाएको छ । इरान अहिले २१औं स्थानमा रहेको फिफाले जनाएको छ । यसैगरी, दक्षिण कोरिया २५औं स्थानमा छ । एसियाली क्षेत्रमा दक्षिण कोरिया तेस्रो स्थानमा छ । दक्षिण कोरियाले यसपटक तीन स्थान गुमाएको हो ।

फ्रान्स फिफा वरीयताको शीर्ष स्थानमा

फ्रान्सले यसपटक दुई स्थान सुधार गरी समग्रमा फिफा वरीयताको शीर्ष स्थानमा उक्लिएको छ । फ्रान्सले पछिल्लो चारै अन्तर्राष्ट्रिय खेलमा जित निकालेको छ । फ्रान्सले सर्वाधिक १८७७ रेटिङ अंक पाएको छ । स्पेन भने शीर्ष स्थानबाट दोस्रोमा झऱ्यो ।

फ्रान्स र स्पेनबिच केवल एक रेटिङ अंकको फरक छ । विश्वकपको साबिक विजेता अर्जेन्टिना तेस्रो स्थानमा छ । अर्जेन्टिनाले १८७४ रेटिङ अंक बटुल्यो । इंग्ल्यान्ड भने यथावत् चौथो स्थानमा छ । यसैगरी, पोर्चुगल पाँचौं र ब्राजिल छैटौं स्थानमा छन् । ब्राजिलले एक स्थान गुमाउँदा पोर्चुगलले एक स्थान राम्रो बनाएको हो ।

■ पिएसजी लगातार पाँचौंपटक च्याम्पियन



एजेन्सी/ पेरिस सेन्ट जर्मेन (पिएसजी) लगातार पाँचौंपटक फ्रेन्च लिग वान च्याम्पियन बनेको छ । पिएसजीले दोस्रो स्थानको लेन्सलाई २-० ले हराउँदै एक खेल बाँकी रहँदै उपाधि रक्षा गरेको हो । पिएसजीलाई उपाधि पक्का गर्न बराबरी काफी थियो । पिएसजीको जितमा उस्मान डेम्बेले र इब्राहिमले समान एक गोल गरेका थिए । पिएसजीको सर्वाधिक ७६ र लेन्सले ६७ अंक बटुलेको छ । पिएसजीले शीर्ष स्थानमा ९ अंकको अग्रता लिएको हो ।

टेनिसका प्रदीप र नारायणी वर्ष खेलाडी

कास्कीमा रोहितराज पराजुली

टेनिसका प्रदीप खड्का र एथ्लेटिक्सकी नारायणी भण्डारी १०औं पोखरा स्पोर्टस् अवार्ड २०८२ को उत्कृष्ट खेलाडी बनेका छन् । पुरुषतर्फ प्रदीप र महिलामा नारायणी उत्कृष्ट खेलाडी घोषित भएका हुन् । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा भएको अवार्डमा बिहीबार भलिबलका राजन दर्लामीले पिपल्स च्वाइसको अवार्ड पारे ।

उनले फुटबलका दीप कार्की, एथ्लेटिक्सकी नारायणी भण्डारी, मुआथाई-आईटिएफ तेक्वान्दोकी सुस्मिता थापा र क्रिकेटका विपिन खत्रीलाई पछि पारे । यसैगरी, लाइफटाइम अचिभमेन्ट अवार्ड भने ओलम्पियन टीकाबहादुर बोगटीलाई दिइएको छ । कास्की जिल्ला क्रिकेट संघ वर्षको उत्कृष्ट संघ बनेको छ । वर्ष उत्कृष्ट पत्रकारिता अवार्ड दीननाथ बरालले पाएका छन् । क्रिकेटकी सुस्मा तामाङ स्पेसल अवार्डबाट सम्मानित भइन् । वर्ष उत्कृष्ट प्रशिक्षकमा एथ्लेटिक्सका सिद्धान्त अधिकारी घोषित भए ।



राजनले टेनिसका कुमार अधिकारी र तेक्वान्दोका रेखमाया गुरुङलाई पछि पारे । वर्ष उदीयमान खेलाडीको अवार्ड ब्याडमिन्टनकी निभा राईले हात पारे । एथ्लेटिक्सकी अनुस्का अधिकारी र तेक्वान्दोका सचिन सुनारलाई राईले पछि परेका थिए । पिपल्स च्वाइसका लागि पाँचजनालाई मनोनयन गरिएको आयोजक मञ्चका अध्यक्ष एमबी आस्थाले जानकारी दिए । प्रदेशका ११ जिल्लामा गत वर्ष उत्कृष्ट प्रदर्शन गरेकालाई सम्मान गरिएको हो । लाइफटाइम अचिभमेन्ट अवार्ड विजेताले चाँदीको करुवा पाएका छन् ।

वर्ष खेलाडी पुरुष, महिला र पिपल्स च्वाइसका विजेताले स्कुटर पाएका छन् । उदीयमान खेलाडी, प्रशिक्षक, पत्रकार, खेलकुद संघ-संस्था वा क्लब र स्पेसल अवार्ड पाउनेले ३५ हजार नगद र ट्रफी हात पारे ।

■ फिफा विश्वकप २०२६

समर्थकलाई अमेरिकामा भिसाबापतको धरौटी नलाग्ने

विश्वकपमा सहभागी हुने अल्जेरिया, केप भर्डे, आइभरी कोस्ट, सेनेगल र ट्युनिसियाका समर्थकलाई भिसासँग जोडिएको धरौटी रकम तिर्नुनपर्ने

एजेन्सी

सन् २०२६ को फिफा विश्वकप फुटबल प्रतियोगितामा सहभागी केही राष्ट्रहरूका समर्थकले अमेरिकी भिसासँग जोडिएको धरौटी रकम तिर्नुनपर्ने भएको छ । अमेरिकी प्रशासनले विश्वकपमा सहभागी हुने अल्जेरिया, केप भर्डे, आइभरी कोस्ट, सेनेगल र ट्युनिसियाका समर्थकलाई धरौटी रकम तिर्नुनपर्ने छुट दिएको हो । अमेरिकाले ५० राष्ट्रका यात्रुलाई भिसाको विभिन्न समूहअनुसार पाँच हजारदेखि १५ हजार अमेरिकी डलरसम्म धरौटी तिर्नुपर्ने नियम लागू गरेको थियो ।

तर, अहिले विश्वकपका केही खेलाडी र अफिसियललाई पहिले नै छुट दिइएको छ । अमेरिका, क्यानडा र मेक्सिकोको संयुक्त आयोजना हुने विश्वकप आगामी ११ जुनबाट सुरु हुँदै छ । अमेरिकाले समर्थन गर्नेलाई मात्र भिसा धरौटीमा छुट दिइएको जनाएको छ । यसबाहेक अन्य यात्रुहरूको हकमा भने धरौटी रकम यथावत् नै बनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको भिसासँग जोडिएको धरौटी रकम छुट दिएपछि समर्थकले राहतकधो महसुस गरेका छन् ।

अमेरिकाले भिसा अवधि नाघेर बस्ने जोखिम बढी भएका देशका नागरिकका लागि पाँच हजार, १० हजार वा १५ हजार अमेरिकी डलरसम्म धरौटी तिर्नुपर्ने नियम लागू गरेको थियो ।



विश्वकपमा टिकट किनेका अल्जेरिया, केप भर्डे, आइभरी कोस्ट, सेनेगल र ट्युनिसियाका समर्थकले धरौटी तिर्नुनपर्ने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । यसअघि नै विश्वकपमा सहभागी खेलाडी, प्रशिक्षक र केही अफिसियललाई यो नियमबाट छुट दिइएको थियो ।

फाइनलमा पहिलोपटक 'हाफटाइम सो' हुने

विश्वकप फाइनलमा पहिलोपटक 'सुपर बाउल' शैलीको भव्य 'हाफटाइम सो' आयोजना गर्ने घोषणा गरेको छ । १९ जुलाईमा अमेरिकाको न्यु जर्सीस्थित मेटलाइफ रंगशालामा हुने फाइनलमा म्याडोना, सकिरा र के-पप ब्यान्ड बिटिएस मुख्य आकर्षणका रूपमा प्रस्तुत हुनेछन् । फिफाका अनुसार यो विशेष सांगीतिक कार्यक्रम 'फिफा ग्लोबल सिटिजन एजुकेसन फन्ड'लाई सहयोग गर्न आयोजना गर्न लागिएको हो । बालबालिकाको शिक्षा र फुटबल पहुँच विस्तारका लागि १० करोड डलर संकलन गर्ने लक्ष्य छ । फिफा अध्यक्ष जियानी इन्फान्टिनोले खेलकुदको सबैभन्दा ठुलो मञ्चमा संगीत र फुटबललाई एकसाथ ल्याएर विशेष उद्देश्य पूरा गर्न लागेको बताए ।

'हरेक बालबालिकाले सपना देख्ने अवसर पाउनुपर्छ र हामी सबै मिलेर त्यो सम्भव बनाउन सक्छौं,' इन्फान्टिनोले भने, 'हाफटाइम सोको संयोजन चर्चित ब्यान्ड कोल्डप्लेका गायक क्रिस मार्टिनले गर्नेछन् ।' सुपर बाउल आफ्नो भव्य हाफटाइम सोका लागि विश्वभर चर्चित छ । यसले हरेक वर्ष विश्वका ठुला संगीत कलाकारले प्रस्तुति दिने गर्छन् । यसअघि माइकल ज्याक्सन, पल म्याककार्टनी, रोलिङ स्टोन्स, म्याडोना, प्रिन्स, ब्रुस स्प्रिङ्स्टिन र रिहानाले सुपर बाउलमा प्रस्तुति दिइसकेका छन् ।

फुटबलमा भने हाफटाइम सो सामान्य मानिँदैन । युरोपियन च्याम्पियन्स लिग फाइनलमा प्रायः खेलअघि सांगीतिक कार्यक्रम आयोजना गरिन्छ । फिफाले विश्वकप फाइनलको हाफटाइम सोलाई खेल, संस्कृति र उद्देश्यको संगमको ऐतिहासिक क्षणका रूपमा वर्णन गरेको छ ।

न्युजिल्यान्डको टोली घोषणा

न्युजिल्यान्डले विश्वकपका लागि अन्तिम टोली घोषणा गरेको छ । न्युजिल्यान्डले बिहीबार २६ सदस्यीय टोली घोषणा गरेको हो । न्युजिल्यान्डले तेस्रोपटक विश्वकपमा सहभागिता जनाउँदै छ । यसअघि टोलीले सन् १९८२ र २०१० मा विश्वकप खेलेको थियो । न्युजिल्यान्डले ओसियाना क्षेत्र छनोटको शीर्ष स्थानमा रहँदै १६ वर्षपछि विश्वकपमा पुनरागमन गरेको हो । समूह 'जी'मा न्युजिल्यान्ड, बेल्जियम, इजिप्ट र इरान छन् । न्युजिल्यान्डले १५ जुनमा इरानसँग खेल्दै विश्वकपको सुरुवात गर्नेछ । न्युजिल्यान्डले २१ जुनमा इजिप्ट र २६ जुनमा बेल्जियमको सामना गर्नेछ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com